"सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔं ।"

# नेगो बुलेटिन
# Negeo Bulletin

वर्ष ३२ | अंक २ | असोज २०७९





प्रकाशक

## नेपाल निजामती कर्मचारी संगठन
## केन्द्रीय कार्य समिति
बबरमहल, काठमाडौं, नेपाल




संगठन केन्द्रीय कार्य समितिको दोस्रो बैठक तथा प्रशिक्षण कार्यक्रम




नेगो बुलेटिन वर्ष ३२, अंक १ विमोचन



निजामती सेवा दिवस– २०७९ मैत्रीपूर्ण फुटबल




हरितालिका तीज कार्यक्रम–२०७९

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेगो बुलेटिन
# Negeo Bulletin

वर्ष ३२ | अंक २ | असोज २०७९

**सम्पादक सल्लाहकार**
लेखनाथ कोइराला
रेवन्त गौतम
ललीक बहादुर महर्जन
जीवन काफ्ले

**सम्पादक मण्डल**
युवाचन्द्र घिमिरे
केशवराज जोशी
ओम बहादुर कठायत
केदार प्रसाद खतिवडा
नगेन्द्र प्रसाद दाहाल
रेणुका सुवेदी
नवराज खतिवडा
मोहन नेपाल
सुमन खड्का
दिपक रिजाल
बीरेन्द्र बहादुर रोकाय

**कार्यालय व्यवस्थापन**
पदम बहादुर शाही
गणेश प्रसाद आचार्य
सुरेश कुमार पोखरेल

**प्रकाशक**
**नेपाल निजामती कर्मचारी संगठन**
केन्द्रीय प्रचार प्रसार तथा प्रकाशन विभाग
बबरमहल, काठमाडौं, नेपाल
फोन नं.: ०१४२५६९८५, ०१४२५६८९८
वेभसाईडः www.negeo.org.np
ईमेलः negeocc078@gmail.com

**मुद्रक**
**एनी टाइम प्रिन्टिङ प्रेस** (९८५११४८००५)

## सम्पादकीय

नेपालको पेसागत आन्दोलनलाई संस्थागत गर्ने र लोकतन्त्र प्राप्तिका लागि भएका आन्दोलनमा नेपाल निजामती कर्मचारी संगठनको अग्रणि भूमिका रहेको छ । निजामती कर्मचारीहरूको हक अधिकारको सुनिश्चितता, पेसागत मर्यादा र अनुशासन कायम गर्दै उत्प्रेरित गर्ने र सेवा प्रवाहमा वफादार कर्मचारीतन्त्र निर्माण गरी सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउन ट्रेड युनियनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समग्र रूपमा सार्वजनिक प्रशासन सुधारको बोध गर्दै निजामती कर्मचारीहरूको राष्ट्रियस्तरको ट्रेड युनियन मध्ये सबैभन्दा पहिलो, सशक्त र ठूलो ट्रेड युनियनको रूपमा नेपाल निजामती कर्मचारी संगठन स्थापनादेखि निरन्तर रूपमा लागिरहेको छ । निजामती सेवालाई परिस्कृत, मर्यादित, सेवामैत्री र सुशासनयुक्त बनाउन आफ्ना पेसागत हकहितको रक्षाका लागि लड्दा हामीले हाम्रा कर्मठ संगठकहरूलाई गुमाउनु परेको ईतिहास हामीसँग छ । संगठन केन्द्रीय कार्य समिति लगायत प्रदेश, जिल्ला/ विभागीय कार्य समितिले सञ्चालन गरेका गतिविधिहरूको संगालो नेगो बुलेटिनको यो अङ्क प्रकाशन गरेका छौं ।

परम्परावादी ट्रेड युनियन आन्दोलनबाट माथि उठेर सार्वजनिक सेवा प्रवाहका कमजोरी सुधार गर्न र सार्वजनिक प्रशासनको क्षेत्रमा प्रचलनमा आएका नविनतम आयामहरूलाई सेवा प्रवाहको हरेक विन्दुमा प्रयोगमा ल्याउन बहस तथा पैरवी गर्नु आवश्यक छ । शासन व्यवस्था, सरकारले गरेका हरेक निर्णयले कर्मचारी र आम जनतामा पार्ने प्रभावका विषय सधैंभरी हाम्रो चासोका विषय हुन्छन् । सार्वजनिक प्रशासनलाई व्यावसायिक, पारदर्शी र जवाफदेही बनाउँदै सुशासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउने ध्येयमा अटल छौं । हाम्रो यस प्रकाशनबाट संगठनले गरेका नियमित गतिविधिका अतिरिक्त पेसागत हकहितका लागि गरेका विभिन्न प्रयासको जानकारी सम्पूर्ण सदस्य तथा सरोकारवाला समक्ष पुर्याउने जमर्को पनि हो ।

दिगो शान्ति, तिव्र विकास र शीघ्र सेवाका माध्यमबाट सुशासन र समृद्धि कायम गर्ने संविधानको मूल लक्ष्य पूरा गर्नु स्थायी सरकारको रूपमा रहेको कर्मचारीहरूको दायित्व हो । संविधान जारी भएको आधा दशक पूरा हुँदा पनि संघीय निजामती सेवा ऐन जारी हुन सकेन् । यसको असरले प्रदेश र स्थानीय तहमा समेत कर्मचारी प्रशासन सञ्चालन सम्बन्धी कानून निर्माण हुन सकेन् । संविधान जारी भएपछि बनेको प्रतिनिधि सभाको कार्यकाल समाप्त भएको छ । देश हाल आम निर्वाचन उन्मुख छ । देशको राजनीति अत्यन्तै तरलता र ध्रुवीकरणको अवस्थामा छ । यस्तो अवस्थामा संघीय निजामती सेवा ऐन जारी गर्ने, प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन तत्काल जारी गर्ने सम्भावना कमजोर बनेको छ तथापि सरकारको बारम्बार ध्यानाकर्षण गराईरहेका छौं । स्वाधीन, समुन्नत र समाजवाद उन्मुख समृद्ध अर्थतन्त्र निर्माण गर्दै **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा पूरा गर्न अघिल्ला सरकारले लिएको नीतिले नै राष्ट्रको विकासको खाका निर्माण गर्ने हुँदा घोषित नीति कार्यान्वयनमा सरकारको एक महत्वपूर्ण सारथी बन्न कर्मचारी सदैव तत्पर छन् । प्रशासनिक विकृति र विसंगतिको विरुद्धमा सधैंभरी अग्रपङ्तिमा रहने अठोट समेत व्यक्त गर्दछौं ।

अन्त्यमा, संगठनले गरेका सांगठनिक लगायत विविध गतिविधिहरू समेटेर तयार गरिएको नेगो बुलेटिनको प्रकाशन गर्ने कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारी एवं महानुभावहरूमा हार्दिक आभार व्यक्त गर्दछौ । यस नेगो बुलेटिन अङ्क १ को प्रकाशन लगतै छोटो समयको तयारीमा प्रकाशन गरिएको हुँदा केही त्रुटी भएमा आगामी अङ्कमा सच्याउने प्रतिवद्धता व्यक्त गर्दै सम्पूर्ण संगठक तथा पाठकवर्गको सल्लाह र सुझावको समेत अपेक्षा गर्दछौं ।

धन्यवाद

# विषयसूची


ट्रेड युनियन आन्दोलनको केन्द्र बिन्दु नेपाल निजामती कर्मचारी संगठन (NEGEO) एक चर्चा १

सदस्यतासँग कर्मचारी कल्याण कोष किन ? ४

संघीय निजामती सेवा ऐन र संयुक्त ट्रेड युनियन सञ्जालको आन्दोलन ६

केन्द्रीय कार्य समितिको दोस्रो वैठकका निर्णयहरू : ११

नेपाल निजामती कर्मचारी संगठनद्वारा पेसागत महासंघ नेपाललाई पठाईएको नेपालको सार्वजनिक प्रशासनमा गर्नुपर्ने सुधार सम्बन्धी सुझावहरू ३१

निजामती सेवा दिवस, २०७९ ३६

केन्द्रीय विभागका गतिविधि ३७

प्रदेश कार्य समितिका गतिविधि ४४

जिल्ला/विभागीय कार्य समितिका गतिविधि ४८

प्रथम उपत्यका प्रदेश अधिवेशनमा प्रस्तुत सांगठनिक प्रतिवेदन ५४

प्रथम मधेश प्रदेश अधिवेशनमा प्रस्तुत सांगठनिक प्रतिवेदन ६४

# ट्रेड युनियन आन्दोलनको केन्द्र बिन्दु नेपाल निजामती कर्मचारी संगठन (NEGEO) एक चर्चा



**लेखनाथ कोइराला**
अध्यक्ष

**ऐतिहासिक पृष्ठभूमिः**

नेपालको निजामती क्षेत्रको ट्रेड युनियन आन्दोलनको विकासक्रम धेरै लामो छैन तथापि प्रभावको हिसावले अत्यन्तै महत्वपूर्ण छ। संसारको ट्रेड युनियन आन्दोलन समाजवादी र पूँजीवादी दुई धारमा विभाजित छ। समाजवादी धारको नेतृत्व WFTU ले गर्छ भने पूँजीवादी धारको नेतृत्व ITUC ले गर्छ। वि.सं. १९९३ मा जुटमिलको स्थापना भएपछि मनमोहन अधिकारी र गिरिजा प्रसाद कोईरालाको नेतृत्वमा छुट्टाछुट्टै ट्रेड युनियनको स्थापना भयो। वि.सं. २००३ मा संयुक्त रूपमा जुटमिलमा ट्रेड युनियनको आह्वानमा हडताल गर्ने काम भयो। वि.सं. २००९ मा महेश्वरमान छोचुँले न्यून वैतनिक कर्मचारी संघ स्थापना गरेर आन्दोलनको एक ईटा थप्ने काम भएको उल्लेख गरिएको पाईन्छ। तत्पश्चात भने नेपाल नर्सिङ्ग संघ, नेपाल चिकित्सक संघ लगायत संस्थाको स्थापना हुँदै २०३६ सालमा नेपाल राष्ट्रिय शिक्षक संगठनको स्थापना भएको थियो। २०४७ मा GEFONT, २०५१ मा CONEP, २०५४ मा DECONT, २०६८ मा JTUCC स्थापना भएसँगै नेपालको ट्रेड युनियन आन्दोलनले थप गति प्राप्त गरेको छ। नेपाल निजामती कर्मचारी संगठनको स्थापना २०४७ बैशाख ७ गते भएपछि निजामती क्षेत्रको पहिलो ट्रेड युनियनको रूपमा यसले मान्यता पाएको छ।

२०४७ को जनआन्दोलनका दोषीलाई कारवाही गर्ने र कर्मचारीका आर्थिक सुविधा वृद्धि लगायतका माग राखी २०४७ मा १० दिन र २०४८ मा ५६ दिन सम्म निरन्तर आन्दोलन संचालन भयो। आन्दोलन कार्यालयमा मात्र सिमित रहेन, सडकमा समेत गरियो। जिल्ला प्रशासन कार्यालयमा धर्ना दिने, सार्वजनिक सेवा अवरुद्ध गर्ने लगायतका आन्दोलनका कार्यक्रम दवाउन सरकार लाठी चार्ज गर्ने, गोली हान्ने जस्ता दमनका कारण सहीद जन्माउनेसम्मका आन्दोलनका स्वरूप संचालन गरिए। आन्दोलनका क्रममा मनोज जोशीलाई खोटाङमा सहीद बनाइयो। हजारौं आन्दोलनकारीलाई कारवाही गरियो। सातसय भन्दा बढी कर्मचारी जागिरबाट बर्खास्त गरियो। कैयौंलाई निलम्बन र झुटा मुद्धा लगाएर अपमानित गरियो। संगठनले सरकारसँग आन्दोलन स्थगनको संझौता गरिसकेपछि सरकारले संझौता उल्लंघन गर्दै व्यापक रूपमा कारवाही गरेको थियो। तत्कालीन नेपाली काँग्रेसका नेता गिरिजा प्रसाद कोइराला प्रधानमन्त्री भएको बेला पेसागत आन्दोलन प्रति भएको यो बर्वर दमनलाई संगठनले सरकारको कलंकको रूपमा चित्रित गरेको छ। पछिल्ला दिनमा विषय अनुसारका स-साना आन्दोलन हुँदै आएका छन्।

**अन्य ट्रेड युनियनसँगको सम्बन्धः**

यो क्षेत्रमा पाँचवटा राष्ट्रियस्तरका ट्रेड युनियन रहेका छन्। नेपाल निजामती कर्मचारी संगठनको मुख्य प्रतिस्पर्धी नेपाल निजामती कर्मचारी युनियन हो। युनियन पनि सदस्य संख्या, आधिकारिक ट्रेड युनियनको निर्वाचनमा प्राप्त मत र गुणस्तरको हिसावले हाम्रो

संगठन भन्दा निकै कमजोर रहेको छ। एकीकृत सरकारी कर्मचारी संगठन अस्तित्वको लागि मात्र गठन भएको र नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती) निरन्तर कमजोर हुँदै गएको छ । जसको कारण यि दुई संगठन दिर्घकालसम्म टिकिरहने सम्भावना कम छ, । मधेशमा मात्र केन्द्रित नेपाल मधेशी निजामती कर्मचारी मञ्च राष्ट्रिय  स्तरको ट्रेड युनियन नभएतापनि सहकार्यका लागि अन्य ट्रेड युनियनहरूले मान्यता दिदै आएका छन् ।

निजामती क्षेत्रका समग्र मुद्धालाई सरकारीस्तरमा दवाज श्रृजना गर्न सबै ट्रेड युनियनले सहकार्य  गर्दै आएका छन् । सबैभन्दा ठूलो संगठनको नाताले अन्य चारैवटा ट्रेड युनियन भन्दा आम कर्मचारीको  केन्द्र विन्दु र आर्कषणको  संस्था नेपाल निजामती कर्मचारी संगठन (NEGEO) नै हो । नेपाल निजामती कर्मचारी संगठनका पालिकास्तरसम्म कार्य समिति गठन भएका छन्, नेता, कार्यकर्ताको जिम्मेवारी बोध उदाहरणीय छ, जस्तोसुकै कठिनतम् र प्रतिकूलतामा पनि कार्यकर्तामा विचलन र निष्कृयता छैन । त्यसैले निजामती क्षेत्रको ट्रेड युनियन आगामी दिनमा दुईवटा मात्र रहने सम्भावना छ। साना र कमजोर ट्रेड युनियनलाई एकता, एकीकरणको लागि वातावरण बनाउँदै सबैसँग आवश्यकता अनुसार सह-अस्तित्व कायम राख्दै अगाडि बढ्नु आवश्यक छ।

**ट्रेड युनियन र सरकार वीचको सम्बन्धः**

कानूनी आधारमा ट्रेड युनियन आफ्नो हक,अधिकारका लागि संगठित हुन्छन् । अहिले निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० तथा स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम शान्तिपूर्वक आफ्ना माग राखी वार्ता, संवाद र सौदावाजीबाट निष्कर्षमा पुग्ने प्रावधान छ । यतिमात्र होईन, माग पूरा नभएमा बन्द हडतालसम्म गर्न कानूनले मार्गप्रसस्त गरेको छ । प्राप्त अधिकारको उपयोग गर्नमा भने ट्रेड युनियनहरू चुक्दै आएका छन् । आधिकारिक ट्रेड युनियनको समयावधि समाप्त भएको छ, आफ्ना स्वार्थ र कलहका कारणले निर्वाचन सम्भव भइरहेको छैन । आफ्नो अनुकूलको सरकार बन्दा मागपत्र पेश नगर्ने, दवाव सिर्जना नगर्ने र अलि प्रतिकूल सरकार गठन हुँदा क्रान्तिकारी भएर प्रस्तुत हुने मनोरोग ट्रेड युनियन देखिदै आएको छ। ट्रेड युनियन आन्दोलनलाई उचाँईमा पुग्न नदिने यो विषाक्त दृष्टिकोण परिवर्तन जरुरी छ।

ट्रेड युनियन सरकारको सहयोगी अंग पनि हुन, तर पनि आफ्नो प्रमुख भूमिकामा कहि कतै कमजोरी गर्नुहुन्न भन्ने मान्यता राख्न जरुरी छ । कर्मचारीका वर्गीय हितलाई सधै आफ्नो उद्देश्य र दृष्टिकोण वनाउनु पर्दछ। आवधिक सरकार जस्तो सुकै र जुनसुकै रूपको बनोस् हाम्रा मुद्धामा सहमत हुँदा सहयोग र समर्थन गर्ने, हाम्रा मुद्धामा असहमत र नकारात्मक हुँदा सशक्त विरोध र प्रतिवाद हाम्रो सिद्धान्त बन्नु पर्दछ। बेला बखतमा ट्रेड युनियनका नेताले गरेका त्रुटि कमजोरीका कारण अहिलेसम्म नागरिक, उच्च प्रशासक, राजनीतिक दलका नेतृत्वले हामीप्रति सकारात्मक धारणा बनाउन सकेको देखिँदैन यस प्रकारका कमजोरी नदोहोऱ्याउने प्रतिवद्धता पनि आजको आवश्यकता हो।

**प्राप्त उपलब्धिको रक्षा र थप प्राप्तिमा अग्रसरताः**

सार्वजनिक क्षेत्रमा संगठनको नेतृत्वमा धेरै महत्वपूर्ण उपलब्धि सम्भव भए । प्राप्त उपलब्धिमा सबै ट्रेड युनियनले जस लिन खोज्नु स्वभाविक पनि हो, तर सबै उपलब्धि नेपाल निजामती कर्मचारी संगठनको नेतृत्व र अगुवाईमा प्राप्त भएको हुँदा यसको श्रेय संगठनलाई जान्छ। प्रारम्भमा निजामती क्षेत्रमा बैचारिक आन्दोलनको जरुरत थियो । उच्च पदस्थले तल्लो पदका कर्मचारीलाई गर्ने व्यवहार लगायतमा परिवर्तन जरुरी थियो । आज हामीले यो काम सम्भव गरायौं भन्ने लाग्छ। श्रेणी विहिन कर्मचारी नेपाल सरकारको मुख्य सचिवसँग वार्ता, संवाद र सौदावाजी गर्न जाने सक्ने वातावरण आजको विशिष्ट उपलब्धि हो । आधिकारिक ट्रेड युनियनलाई संस्थागत त गरियो तर कानून बमोजिम माग पेश गर्ने वार्ता, सौदावाजी गर्ने काम भएन । त्यसैले यसको प्रभावकारीता मापन गर्ने हो भने पचास प्रतिशत पनि छैन । अव यो संस्थालाई सबै ट्रेड युनियनको नेतृत्वदायी र अग्रणी संस्था बनाउनु पर्दछ । आकिारिक ट्रेड युनियनको केन्द्रीय नेतृत्वमा

पठाइने व्यक्ति कुशल, बैचारिक र उदाहरणीय हुन पर्दछ भन्ने हेक्का राख्नु पर्दछ । महत्वपूर्ण प्राप्तिको रूपमा रहेको ट्रेड युनियन अधिकारको कारणले उच्चस्तरमा हुने गरेका धेरै मनोमानी, बेइमानी, भेदभाव र भ्रष्टाचारमा कमी आएको विषयमा हामी जानकार छौं ।

सेवा सुविधाको प्राप्तिमा निजामती अस्पताल, छात्रवृत्ति, आवास, विद्यालय, सावधिक विमा, कर्मचारी सञ्चय कोषबाट प्राप्त हुने स्वास्थ्य उपचार सेवा, २४ (घ)१को वढुवा, १ दिनको तलब बराबरको ग्रेड, पोसाक, करार सेवामा कार्यरत कर्मचारीहरूको सामाजिक सुरक्षा लगायतका महत्वपूर्ण उपलब्धि हुन् । यतिमात्र होइन, निजामती सेवामा आम नागरिकको आकर्षण कसरी बढाउने भन्नेमा हाम्रो चासो र चिन्ताको आवश्यकता छ। कर्मचारी वृतमा ट्रेड युनियनको अपरिहार्यता छ भन्ने चेतना भर्न सफल हुनु अर्को महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ। कहिलेकाहीँ ट्रेड युनियन अधिकारको बारेमा संकुचित विचार आइरहँदा यहि चेतनाका कारण परास्त गर्न सफल भइएको छ।

**११औं महाधिवेशन पश्चात्को बाटोः**

ऐतिहासिक रूपले सम्पन्न भएको ११औं महाधिवेशन, भव्यताका साथ सम्पन्न प्रदेशका अधिवेशन र महाधिवेशनपूर्व सम्पन्न पालिकास्तर र जिल्ला/विभागका अधिवेशनले संगठनलाई मुख्यरूपमा संगठनको एकता, प्रशिक्षण, सहकारी आन्दोलन, विधिबाट संगठन सञ्चालन लगायतलाई प्रमुख लक्ष्य निर्धारण गरेको छ, सबै संगठकको ध्यान र ध्येय यसैप्रति लक्षित हुन अनिवार्य छ।

विगतमा भएको नगन्य सांगठनिक क्षतिलाई न्यूनीकरण गर्ने काम प्रारम्भ भएका छन् । नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती) र एकीकृत सरकारी कर्मचारी संगठनबाट धेरै नेता कार्यकर्ताको प्रवेशले संगठनमा उर्जा र हौसला प्राप्त भएको छ। अरु पक्षसँग हामी निरन्तर सम्वाद र छलफलमा छौं । छिट्टै यसका सकारात्मक प्रभावहरू आउने छन् । सहकारी संस्थाहरूलाई एकीकरण गरी विशाल वनाउने र प्रभावकारी काम गर्न सक्ने संस्थाको रूपमा विकास गर्ने योजना संगठनले वनाएको छ। राष्ट्रसेवक सहकारीलाई संगठनको पहिचानसँग जोड्ने काममा शेयर सदस्य र संगठक लाग्नु पर्ने छ। ४० हजार सदस्यलाई केन्द्र देखि स्थानीय तहसम्म दुई वर्षभित्र प्रशिक्षणमा सहभागी गराई सक्ने बृहत् योजना कार्यान्वयको चरणमा छ । सहकारी शिक्षा, ट्रेड युनियन अधिकार, सुशासन, बजेट, जवज, संगठनिक कौशलता जस्ता महत्वपूर्ण विषयमा प्रशिक्षणका कार्यक्रम संगठनले सञ्चालन गर्ने छ।

२०७९ श्रावण २६-२८ गतेसम्म बसेको केन्द्रीय कार्य समितिको बैठकबाट पदाधिकारी/सदस्यको कार्यविभाजन, विभाग गठन, केन्द्रीय सदस्य मनोनयन, सचिवालय विस्तार लगायत दुरगामी महत्वका अन्य निर्णयहरू भएका छन् । संगठन सम्पर्क डायरी र नेगो बुलेटिनका प्रकाशनले संगठनका गतिविधिलाई सबैसँग परिचित गराउने काम भएका छन् ।

ट्रेड युनियन आन्दोलनलाई व्यवस्थित, प्रभावकारी र मर्यादित रूपमा अगाडि बढाउन सम्बन्धित सबैको सक्रिय, सकारात्मक सहभागिताको आवश्यकता छ।

# सदस्यतासँग कर्मचारी कल्याण कोष किन ?



**जीवन काफ्ले**
महासचिव

नेपाल निजामती कर्मचारी संगठनले सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारीको सेवा सुविधा र वृत्ति विकास लगायतका मागहरू राखी २०४८ सालमा ५६ दिने लामो आन्दोलन गरेको ऐतिहासिक अनुभव छ । तत्कालिन नेपाल सरकारले धेरै कर्मचारीलाई वर्खास्त गर्ने, निलम्बन गर्ने, बढुवा रोक्का गर्ने, तलब बृद्धि रोक्का गर्ने, घटुवा गर्ने र अपायक सरुवा गर्न लगायतका ऐन कानून विपरितअमानवीय व्यवहारको प्रदर्शन गर्यो, जसका कारण कर्मचारीहरूको आर्थिक स्थिति कमजोर बन्न गयो र कर्मचारीको दैनिक जीवनयापन समेत अत्यन्त कठिन बन्न पुग्यो । आन्दोलनलाई निष्कर्षमा नपुर्याउँदै आन्दोलनलाई कमजोर बनाउन "शिशु प्रजातन्त्र जोगाउँ आधा तलबमा काम गर्छौं" भन्दै कर्मचारीलाई विभाजित गर्न सरकार सफल भयो ।

संगठनको आह्वानमा भएको कर्मचारी आन्दोलनमा सकृय रूपमा सहभागी भएर सरकारको बर्वर दमनका कारण कारवाहीमा परेका कर्मचारीहरूको दयनीय बन्दै गएको आर्थिक अबस्थामा कुनै न कुनै रूपमा मलहम पट्टी गर्नु र संगठनमा आबद्ध समग्र कर्मचारीहरूलाई आर्थिक रूपमा मजवुत बनाउने, आर्थिक बचतको विकास गर्ने र एक अर्कामा आवश्यकता अनुसार आर्थिक सहयोगको भावनाको विकास गर्ने मुल ध्येयका साथ कर्मचारी कल्याण कोष मार्फत शुरु भएको अभियान अहिले राष्ट्र सेवक सहकारीका नाममा नेपालका हाल ६८ जिल्लामा सहकारीको स्थापना र सञ्चालन गरी करिब ३ अर्व पूँजी संकलन गरी उत्पादन मूलक क्षेत्रमा लगानीको सोचका दीर्घकालिन आयआर्जन गर्ने दिशामा कृयाशिल रहेको छ ।

संगठनले आफ्ना सदस्यहरूको आर्थिक पाटोमा आत्मनिर्भर बनाउने अभियानमा आकस्मिक दुर्घटना वा असाध्य रोग लागेमा सदस्यहरूलाई संगठनको तर्फबाट केही सहयोग गर्न सकियोस भन्ने पवित्र उदेश्यका साथ **सदस्यतासंग कर्मचारी कल्याण कोष योजना** अगाडि सारेको छ ।

- **कर्मचारी कल्याणकोषमा कसरी आबद्ध हुनेः**

संगठनले प्रत्येक आर्थिक वर्षलाई आधार मानेर (श्रावण १ गते देखी असार मसान्त सम्म) सदस्यता नविकरण वा सदस्यता वितरणको कार्य गर्दछ । संगठनले सदस्यता सँगसगैं कर्मचारी कल्याण कोषको आबद्धतालाई अनिवार्य गरेको छ । कर्मचारी कल्याण कोषमा आबद्धता वापत प्रत्येक सदस्यले रु. १००।– शुल्क बुझाउनु पर्दछ । सदस्यता प्रत्येक आर्थिक वर्षसम्म मात्र कायम रहन्छ तर कर्मचारी कल्याण कोषको आबद्धता **अर्को आर्थिक वर्षको असोज मसान्तसम्म गरेको छ।** किन यसो गरिएको हो भने संगठनको सदस्यता प्रत्येक असार मसान्तसम्म मात्र कायम रहन्छ । हरेक आर्थिक वर्षको शुरू अर्थात श्रावण १ गतेबाट सदस्यता नविकरण गर्नुपर्ने र हरेक आर्थिक वर्षको श्रावण र भाद्र महिना सदस्यता नविकरण वा वितरण अभियान महिना सञ्चालन हुने हुँदा सदस्यताको समाप्तिसंगै कर्मचारी कल्याण कोषको आबद्धता सकिएमा सो अवधिमा भएको क्षतिको परिपूरण व्यहोर्न कठिन हुन्छ जसका कारण सदस्यहरूलाई मार्का पर्न जान्छ, तसर्थ श्रावण र भाद्र महिनासम्ममा सदस्यता नविकरण वा वितरण गरेर असोज मसान्त सम्ममा केन्द्रीय कार्य समितिमा रेकर्ड

अध्यावधिक गरेमा कर्मचारी कल्याण कोषको आबद्धता निरन्तर रहन जान्छ । यसबाट संगठनमा आबद्ध भएका सदस्यहरूको औषधि उपचार तथा दुर्घटना भएमा एकमुष्ट सहयोगको कार्ययोजना सहित लागू भएको छ ।

- **कर्मचारी कल्याण कोषमा आबद्ध सदस्यले पाउने सुविधा के छनः**

कर्मचारी कल्याण कोषमा आबद्ध सदस्यको दुर्घटना परि मृत्यु भएमा निजको परिवारले रु. १,५०,०००।– (एक लाख पचास हजार रूपैया) रकम प्राप्त गर्ने छन । दुर्घटनामा परि पूर्ण अशक्त र पूर्ण अपाङ्ग भएमा त्यस्तो सदस्यले रु. ५०,०००।– पाउने छन । दुर्घटनामा परि उपचार गराउनु पर्दा उपचार खर्चमा मात्र हुने गरी चिकित्सकको सिफारिस अनुसार बढीमा रु. २५,०००।– (पच्चिस हजार रूपैया) उपलब्ध गराउने व्यवस्था छ । मृगौला, मुटु, क्यान्सर, रेनल फेलर, अल्जाईमर, पार्किन्सन, हेड/स्पाईनल ईन्जुरी, सिकलसेल एनिमिया र ब्रेन स्ट्रोक जस्ता रोगको उपचारका लागि चिकित्सकको प्रमाणित कागजातका आधारमा रु. २५,०००।– (पच्चिस हजार रूपैया) उपलब्ध गराउने व्यवस्था छ । कुनै सदस्यले पूर्ण अशक्त वा पूर्ण अपाङ्ग भए वापत पाउने रकम प्राप्त गरेपछि सोही आबद्धता अवधिभित्र मृत्यु भएमा निजको परिवारले थप रकम प्राप्त गर्ने छैन ।

- **दुर्घटना, पूर्ण अपाङ्ग वा पूर्ण अशक्त कस्तालाई मान्नेः**

दुर्घटना भन्नाले यातायातको सवारी साधनबाट दुर्घटना भएको, लडेको, खोला नदी तालमा परेको वा बगाएको, सर्पदंशमा परेको, अन्य विषालु किराको टोकाई, वन्यजन्तुको आक्रमणमा परेको, आगजनीमा परेको, आक्रमणमा परेको, विद्युतीय करेन्टमा परेको दुर्घटनामा परी ठूलो घाउचोट लागेकोलाई दुर्घटना मानी उपचार वा क्षतिपूर्ति रकम उपलब्ध गराउने व्यवस्था छ । दुर्घटनामा परि सधै वेडरेष्ट गर्नु पर्ने, शरीरको आधा अंग नचल्ने गरी प्यारालाइसिस भएको आफैं हिडडुल गर्न नसक्ने सधैं अर्काको साहरामा मात्र बाँच्नु पर्ने अवस्थालाई पूर्ण अपाङ्ग वा पूर्ण अशक्त मानी कर्मचारी कल्याण कोषबाट रकम उपलब्ध गराउने व्यवस्था गरेको छ ।

- **संगठनको सदस्यता किन लिने र कर्मचारी कल्याणकोषमा किन आबद्ध हुनेः**

संगठन आम निजामती कर्मचारीहरूको हकहित, अधिकार र सेवा सुविधाका लागी मात्र नभई सेवा प्रवाह सुधारका लागि विगत ३२ वर्ष देखि निरन्तर क्रियाशील संस्था हो । कर्मचारीका समस्याका बारेमा नेपाल सरकारसंग वार्ता सम्वाद र सौदावाजी गर्ने र त्यसलाई निष्कर्षमा पुर्याएका धैरै तथ्य छन । संगठन सरकारसँग मात्र निर्भर नरही आफ्ना सदस्य तथा आम निजामती कर्मचारीलाई आर्थिक रूपमा सबल बनाउन राष्ट्रसेवक हाईड्रो स्थापना गर्न निरन्तर लागि रहेको छ । राष्ट्रसेवक सहकारीका माध्यमबाट संगठन सदस्य तथा निजका परिवारको आर्थिक सहयात्री बनेको संगठन सदस्यतासंग कर्मचारी कल्याण कोषको माध्यमबाट आकस्मिक दुर्घटना तथा असाध्य रोगको उपचारको सहयात्री बन्ने मानवीय सहयात्राको थालनी गरेको छ । सदस्यतासंग कर्मचारी कल्याण कोषको शुल्क वार्षिक जम्मा रु. १००।–(एक सय रूपैंया) हालको बजार अवस्थालाई हेर्दा अतिनै न्युन हो । १८ वर्षको उमेरमा जागिरे जीवनमा प्रवेश गर्नु भएको भए र ६० वर्षसम्म निजामती सेवामा रहदा तपाईले बढीमा रु ४,२००।– (चार हजार दुई सय रूपैंया) बुझाउनु हुन्छ । आफ्नो सेवा अवधिमा तपाई दुर्घटनामा नपर्नुहोस्, असाध्य रोगको सामना गर्नु नपरोस संगठनले कामना गरिरहेको हुन्छ । तथापी दुर्घटना परिहालेमा वा असाध्य रोग लागेमा **सदस्यको नजिकको सहयोगी संगठन** बन्ने अभियानमा तपाई सबैको हातेमालो जरुरी छ । तसर्थ, संगठनको सदस्य लिन मिल्ने सबै कर्मचारीलाई संगठनको सदस्यता लिन, सदस्यतासंगको कर्मचारी कल्याण कोषमा आबद्धता जनाउन र आफ्नो सदस्यता विवरण असोज मसान्तभित्र केन्द्रीय कार्य समितिमा पठाउन सम्बन्धित कार्य समितिलाई उत्तरदायी बनाउने कार्यमा लाग्नु हुन सवैमा अनुरोध छ ।

# संघीय निजामती सेवा ऐन र संयुक्त ट्रेड युनियन सञ्जालको आन्दोलन



**युवाचन्द्र घिमिरे**
उप-महासचिव

नेपालको संविधान जारी भएको सात वर्ष पूरा भएको छ ।राज्य संघीय शासन प्रणालीमा प्रवेश गरे संगै संघ, प्रदेश र स्थानीय सरकारको निर्माण भई कार्यारम्भ गरेको पाँच वर्ष पूरा हुन लागेको छ । राज्यको पुनः संरचना संगै प्रशासनीक पुनः संरचना जरुरी थियो । संगठनको तीनै तहका सरकारमा रहने कर्मचारीहरूका लागी आवश्यक कानून निर्माण पश्चात मात्र प्रशासनिक पुनः संरचना गर्नुपर्छ भन्ने एक सुत्रीय माग तत्कालिन सरकारले सुनेन । आवश्यक कानून निर्माण नगरी अन्योलताका विच **"समायोजन ऐन, २०७५"** मार्फत कर्मचारी समायोजनका कामहरू भएका छन । समायोजनका क्रममा भएका त्रुटिहरूको सम्बोधन हुन नसक्नु, समायोजनबाट सृजित समस्याहरू यथावत रहनु र समायोजनका बाँकी कामहरू पूरा नहुनु राम्रो विषय होईन ।

संघीय संसद र प्रदेश सभाले समयमा आवश्यक कानूनहरू  निर्माण गर्नु पर्नेमा संघीय निजामती सेवा ऐन समयमा जारी गर्न नसक्दा स्थायी सरकारको रूपमा रहेको निजामती प्रशासन अन्योलतामा रुमलिइरहेको छ ।संघीय निजामती सेवा ऐन प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐनको मार्ग दर्शकको रूपमा रहने, यसका आधारभुत मुल्य मान्यता र सिद्धान्तसंग प्रतिकुल हुने गरी प्रदेश र स्थानीय तहका लागी कानून निर्माण गर्न नमिल्ने हुँदा प्रदेशहरूले समेत कर्मचारीहरूसँग सम्बन्धित ऐन जारी गर्न नसकेको अवस्था छ । कतिपय प्रदेशहरूले हाल कायम रहेको निजामती सेवा ऐन, २०४९ को प्रावधान संग बाझिने गरी ऐन जारी गरेको र उक्त ऐनका केही प्रावधानहरूको कर्मचारीहरूले उपयोग गरिसकेको अवस्था छ । एकै पटक समायोजन भएका कर्मचारीहरू मध्ये केही प्रदेशका कर्मचारीहरूले वृति विकासको अवसर प्राप्त गरेका छन् । प्रदेश निजामती सेवा ऐन जारी नगर्ने प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूका सेवाका शर्तहरू, वृति विकास र सेवा सुविधा के हुने अन्योलताका विच कामकाज गरिरहेका छन् ।

लामो समय सम्म कर्मचारीहरूसँग सम्बन्धित ऐनहरू जारी नहुँदा अन्योलता बढेको छ । तसर्थ कर्मचारी मैत्री र सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने मुल अठोट बोकेको संघीय निजामती सेवा ऐन तुरुन्त जारी गराउन र संघीय निजामती ऐनको मुल भावनामा फरक नपर्ने गरी प्रदेश तथा स्थानीय निजामती सेवा ऐन जारी गराउन दवाव दिने उद्देश्यले निजामती क्षेत्रमा कृयाशील राष्ट्रियस्तरका ट्रेड युनियनहरूको सहभागितामा दवावमुलक आन्दोलनका कार्यक्रमहरू सञ्चालन गरेका छौ ।

निजामती क्षेत्रमा कृयाशिल राष्ट्रियस्तरका ट्रेड युनियनहरू क्रमशः नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी युनियन, नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती), एकिकृत सरकारी कर्मचारी संगठन र नेपाल मधेसी निजामती कर्मचारी मञ्च रहेको **संयुक्तट्रेड युनियन सञ्जाल निर्माण** गर्दै मिति २०७९ असार ७ गते बसेको बैठकले अध्यक्षहरू रहेको समन्वय समित, उपाध्यक्षहरू रहेको आन्दोलन परिचालन तयारी समिति र महासचिवहरू रहेको साझा अवधारणा पत्र तयारी समिति गठन गरी संघीय निजामती सेवा ऐन जारी गराउन दवाव

दिन २०७९ असार ८ गते संयुक्त प्रेश वक्तव्य जारी गर्ने निर्णयहरू गरेको र उक्त निर्णय बमोजिमका कामहरू सम्पन्न गरेको छ ।यसरी गठीत समन्वय समितमा अध्यक्ष लेखनाथ कोइराला, आन्दोलन परिचालन तयारी समितिमा उपाध्यक्ष रेवन्त गौतम र साझा अवधारणा पत्र तयारी समितिमा महासचिव जीवन काफ्लेल नेतृत्व प्रदान गरि रहनु भएको छ ।

ट्रेड युनियन सञ्जालको २०७९ असार १६ गतेको बैठकले राजनीतिक दलका प्रमुख, उच्च नेतृत्व, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष र दलका प्रमुख सचेतकहरूलाईसंघीय निजामती सेवा ऐनमा समावेश गर्नु पर्ने विषयहरू रहेको ज्ञापन पत्र २०७९ असार २५ गते बुझाउने कार्यक्रम अन्तर्गत नेकपा (एमाले) का अध्यक्ष केपि शर्मा ओली, नेपाली कांग्रेसका सभापती एवं सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा (एस) का अध्यक्ष माधव कुमार नेपाल, जनता समाजवादीका अध्यक्ष उपेन्द्र यादवलाई बुझाउने कार्य सम्पन्न भएको छ ।उक्त ज्ञापन पत्र २०७९ असार २६ गते प्रदेश कार्य समितहरूले प्रदेशका प्रमुख सचिव मार्फत तथा २०७९ असार २७ गते जिल्ला/ विभागीय कार्य समितिहरूले सम्बन्धित मन्त्रालयका सचिव/प्रमुख जिल्ला अधिकारी मार्फत नेपाल सरकारलाई बुझाउने कार्यक्रम समेत उत्साह पूर्ण सहभागितामा सबै प्रदेश/जिल्ला/विभागीय कार्य समितिले सम्पन्न गरेका छन् । सोही बैठकको निर्णय अनुसार आन्दोलन परिचालन समितिलाई पूर्णता दिन नेपाल निजामती कर्मचारी संगठनबाट उप-महासचिव द्वय रामचन्द्र अधिकारी र युवाचन्द्र घिमिरेले प्रतिनिधित्व गर्नु भएको छ ।

आन्दोलनलाई व्यवस्थित गर्न संयुक्त ट्रेड युनियन संजालको २०७९ असार २९ गते भएको बैठकले निजामती सेवाका उच्च प्रशासकहरूसंग छलफल गर्ने, आन्दोलनको बारेमा जानकारी गराउन उपत्यका भेला गर्ने, संघीय संसद अन्तर्गत प्रतिनिधि सभामा रहेका राजनीतिक दलका प्रमुख सचेतकहरूसंग अन्तकृया गर्ने र पत्रकार सम्मेलन मार्फत दोश्रो चरणका आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने निर्णय गरेको थियो । जस अनुसार २०७९ श्रावण ४ गते उच्च प्रशासकहरूसंगको छलफलमा नेपाल सरकारका सचिव क्रमशः राममाया कुँवर, सुरेश अधिकारी, उदयराज सापकोटा, सुरेश आचार्य, किरणराज शर्मा, गोकर्णमणि दुवाडी तथा सहसचिवहरू टोकराज पाण्डे, बाबुराम सुवेदी, बसन्त अधिकारी, बाबुराम अधिकारी, भिष्म भुषाल, यज्ञराज कोइराला, रमेश के.सी., फणिन्द्र गौतम, ढुण्डिराज निरौला, सुमन दाहाल र प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिको सचिव ववीता मिश्र तथा पूर्व सचिव गोपिनाथ मैनाली समेतको सहभागिता रहेको थियो । उक्त छलफलमा संघीय निजामती सेवा ऐनमा समावेश हुनुपर्ने विषयहरू, ऐन जारी हुन ढिलाइ हुनुका कारणहरू, ऐन जारी नहुँदा सृजित प्रभावहरू र ट्रेड युनियनहरूले खेल्नु पर्ने भुमिका सन्दर्भमा चर्चा गरिएको थियो । दवाव मुलक आन्दोलनका क्रममा एक हजार भन्दा बढी कर्मचारीहरूको सहभागितामा भएको संयुक्त उपत्यका भेलामा आन्दोलनलाई निष्कर्षमा पुर्याउने, आन्दोलनबाट हुन सक्ने जोखिम न्यूनीकरण गर्ने उपाएको खोजी गरिएको थियो । उपत्यका भेलामा नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष लेखनाथ कोइराला लगायत अन्य चारवटै ट्रेड युनियनका अध्यक्षहरूले सम्बोधन समेत गर्नु भएको थियो । उक्त कार्यक्रमको संचालन नेपाल निजामती कर्मचारी संगठनका उपाध्यक्ष रेवन्त गौतमले गर्नु भएको थियो ।

प्रतिनिधि सभामा रहेका दलका प्रमुख सचेतकहरूसंगको अन्तरकृया कार्यक्रममा नेकपा (एमाले) का प्रमुख सचेतक मा. विशाल भट्टराई, नेपाली कांग्रेसका प्रमुख सचेतक मा.चित्रलेखा यादव, नेकपा (माओवादी केन्द्र) का प्रमुख सचेतक मा. देव प्रसाद गुरुङ, नेकपा (एस) का प्रमुख सचेतक मा. सरला कुमारी यादव, जनता समाजवादीका प्रमुख सचेतक मा. प्रमोद साह, र लोकतान्त्रिक समाजवादी पार्टीका प्रमुख सचेतक मा. उमासंकर अगरिया तथा माननीयहरू यसोदा सुवेदी र जयन्ती राई समेतको उपस्थिति रहेको थियो । २०७९ भाद्र १ सम्पन्न उक्त अन्तरकृया कार्यक्रममा संघीय निजामती सेवा ऐन जारी हुन नसक्नुका विविध आयामहरूको बारेमा चर्चा भएको थियो ।

आन्दोलनलाई चरणबद्ध रूपमा अगाडी बढाउने क्रममा संयुक्त ट्रेड युनियन सञ्जालको २०७९ श्रावण २९

गते सम्पन्न बैठकले गरेको निर्णय अनुसार २०७९ श्रावण ३० गते देखि भाद्र २ गते सम्म "**संघीय निजामती सेवा ऐन जारी गर"** भन्ने लेखिएको प्लेकार्ड छातीमा राखी कार्य सम्पादन गर्ने र बजेट बक्तव्यमा आएको **तलव आयोग** गठन गर्न दवाव दिन २०७९ श्रावण ३० नेपाल सरकारका अर्थमन्त्री समक्ष ज्ञापन पत्र बुझाउने कार्यक्रम समेत सफलतापूर्वक सम्पन्न भएको छ।

संयुक्त ट्रेड युनियन सञ्जालले पहिलो चरणका कार्यक्रमको समिक्षा गर्दा दवावमूलक कार्यक्रम प्रभावकारी भएको, सरोकारवाला निकायसम्म आफ्ना विषय स्थापित गराउन सफल भएको निष्कर्ष निकाल्दै थप आन्दोलनका कार्यक्रम तय गर्न २०७९ भाद्र २ गते बसेको बैठकले सबै कर्मचारीलाई मागका विषयमा जानकारी दिन पर्चा वितरण गर्ने कार्यक्रम अन्तर्गत २०७९ भाद्र ५ गते सिंहदरवारको सबै गेटमा विहान ९.०० बजे देखि १०.३० बजे सम्म पर्चा वितरण गरिएको, २०७९ भाद्र ७ गते देखि १७ गतेसम्म हाम्रा माग लेखिएको कालो ब्यानर सबै कार्यालयमा टाँस्ने र हातमा कालो पट्टी बाधि कार्यालयको कामकाज गर्ने निर्णय अनूरूप कार्यक्रम सम्पन्न गरिएको थियो।

## संयुक्त ट्रेड युनियन सञ्जालको अपिल

सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र जनसहभागितामूलक बनाउँदै राज्यबाट प्रदान हुने सेवा-सुविधामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य रहेको सन्दर्भमा राष्ट्रसेवक कर्मचारीहरुको भुमिका अहम् रहेको छ। देश सङ्घीय राज्य व्यवस्थामा गएको लामो समयसम्म पनि सङ्घीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन व्यवस्थापन एवं मार्ग दर्शन गर्ने छाता कानूनको रूपमा रहेको सङ्घीय निजामती सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्यौल र अस्थिरताको भुमरीमा परेको छ। सार्वजनिक सेवा प्रवाहको प्रमुख माध्यमको रूपमा देशको निजामती सेवालाई व्यवस्थापन गर्ने विषय नेपालको संविधान जारी भएको सात वर्ष व्यतित भईसक्दा पनि सरकारको प्राथमिकतामा नपर्नु गम्भीर चिन्ताको विषय हो। यस विषयमा राष्ट्रियस्तरका ट्रेड युनियनहरूले नेपाल सरकार र सरोकारवाला निकाय एवं पदाधिकारीहरुलाई पटक-पटक ध्यानाकर्षण गराउदैं आएका छौं।

सङ्घीय निजामती सेवा ऐन केवल सङ्घीय सरकारको कर्मचारी प्रशासन सञ्चालनको आधार मात्र नभएर प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवा सञ्चालनको लागि बनाईने ऐन, कानुन र नीति निर्माणको प्रमुख आधार हो। प्रदेश सरकार र स्थानीय तह गठन भएको चार वर्ष भन्दा बढी समयसम्म पनि कर्मचारी प्रशासन सम्बन्धी मूल कानुन निर्माण हुन नसक्दा एकातर्फ संघ, प्रदेश र स्थानीय तहमा जनशक्तिको अभावमा संघीय शासन प्रणालीको कार्यान्वयन गरी सरकारको सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्दै नागरिकमा परिवर्तनको प्रत्याभूति दिलाउन कठिनाई उत्पन्न भएको छ। लोकतान्त्रिक शासनव्यवस्था स्थापनाका लागि सम्पूर्ण राष्ट्रसेवकहरुलाई आन्दोलीत हुन आव्हान गर्ने राजनैतिक दलहरु नै शासन सञ्चालनको केन्द्रमा रहँदा जवरजस्ती कर्मचारी समायोजन गरिनु, कर्मचारीसँग सम्बन्धित कानूनहरु निमाण गर्दा सरोकारवालाहरु संग छलफल नगर्नु एवं कर्मचारीहरुले खाईपाई आएका सुविधाहरु समेत कटौती गर्ने गरी छलफल गरिनु खेदजनक छ।

यसर्थ देशमा संघीय शासन प्रणालीको व्यवहारिक कार्यान्वयन गर्न र नेपाल सरकारद्वारा सार्वभौम नागरिकहरुको लागि प्रवाह हुने सेवा सुविधालाई प्रभावकारी एवं व्यवस्थित वनाउनको लागि सार्वजनिक प्रशासनका विश्वव्यापी आधारभूत मूल्य मान्यता एवं कानूनका सर्वमान्य सिद्धान्त वमोजिम कर्मचारीको सेवाको सुरक्षा, पेशागत हित र वृत्ति विकासलाई सुनिश्चितता गर्दै नेपालको निजामती प्रशासनलाई संघीय शासन प्रणाली अनुरूप व्यवस्थित गर्नका लागि तपसिल वमोजिमका सैद्धान्तिक विषयहरूलाई आधार वनाई हामी राष्ट्रियस्तरका ट्रेड युनियहरुले विगतदेखि उठाउँदै आएका मागहरू समावेश गरी सङ्घीय संसदको चालु अधिवेशनबाट सङ्घीय निजामती सेवा जारी गर्न नेपाल सरकारसँग जोडदार माग गर्दछौं ! साथै संयुक्त ट्रेड युनियन सञ्जालद्धारा घोषणा गरिएका तपसिल वमोजिमका आन्दोलनका कार्यक्रमहरुमा सक्रिय रुपमा सहभागि भई दिनुहुन सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुमा हार्दिक अपिल गर्दछौं।

## तपसिल

- ❖ कर्मचारी मैत्री र सेवा मैत्री हुने गरि संघीय/प्रदेश र स्थानीय तहका लागि निजामती सेवा ऐन तत्काल जारी गर ।
- ❖ क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहको सुनिश्चितता गर ।
- ❖ तीनै तहमा कार्यरत कर्मचारीहरुलाई निजामतीको परिभाषामा समावेश गर ।
- ❖ तीनै तहमा कायम हुने गरी तहगत प्रणाली लागू गर ।
- ❖ तीनै तहमा अन्तर सम्बन्ध कायम हुने सुनिश्चितता सहित राष्ट्रिय स्तरका ट्रेड युनियन र आधिकारिक ट्रेड युनियनको व्यवस्था गर ।
- ❖ कर्मचारी समायोजनबाट उत्पन्न समस्या तत्काल समाधान गर ।
- ❖ राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको सहभागिता सहित पे-कमिशन गठन गर ।
- ❖ तीनै तहमा कार्यरत कर्मचारीहरुको समान अवधिमा वृत्ति विकासको सुनिश्चितता गर ।
- ❖ अस्थायी, करार, ज्यालादारी कर्मचारीहरुको न्यायोचित व्यवस्थापन गर ।
- ❖ सवै पदका कर्मचारीहरुको पदसोपान अनुसार तलवमान कायम गर ।
- ❖ संघ, प्रदेश र स्थानीय तह मध्ये एक तहबाट अर्को तहमा सेवा प्रवेश गर्दा सेवा निरन्तरता कायम गर ।

## विरोधका कार्यक्रमहरुः

१. २०७९ भाद्र ५ गते बिहान ९.०० वजे देखि १०:३० सम्म सिंहदरवार गेटमा पर्चा वितरण गर्ने,

२. २०७९ भाद्र ६ गते देखि १७ गते सम्म सबै कार्यालयहरुमा हाम्रा मागहरु लेखिएको कालो व्यानर राख्ने र कर्मचारीहरुले हातमा कालो पट्टी बाँधी कामकाज गर्ने ।

नेपाल निजामती कर्मचारी संगठन

नेपाल निजामती कर्मचारी युनियन

नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती

एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल

नेपाल मधेशी निजामती कर्मचारी मञ्च

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन

**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मिति : २०७९/०५/०९

प.सं. २०७९/०८०

च.नं. २८

**श्रीमान् अध्यक्षज्यू,**

**नेपाल निजामती कर्मचारी संगठन**

**सबै प्रदेश कार्य समितिहरू ।**

## विषयः निर्णय कार्यान्वयन बारे ।

उपरोक्त सम्बन्धमा मिति २०७९ श्रावण २६ देखी २८ गते सम्म गठ्ठाघर, भक्तपुरमा सम्पन्न भएको दोस्रो केन्द्रीय कार्य समितिको बैठकका निर्णयहरू यसै साथ संलग्न गरी पठाइएको छ । निर्णय कार्यान्वयनको साथै निम्न निर्देशनहरूको पालना हुँन अनुरोध छ ।

१) प्रदेश भित्र भएका गतिविधिहरूको प्रतिवेदन मासिक रूपमा केन्द्रमा पठाउने व्यवस्था गर्ने ।

२) प्रदेश भित्रका जिल्लाहरूमा सदस्यताको विवरण अध्यावधिक गरी केन्द्रमा जानकारी गराउने ।

३) प्रदेश भित्रका जिल्लाहरूमा राष्ट्रसेवक सहकारीहरू व्यवस्थित रूपमा सञ्चालन गर्न समन्वय गर्ने, अवस्थाको बारेमा जानकारी गराउने, सहकारी दर्ता नभएका ठाँउमा दर्ता अभियानका लागि पहल गर्ने ।

४) बैठकका निर्णयहरू अनिवार्य रूपमा केन्द्रीय कार्य समितिमा पठाउने ।

५) प्रदेश भित्रको बक्यौता शुन्य बनाउन विशेष पहल गर्ने ।

६) केन्द्रको वार्षिक कार्ययोजनासँग तालमेल मिल्ने गरी कार्य योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्ने ।

७) महत्वपूर्ण कार्यक्रम आयोजना गर्दा केन्द्रीय कार्य समिति सँग समन्वय गर्ने ।

**जीवन काफ्ले**

महासचिव

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔं"

नेपाल निजामती कर्मचारी संगठन

(Nepal Government Employees' Organization)

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरूको राष्ट्रिय स्तरको ट्रेड युनियन)

# केन्द्रीय कार्य समितिको दोस्रो वैठकका निर्णयहरू :

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको एघारौं महाधिवेशन (२०७८ फागुन २८ देखि ३० काठमाडौं) पश्चातको "**दोस्रो केन्द्रीय बैठक**" अध्यक्ष लेखनाथ कोइरालाको अध्यक्षतामा मिति २०७९ श्रावण २६ देखि २८ गते गट्टाघर, भक्तपुरमा सम्पन्न भएको छ। उक्त बैठकले गरेका निर्णयहरू सिर्जनात्मक तथा रचनात्मक ढंगले कार्यान्वयन गर्न, गराउन हुन आवश्यक जानकारीका लागि पठाइएको व्यहोरा अनुरोध छ।

**निर्णयहरू :**

१. संगठनका महासचिव जीवन काफ्लेबाट प्रस्तुत "सांगठनिक प्रतिवेदन" जिम्मेवारी बाँडफाँड, वार्षिक कार्ययोजना र कोषाध्यक्ष गणेश प्रसाद आचार्यबाट प्रस्तुत "आर्थिक प्रतिवेदन" मा प्राप्त राय सुझाव समावेश गरी पारित गरिएको छ।

२. नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लिमिटेडलाई थप गतिशिल एवं प्रभावकारी बनाउन र सहकारीको लगानीमा महत्वपूर्ण व्यावसायिक योजनाहरूको सञ्चालन गर्न कार्यविवरण सहित देहायका विज्ञ रहेको "**कार्यदल गठन**" गरिएको छ।

| | | |
|---|---|---|
| काशीनाथ श्रेष्ठ | - ललितपुर | - संयोजक |
| नारायण प्रसाद ज्ञवाली | - काठमाडौं | - सदस्य |
| केदार न्यौपाने | - सुनसरी | - सदस्य |
| रमेश निरौला | - भक्तपुर | - सदस्य |
| मेघदेव पन्त | - रूपन्देही | - सदस्य |
| डोर प्रसाद उपाध्याय | - सुर्खेत | - सदस्य |
| ध्रुवसिंह खड्का | - कास्की | - सदस्य |
| तिलक खत्री | - कैलाली | - सदस्य |

३. संगठनका पूर्व केन्द्रीय अध्यक्ष स्व. मुरारी भट्टराई स्मृति प्रतिष्ठानको विधान, २०७९ पारित गर्दै जिल्ला प्रशासन कार्यालय, काठमाडौमा दर्ता गर्ने निर्णय गरियो।

४. नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (दशौं संशोधन २०७८) बमोजिम १६ जना र केन्द्रीय सदस्य अजय बर्तौला नेपाल सरकारको उपसचिव पदमा बढुवा भई रिक्त १ गरी कूल १७ केन्द्रीय सदस्य पदमा तपसील बमोजिम मनोनयन गर्ने निर्णय गरियो।

**तपसील**

| | | |
|---|---|---|
| १) नरबहादुर थापा | ८) भिमा सुवेदी | १५) बलराम खत्री |
| २) गोविन्द खत्री | ९) सन्तोष झा | १६) गणेश पनेरु |
| ३) केशवराज भट्टराई | १०) राजेश शर्मा | १७) लक्ष्मीराज जोशी |
| ४) किरण अधिकारी | ११) राममणि ढुंगाना | |
| ५) कवि तिम्सिना | १२) जसवीर खत्री | |
| ६) अमित ढुंगाना | १३) अमर गिरी | |
| ७) केशवराज जोशी | १४) शंकर भट्टराई | |

५. नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (दशौं संशोधन २०७८) बमोजिम केन्द्रीय कार्य समितिका सदस्यहरूलाई संगठनको केन्द्रीय सचिवालयमा मनोनयन गरियो ।

**तपसील**

| | | |
|---|---|---|
| १. गंगाराम नेपाल | ११. कमला दाहाल | २१. पदमराज जोशी |
| २. पुष्पराज जोशी | १२. कविसिंह कठायत | २२. लक्ष्मी भुषाल |
| ३. भवानी सापकोटा | १३. काशीराम आचार्य | २३. अशोक कुमार पोखरेल |
| ४. नरवहादुर थापा | १४. तुलाराम गिरी | २४. भरत प्रसाद भुषाल |
| ५. गोविन्द खत्री | १५. शान्ति विष्ट | २५. अमित ढुंगाना |
| ६. होम वहादुर खड्का | १६. देवी कुमारी पराजुली | २६. कवि तिम्सिना |
| ७. दिपक शर्मा पौडेल | १७. ओम वहादुर कठायत | २७. सुनिल लम्साल |
| ८. ध्रुव कुमार कार्की | १८. प्रकाश निरौला | २८. बद्री कोइराला |
| ९. तेज प्रसाद निउरे | १९. केशवराज जोशी | २९. गोविन्दराज सिवाकोटी |
| १०. खोम बहादुर खालिङ्ग राई | २०. यामकुमारी सापकोटा | ३०. वामदेव पन्थी |
| | | ३१. पुरुषोत्तम दाहाल |

६. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिको दोस्रो बैठकमा पेश भए बमोजिमको विनियम, २०७९ अनुसार नेपाल निजामती कर्मचारी संगठनका पदाधिकारी र सदस्यहरूलाई देहाय बमोजिम कार्यविभाजन गरी जिम्मेवारी प्रदान गरियो ।

# नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको दोस्रो बैठक
# (२०७९ श्रावण २६ देखि २८, गठ्ठाघर, भक्तपुर),

**(२०७९ भाद्र ७ गते केन्द्रीय सचिवालयवाट भएको निर्णय समेत)**

**पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी बाँडफाँड विवरण, २०७९**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | अध्यक्ष | लेखनाथ कोइराला | |
| २ | उपाध्यक्ष | भवानी न्यौपाने दहाल | प्रमुख, प्रशिक्षण विभाग |
| ३ | उपाध्यक्ष | रेवन्त गौतम | प्रमुख, सहकारी विभाग |
| ४ | उपाध्यक्ष | प्रभास प्रसाद साह | प्रमुख, गुनासो व्यवस्थापन विभाग |
| ५ | प्रदेश इन्चार्ज | लक्ष्मी प्रसाद गुरागाई | इन्चार्ज, प्रदेश नं. १ |
| ६ | प्रदेश इन्चार्ज | नौतम पोखरेल | इन्चार्ज, मधेश प्रदेश |
| ७ | प्रदेश इन्चार्ज | विष्णु प्रसाद अर्याल | इन्चार्ज, बागमती प्रदेश |
| ८ | प्रदेश इन्चार्ज | घनश्याम सापकोटा | इन्चार्ज, गण्डकी प्रदेश |
| ९ | प्रदेश इन्चार्ज | दधिराम मरासिनी | इन्चार्ज, लुम्बिनी प्रदेश |
| १० | प्रदेश इन्चार्ज | प्रयागराज शर्मा | इन्चार्ज, कर्णाली प्रदेश |
| ११ | प्रदेश इन्चार्ज | प्रकाश बहादुर खड्का | इन्चार्ज, सुदुरपश्चिम प्रदेश |
| १२ | प्रदेश इन्चार्ज | रेणुका के.सी. | इन्चार्ज, उपत्यका प्रदेश |
| १३ | महासचिव | जीवन काफ्ले | प्रवक्ता एवं प्रमुख, विदेश विभाग |
| १४ | उप-महासचिव | रामचन्द्र अधिकारी | प्रमुख, संगVन विभाग |
| १५ | उप-महासचिव | युवाचन्द्र घिमिरे | प्रमुख, प्रचार प्रसार तथा प्रकाशन विभाग |
| १६ | उप-महासचिव | विजया लक्ष्मी सुवेदी | प्रमुख, महिला विभाग |
| १७ | उप-महासचिव | कृष्ण वहादुर के.सी. | प्रमुख, अतिरिक्त क्रियाकलाप विभाग |
| १८ | सचिव | पुरुषोत्तम रायमाझी | प्रमुख, विपद् व्यवस्थापन विभाग |
| १९ | सचिव | विष्णु कुमारी अधिकारी | प्रमुख, सेवा समन्वय विभाग |
| २० | सचिव | वामदेव ओली | प्रमुख, प्रदेश तथा स्थानीय सेवा र समावेशी समन्वय विभाग |
| २१ | सचिव | सुर्य वहादुर कुँवर | प्रमुख, सामाजिक सेवा विभाग |
| २२ | सचिव | देवेन्द्र ढकाल | प्रमुख, सूचना प्रविधि तथा नीति अनुसन्धान विभाग |
| २३ | सचिव | तेज प्रकाश भण्डारी | प्रमुख, कानून अनुसन्धान विभाग |
| २४ | कार्यालय सचिव | पदम बहादुर शाही | प्रमुख, कार्यालय ब्यवस्थापन तथा जनसम्पर्क विभाग |
| २५ | कोषाध्यक्ष | गणेश प्रसाद आचार्य | प्रमुख, आर्थिक विभाग |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| २६ | सचिवालय सदस्य | नरवहादुर थापा | |
| २७ | सचिवालय सदस्य | गोविन्द खत्री | इञ्चार्ज, धनकुटा |
| २८ | सचिवालय सदस्य | गंगाराम नेपाल | इञ्चार्ज, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| २९ | सचिवालय सदस्य | पुष्पराज जोशी | इञ्चार्ज, अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| ३० | सचिवालय सदस्य | केशवराज जोशी | |
| ३१ | सचिवालय सदस्य | भवानी सापकोटा | इञ्चार्ज, काभ्रेपलाञ्चोक |
| ३२ | सचिवालय सदस्य | होम वहादुर खड्का | इञ्चार्ज, धादिङ |
| ३३ | सचिवालय सदस्य | लक्ष्मी भुषाल | इञ्चार्ज, गृह मन्त्रालय |
| ३४ | सचिवालय सदस्य | दिपक शर्मा पौडेल | इञ्चार्ज, कपिलवस्तु |
| ३५ | सचिवालय सदस्य | ध्रुव कुमार कार्की | इञ्चार्ज, खोटाङ |
| ३६ | सचिवालय सदस्य | तेज प्रसाद निउरे | इञ्चार्ज, बागलुङ/मुस्ताङ |
| ३७ | सचिवालय सदस्य | खोम बहादुर खालिङ्क राई | इञ्चार्ज, ईलाम |
| ३८ | सचिवालय सदस्य | कमला दाहाल | इञ्चार्ज, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| ३९ | सचिवालय सदस्य | कविसिंह कठायत | |
| ४० | सचिवालय सदस्य | काशीराम आचार्य | इञ्चार्ज, नवलपरासी पश्चिम |
| ४१ | सचिवालय सदस्य | तुलाराम गिरी | इञ्चार्ज, जाजरकोट |
| ४२ | सचिवालय सदस्य | प्रकाश निरौला | इञ्चार्ज, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| ४३ | सचिवालय सदस्य | शान्ति विष्ट | |
| ४४ | सचिवालय सदस्य | ओम वहादुर कठायत | इञ्चार्ज, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| ४५ | सचिवालय सदस्य | देवी कुमारी पराजुली | इञ्चार्ज, शहरी विकास मन्त्रालय |
| ४६ | सचिवालय सदस्य | यामकुमारी सापकोटा | इञ्चार्ज, भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय |
| ४७ | सचिवालय सदस्य | भरत प्रसाद भुषाल | इञ्चार्ज, कास्की/पर्वत |
| ४८ | सचिवालय सदस्य | पदमराज जोशी | इञ्चार्ज, दार्चुला |
| ४९ | सचिवालय सदस्य | अमित ढुंगाना | इञ्चार्ज, बन तथा वातावरण |
| ५० | सचिवालय सदस्य | कवि तिम्सिना | इञ्चार्ज, उद्योग, बाणिज्य तथा आपूर्ति |
| ५१ | सचिवालय सदस्य | अशोक कुमार पोखरेल | इञ्चार्ज, काठमाण्डौ |
| ५२ | सचिवालय सदस्य | सुनिल लम्साल | इञ्चार्ज, ललितपुर |
| ५३ | सचिवालय सदस्य | गोविन्दराज सिवाकोटी | इञ्चार्ज, दोलखा |
| ५४ | सचिवालय सदस्य | वामदेव पन्थी | इञ्चार्ज, अर्थ |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| ५५ | सचिवालय सदस्य | बद्री कोइराला | इञ्चार्ज, भक्तपुर |
| ५६ | सचिवालय सदस्य | पुरुषोत्तम दाहाल | इञ्चार्ज, सिन्धुली |
| ५७ | केन्द्रीय सदस्य | गोमा घिमिरे | |
| ५८ | केन्द्रीय सदस्य | दिलिप कुमार साह (धनुषा) | इञ्चार्ज, धनुषा |
| ५९ | केन्द्रीय सदस्य | शुशिला कुमारी शाह | इञ्चार्ज, शिक्षा विज्ञान तथा प्रविधि |
| ६० | केन्द्रीय सदस्य | मञ्जु महत | इञ्चार्ज, अछाम |
| ६१ | केन्द्रीय सदस्य | गिता लामा | इञ्चार्ज, हुम्ला |
| ६२ | केन्द्रीय सदस्य | अमर गिरी | |
| ६३ | केन्द्रीय सदस्य | टिका के.सी. | इञ्चार्ज उप-राष्ट्रपतिको कार्यालय |
| ६४ | केन्द्रीय सदस्य | नारायण प्रसाद ज्ञवाली | इञ्चार्ज, परराष्ट्र मन्त्रालय |
| ६५ | केन्द्रीय सदस्य | सरस्वती धिमाल | इञ्चार्ज, मकवानपुर |
| ६६ | केन्द्रीय सदस्य | अशोक न्यौपाने | इञ्चार्ज, राष्ट्रिय योजना आयोग |
| ६७ | केन्द्रीय सदस्य | निर्मला रेग्मी | इञ्चार्ज, सार्वजनिक खरिद तथा अनुगमन कार्यालय |
| ६८ | केन्द्रीय सदस्य | नारायण प्रसाद भण्डारी | इञ्चार्ज, रूपन्देही |
| ६९ | केन्द्रीय सदस्य | निरञ्जन प्रसाद यादव | इञ्चार्ज, सप्तरी |
| ७० | केन्द्रीय सदस्य | राजेश शर्मा | इञ्चार्ज, महोत्तरी |
| ७१ | केन्द्रीय सदस्य | लव कुमार वुढाथोकी | इञ्चार्ज, भौतिक पूर्वाधार तथा यातायात |
| ७२ | केन्द्रीय सदस्य | मोहन भट्टराई | इञ्चार्ज, भोजपुर |
| ७३ | केन्द्रीय सदस्य | दुर्गा वहादुर कार्की | इञ्चार्ज, मुगु |
| ७४ | केन्द्रीय सदस्य | फणिन्द्र प्रसाद खनाल | इञ्चार्ज, चितवन |
| ७५ | केन्द्रीय सदस्य | रमन्ता पौडेल | सह-इञ्चार्ज, ईलाम |
| ७६ | केन्द्रीय सदस्य | राजेन्द्र कुरुङवाङ | इञ्चार्ज, महान्यायाधिवक्ताको कार्यालय |
| ७७ | केन्द्रीय सदस्य | लक्ष्मी पौडेल (स्वास्थ्य) | इञ्चार्ज, राष्ट्रपतिको कार्यालय |
| ७८ | केन्द्रीय सदस्य | तारा प्रसाद निरौला | इञ्चार्ज, सिन्धुपाल्चोक |
| ७९ | केन्द्रीय सदस्य | राजेन्द्र कुमार कार्की | इञ्चार्ज, वारा |
| ८० | केन्द्रीय सदस्य | प्रताप चन्द | इञ्चार्ज, कञ्चनपुर |
| ८१ | केन्द्रीय सदस्य | केदार पसाद खतिवडा | इञ्चार्ज, खानेपानी |
| ८२ | केन्द्रीय सदस्य | लेखनाथ पौडेल | इञ्चार्ज, सुनसरी |
| ८३ | केन्द्रीय सदस्य | गोकर्ण ओली | इञ्चार्ज, दाङ |
| ८४ | केन्द्रीय सदस्य | रामहरि खड्का | इञ्चार्ज, मनाङ |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| ८५ | केन्द्रीय सदस्य | रामललन यादव | इञ्चार्ज, ओखलढुंगा |
| ८६ | केन्द्रीय सदस्य | बसन्ती बस्न्यात | इञ्चार्ज, संस्कृति पर्यटन तथा नागरिक उड्डयन |
| ८७ | केन्द्रीय सदस्य | देवी पण्डित | इन्चार्ज, राष्ट्रिय महिला आयोग |
| ८८ | केन्द्रीय सदस्य | शान्ता ओझा | इञ्चार्ज, कानून न्याय तथा संसदीय मामिला |
| ८९ | केन्द्रीय सदस्य | सुरेन्द्र वहादुर शाही | इञ्चार्ज, सुर्खेत |
| ९० | केन्द्रीय सदस्य | देवकी तिमल्सिना | इञ्चार्ज, रौतहट |
| ९१ | केन्द्रीय सदस्य | नगेन्द्र प्रसाद दाहाल | इञ्चार्ज, सञ्चार तथा सूचना प्रविधि |
| ९२ | केन्द्रीय  सदस्य | जानुका पोखरेल | इञ्चार्ज, नेपाल न्याय परिषद् |
| ९३ | केन्द्रीय सदस्य | विदुर अधिकारी | सह-इञ्चार्ज, ललितपुर |
| ९४ | केन्द्रीय सदस्य | तिर्थराज आचार्य | इञ्चार्ज, महालेखा नियन्त्रक कार्यालय |
| ९५ | केन्द्रीय सदस्य | लोकेन्द्र बम | इञ्चार्ज, प्यूठान |
| ९६ | केन्द्रीय सदस्य | दिपक सापकोटा | इञ्चार्ज, झापा |
| ९७ | केन्द्रीय सदस्य | छवि ढकाल | सह-इञ्चार्ज, झापा |
| ९८ | केन्द्रीय सदस्य | गोविन्द अधिकारी | इञ्चार्ज, दैलेख |
| ९९ | केन्द्रीय सदस्य | दिलिप कुमार शाही | इञ्चार्ज, बाजुरा |
| १०० | केन्द्रीय सदस्य | शिवप्रकाश बस्नेत | इञ्चार्ज, रसुवा |
| १०१ | केन्द्रीय सदस्य | शंकर भट्टराई | इञ्चार्ज, डोल्पा |
| १०२ | केन्द्रीय सदस्य | लक्ष्मीराज जोशी | इञ्चार्ज, डंडेल्धुरा |
| १०३ | केन्द्रीय सदस्य | भिमा सुवेदी | सह-इञ्चार्ज, काठमाण्डौ |
| १०४ | केन्द्रीय सदस्य | किरण अधिकारी | इञ्चार्ज, रोल्पा |
| १०५ | केन्द्रीय सदस्य | सन्तोष झा | सह-इञ्चार्ज, भुमि व्यवस्था, सहकारी तथा गरिवी निवारण |
| १०६ | केन्द्रीय सदस्य | जयानन्द पाण्डे | इञ्चार्ज, महालेखा परीक्षकको कार्यालय |
| १०७ | केन्द्रीय सदस्य | देवानन्द धिताल | इञ्चार्ज, कालिकोट |
| १०८ | केन्द्रीय सदस्य | प्रकाश अधिकारी | इञ्चार्ज, पाँचथर |
| १०९ | केन्द्रीय सदस्य | दिलिप कुमार साह (सिराहा) | इञ्चार्ज, सिराहा |
| ११० | केन्द्रीय सदस्य | मेघराज अर्याल | इञ्चार्ज, संघीय संसद सचिवालय |
| १११ | केन्द्रीय सदस्य | शिला पोखरेल | इञ्चार्ज, अर्घाखाँची |
| ११२ | केन्द्रीय सदस्य | पुष्पराज तिमल्सिना | इञ्चार्ज, सर्वोच्च अदालत |
| ११३ | केन्द्रीय सदस्य | हरि प्रसाद आचार्य | इञ्चार्ज, सोलुखुम्बु |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| ११४ | केन्द्रीय सदस्य | नरवहादुर ठगुन्ना | इञ्चार्ज, वैतडी |
| ११५ | केन्द्रीय सदस्य | राममणी ढुंगाना | इञ्चार्ज, लमजुङ/गोरखा |
| ११६ | केन्द्रीय सदस्य | केशवराज भट्टराई | इञ्चार्ज, नवलपरासी पूर्व |
| ११७ | केन्द्रीय सदस्य | बलराम खत्री | इञ्चार्ज, लोक सेवा आयोग |
| ११८ | केन्द्रीय सदस्य | मनप्रसाद खत्री | इञ्चार्ज, जुम्ला |
| ११९ | केन्द्रीय सदस्य | जानुका खनाल | सह-इञ्चार्ज, सुनसरी |
| १२० | केन्द्रीय सदस्य | सुशिला दाहाल | सह-इञ्चार्ज, सञ्चार तथा सूचना प्रविधि |
| १२१ | केन्द्रीय सदस्य | राजु मरासिनी | इञ्चार्ज, स्याङ्जा |
| १२२ | केन्द्रीय सदस्य | फणिन्द्रनाथ अधिकारी | इञ्चार्ज, मोरङ |
| १२३ | केन्द्रीय सदस्य | कल्पना नेपाल | इञ्चार्ज, रक्षा |
| १२४ | केन्द्रीय सदस्य | तेजप्रसाद रेग्मी | सह-इञ्चार्ज, झापा |
| १२५ | केन्द्रीय सदस्य | गणेशराज पनेरु | इञ्चार्ज, डोटी |
| १२६ | केन्द्रीय सदस्य | नम्रता चुडाल | इञ्चार्ज, निर्वाचन आयोग |
| १२७ | केन्द्रीय सदस्य | आशा ढुंगाना | इञ्चार्ज, सर्लाही |
| १२८ | केन्द्रीय सदस्य | माला गौतम | सह-इञ्चार्ज, कञ्चनपुर |
| १२९ | केन्द्रीय सदस्य | प्रकाश शर्मा | इञ्चार्ज, स्वास्थ्य तथा जनसंख्या |
| १३० | केन्द्रीय सदस्य | तेजनाथ पुडासैनी | सह-इञ्चार्ज, चितवन |
| १३१ | केन्द्रीय सदस्य | बुद्धि वहादुर घिमिरे | इञ्चार्ज, संखुवासभा |
| १३२ | केन्द्रीय सदस्य | मन्दिरा थापा | सह-इञ्चार्ज, मकवानपुर |
| १३३ | केन्द्रीय सदस्य | महेश फूयल | इञ्चार्ज, उदयपुर |
| १३४ | केन्द्रीय सदस्य | रमेश भट्टराई | इञ्चार्ज, उर्जा, जलस्रोत तथा सिंचाइ |
| १३५ | केन्द्रीय सदस्य | उमेश पराजुली | इञ्चार्ज, संघीय मामिला तथा सामान्य प्रशासन |
| १३६ | केन्द्रीय सदस्य | सरस्वती शाही | सह-इञ्चार्ज, जाजरकोट |
| १३७ | केन्द्रीय सदस्य | दिपा परियार | सह-इञ्चार्ज, संघीय मामिला तथा सामान्य प्रशासन |
| १३८ | केन्द्रीय सदस्य | उर्मिला गुरागाई | सह-इञ्चार्ज, सुनसरी |
| १३९ | केन्द्रीय सदस्य | हेटनारायण रम्तेल | सह-इञ्चार्ज, धनुषा |
| १४० | केन्द्रीय सदस्य | सरला श्रेष्ठ | इञ्चार्ज, नुवाकोट |
| १४१ | केन्द्रीय सदस्य | संजिवराज ढकाल | इञ्चार्ज, ताप्लेजुङ |
| १४२ | केन्द्रीय सदस्य | जय वहादुर वि.सीं | इञ्चार्ज, कैलाली |
| १४३ | केन्द्रीय सदस्य | गणेश प्रसाद रिजाल | इञ्चार्ज, बाँके |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १४४ | केन्द्रीय सदस्य | सिता वि.सी. | सह-इञ्चार्ज, सुर्खेत |
| १४५ | केन्द्रीय सदस्य | डिल कुमार के.सीं | इञ्चार्ज, गुल्मी |
| १४६ | केन्द्रीय सदस्य | हरिओम प्रसाद जैसवाल | इञ्चार्ज, पर्सा |
| १४७ | केन्द्रीय सदस्य | मिरादेवी रिजाल | सह-इञ्चार्ज, पर्सा |
| १४८ | केन्द्रीय सदस्य | भिम बहादुर रावल | इञ्चार्ज, वर्दिया |
| १४९ | केन्द्रीय सदस्य | बन्दना लिम्बु | इञ्चार्ज, तेह्रथुम |
| १५० | केन्द्रीय सदस्य | मेनका पोखरेल | इञ्चार्ज, प्राकृतिक श्रोत तथा वित्त आयोग |
| १५१ | केन्द्रीय सदस्य | निर्मला पण्डित | सह-इन्चार्ज, लमजुङ |
| १५२ | केन्द्रीय सदस्य | विजय श्रेष्ठ | इञ्चार्ज, तनहुँ |
| १५३ | केन्द्रीय सदस्य | लिला गौतम | इञ्चार्ज, म्याग्दी |
| १५४ | केन्द्रीय सदस्य | गिता बुढा | सह-इञ्चार्ज, दैलेख |
| १५५ | केन्द्रीय सदस्य | शिवध्यान राय | सह-इञ्चार्ज, रौतहट |
| १५६ | केन्द्रीय सदस्य | लक्ष्मी रावल | इञ्चार्ज, वझाङ |
| १५७ | केन्द्रीय सदस्य | लक्ष्मी पौडेल (वर्दिया) | सह-इञ्चार्ज, वर्दिया |
| १५८ | केन्द्रीय सदस्य | लक्ष्मी खनाल (गोरखा) | सह-इञ्चार्ज, गोरखा |
| १५९ | केन्द्रीय सदस्य | लक्ष्मी खनाल (पाल्पा) | इञ्चार्ज, पाल्पा |
| १६० | केन्द्रीय सदस्य | कमल प्रसाद देवकोटा | सह-इञ्चार्ज, मोरङ |
| १६१ | केन्द्रीय सदस्य | कमला श्रेष्ठ | इञ्चार्ज, रामेछाप |
| १६२ | केन्द्रीय सदस्य | काजी बहादुर श्रेष्ठ | इञ्चार्ज, राष्ट्रिय सतर्कता केन्द्र |
| १६३ | केन्द्रीय सदस्य | कमला पौडेल | सह-इञ्चार्ज, कपिलवस्तु |
| १६४ | केन्द्रीय सदस्य | ककुलदेवी मण्डल | सह-इञ्चार्ज, सिराहा |
| १६५ | केन्द्रीय सदस्य | तुलिचन ठकुरी | सह-इञ्चार्ज, वारा |
| १६६ | केन्द्रीय सदस्य | किरण कुमारी साह | इञ्चार्ज, नेपाल कानून आयोग |
| १६७ | केन्द्रीय सदस्य | जसविर खत्री | इञ्चार्ज, रुकुम पश्चिम |

७. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय आयोगका सदस्यहरूलाई आफ्नो कामको जिम्मेवारीका अतिरिक्त अर्को ब्यवस्था नभएसम्मको लागि तपसीलका जिल्ला/विभागीय कार्य समितिको इन्चार्जको थप जिम्मेवारी प्रदान गरियो ।

| सि.नं. | संगठनको पद | नाम | जिम्मेवारी |
|---|---|---|---|
| १ | निर्वाचन आयोग सदस्य | ईन्द्रकला सुवेदी | सह-इञ्चार्ज, चितवन |
| २ | अनुशासन आयोग सदस्य | ध्रुव कोइरी | सह-इञ्चार्ज, सिराहा |

| | | | |
|---|---|---|---|
| ३ | अनुशासन आयोग सदस्य | प्रकाश खड्का | इञ्चार्ज, रुकुम पूर्व |
| ४ | लेखा परीक्षण आयोग सदस्य | सन्ध्या पौडेल | सह-इञ्चार्ज, कास्की |
| ५ | अनुशासन आयोग सदस्य | प्रकाश शर्मा अधिकारी | इञ्चार्ज, सल्यान |
| ६ | लेखा परीक्षण आयोग सदस्य | गीता के.सी. | इञ्चार्ज, युवा तथा खेलकुद |

८. नेपाल निजामती कर्मचारी संगठनको विगत देखि हालसम्म विभिन्न कार्य समिति, पदाधिकारी एवं सदस्यहरूसँग रहेको बाँकी, बक्यौता रकम असूल उपर गरी संगठन केन्द्रमा पठाउन र हालसम्मको बाँकी बक्यौताको अध्ययन गरी २०७९ असोज मसान्तभित्र सुझाव पेश गर्न संगठनका देहायका पदाधिकारी, सदस्य रहेको "**बाँकी बक्यौता रकम असूल समिति**" गठन गरियो ।

**तपसील :**

१. उपाध्यक्ष प्रभास प्रसाद साह - संयोजक
२. उप-महासचिव विजयालक्ष्मी सुवेदी - सदस्य
३. सचिव वामदेव वली - सदस्य
४. सचिव सूर्य बहादुर कुँवर - सदस्य
५. कोषाध्यक्ष गणेश प्रसाद आचार्य - सदस्य
६. सचिवालय सदस्य कवि तिम्सिना - सदस्य
७. लेखा परीक्षण आयोग सदस्य उमेश्वर प्रसाद काफ्ले - सदस्य

९. नेपाल सरकारबाट जारी हुने संघीय निजामती सेवा ऐन, प्रदेश र स्थानीय निजामती सेवा ऐन लगायत सम्वन्धी नीतिगत कार्य गर्न र आन्दोलन सम्वन्धी सम्पूर्ण निर्णय गर्नको लागि संगठन केन्द्रीय सचिवालयलाई जिम्मेवारी प्रदान गरियो ।

१०. नेपाल निजामती कर्मचारी संगठनले कुनै विषयमा तत्काल निर्णय लिनुपर्ने भएमा केन्द्रीय सचिवालयको बैठकबाट अनुमोदन गर्ने गरी पदाधिकारीहरूको बैठकबाट निर्णय गरिनेछ ।

११. नेपाल निजामती कर्मचारी संगठनको विधान, २०६४ (दशौं संशोधन २०७८) बमोजिम केन्द्रीय सल्लाहकार समितिको सदस्यमा पूर्व उपाध्यक्ष मोहन गिरीलाई मनोनयन गरियो ।

१२. संगठनले एकता, एकीकरण र सामूहिक प्रवेशको कार्यक्रमलाई उच्च प्राथमिकताका साथ अगाडि वढाउने, अन्य ट्रेड युनियनहरूबाट आउने पदाधिकारी, सदस्यहरूलाई निजको योग्यता, क्षमता, क्रियाशिलता र ज्येष्ठताका आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरिनेछ ।

१३. केन्द्रीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरूको जिम्मेवारी वमोजिम गठन भएका केन्द्रीय विभागहरूमा देहायका संगठकहरूलाई सदस्यमा मनोनयन गरियो ।

१) **प्रशिक्षण विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | उपाध्यक्ष | भवानी न्यौपाने दाहाल | प्रमुख |
| २ | सचिवालय सदस्य | लक्ष्मी भुषाल | सदस्य |
| ३ | सचिवालय सदस्य | कविसिंह कठायत | सदस्य |
| ४ | सचिवालय सदस्य | कवि तिम्सिना | सदस्य |
| ५ | सचिवालय सदस्य | पुरुषोत्तम दाहाल | सदस्य |
| ६ | केन्द्रीय सदस्य | टिका के.सी. | सदस्य |
| ७ | केन्द्रीय सदस्य | तिर्थराज आचार्य | सदस्य |
| ८ | लेखा परीक्षण आयोग सदस्य | गीता के.सी. | सदस्य |
| ९ | बागमती प्रदेश अध्यक्ष | बरुण कुमार साह | सदस्य |
| १० | पूर्व केन्द्रीय सदस्य | महेन्द्र विश्वकर्मा | सदस्य |
| ११ | पूर्व केन्द्रीय सदस्य | ध्रुवराज भट्टराई | सदस्य |

२) **केन्द्रीय सहकारी विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १. | उपाध्यक्ष | रेवन्त गौतम | प्रमुख |
| २. | सचिवलय सदस्य | भवानी सापकोटा | सदस्य |
| ३ | सचिवालय सदस्य | अमित ढुंगाना | सदस्य |
| ४. | सचिवालय सदस्य | सुनिल लम्साल | सदस्य |
| ५. | सचिवालय सदस्य | वामदेव पन्थी | सदस्य |
| ६. | केन्द्रीय, सदस्य | राजेश शर्मा | सदस्य |
| ७. | केन्द्रीय सदस्य | राममणि ढुंगाना | सदस्य |
| ८. | अध्यक्ष, संगठन, भक्तपुर | लेखनाथ भट्टराई | सदस्य |
| ९. | अध्यक्ष, संगठन, ललितपुर | प्रल्हाद विष्ट | सदस्य |
| १०. | अध्यक्ष, सहकारी, झापा | वशिष्ठ अधिकारी | सदस्य |
| ११. | पूर्व अध्यक्ष, सहकारी विभागीय कार्य समिति | नमराज सापकोटा | सदस्य |

३) **गुनासो व्यवस्थापन विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | उपाध्यक्ष | प्रभाष प्रसाद साह | प्रमुख |
| २ | सचिव | पुरुषोत्तम रायमाझी | सदस्य |
| ३ | सचिव | विष्णु कुमारी अधिकारी | सदस्य |
| ४ | सचिव | वामदेव वली | सदस्य |
| ५ | सचिव | सूर्य बहादुर कुवँर | सदस्य |
| ६ | सचिव | दवेन्द्र ढकाल | सदस्य |
| ७ | सचिव | तेज प्रकाश भण्डारी | सदस्य |
| ८ | कार्यालय सचिव | पदम वहादुर शाही | सदस्य |
| ९ | कोषाध्यक्ष | गणेश प्रसाद आचार्य | सदस्य |

४) **विदेश विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | महासचिव | जीवन काफ्ले | प्रमुख |
| २ | सचिवालय सदस्य | केशवराज जोशी | सदस्य |
| ३ | केन्द्रीय परिषद् सदस्य | अनुप ढकाल | सदस्य |

५) **संगठन विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | उप-महासचिव | रामचन्द्र अधिकारी | प्रमुख |
| २ | सचिवालय सदस्य | गंगाराम नेपाल | सदस्य |
| ३ | सचिवालय सदस्य | कमला दाहाल | सदस्य |
| ४ | सचिवालय सदस्य | शान्ति विष्ट | सदस्य |
| ५ | सचिवालय सदस्य | ओम वहादुर कठायत | सदस्य |
| ६ | केन्द्रीय सदस्य | उमेश पराजुली | सदस्य |
| ७ | पूर्व केन्द्रीय सचिव | गंगा बहादुर सुनुवार | सदस्य |
| ८ | निवर्तमान केन्द्रीय सदस्य | बिपुल खड्का | सदस्य |
| ९ | सि.वि.ए. अध्यक्ष, कृषि | शुशिल खड्का | सदस्य |
| १० | केन्द्रीय प्रतिनिधि, उद्योग | राजेन्द्र घिमिरे | सदस्य |

६) **प्रचार, प्रसार तथा प्रकाशन विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | उप-महासचिव | युवाचन्द्र घिमिरे | प्रमुख |
| २ | सचिवालय सदस्य | केशवराज जोशी | सदस्य |
| ३ | सचिवालय सदस्य | ओम बहादुर कठायत | सदस्य |
| ४ | केन्द्रीय सदस्य | केदार प्रसाद खतिवडा | सदस्य |
| ५ | केन्द्रीय सदस्य | नगेन्द्र प्रसाद दाहाल | सदस्य |
| ६ | पूर्व केन्द्रीय सदस्य | रेणुका सुवेदी | सदस्य |
| ७ | केन्द्रीय प्रतिनिधि शहरी विकास | नवराज खतिवडा | सदस्य |
| ८ | केन्द्रीय प्रतिनिधि, नेपाल न्याय परिषद् | मोहन नेपाल | सदस्य |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| ९ | संगठन सचिव, ललितपुर | सुमन खड्का | सदस्य |
| १० | संगठक, स्वास्थ्य | दिपक रिजाल | सदस्य |
| ११ | संगठक, भूमिसुधार | विरेन्द्र रोकाय | सदस्य |

### ७) महिला विभाग :

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | उप-महासचिव | विजया लक्ष्मी सुवेदी | प्रमुख |
| २ | सचिवालय सदस्य | भवानी सापकोटा | सदस्य |
| ३ | सचिवालय सदस्य | लक्ष्मी भुषाल | सदस्य |
| ४ | सचिवालय सदस्य | कमला दाहाल | सदस्य |
| ५ | सचिवालय सदस्य | शान्ति विष्ट | सदस्य |
| ६ | सचिवालय सदस्य | देवी कुमारी पराजुली | सदस्य |
| ७ | सचिवालय सदस्य | याम कुमारी सापकोटा | सदस्य |
| ८ | केन्द्रीय सदस्य | शुशिला कुमारी शाह | सदस्य |
| ९ | केन्द्रीय सदस्य | टिका के.सी. | सदस्य |
| १० | केन्द्रीय सदस्य | निर्मला रेग्मी | सदस्य |
| ११ | केन्द्रीय सदस्य | लक्ष्मी पौडेल (स्वास्थ्य) | सदस्य |
| १२ | केन्द्रीय सदस्य | बसन्ती बस्न्यात | सदस्य |
| १३ | केन्द्रीय सदस्य | शान्ता ओझा | सदस्य |
| १४ | केन्द्रीय सदस्य | देवी पण्डित | सदस्य |
| १५ | केन्द्रीय सदस्य | जानुका पोखरेल | सदस्य |
| १६ | केन्द्रीय सदस्य | भिमा सुवेदी | सदस्य |
| १७ | केन्द्रीय सदस्य | कल्पना नेपाल | सदस्य |
| १८ | केन्द्रीय सदस्य | नम्रता चुडाल | सदस्य |
| १९ | केन्द्रीय सदस्य | दिपा परियार | सदस्य |
| २० | केन्द्रीय सदस्य | मेनका पोखरेल | सदस्य |
| २१ | केन्द्रीय सदस्य | किरण कुमारी साह | सदस्य |
| २२ | पूर्व केन्द्रीय सदस्य | रेणुका सुवेदी | सदस्य |
| २३ | उपाध्यक्ष भक्तपुर | कल्पना बस्नेत | सदस्य |

### ८) अतिरिक्त क्रियाकलाप विभाग :

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | उप-महासचिव | कृष्ण बहादुर के.सी. | प्रमुख |
| २ | सचिवालय सदस्य | बद्री कोइराला | सदस्य |
| ३ | केन्द्रीय सदस्य | अमर गिरी | सदस्य |
| ४ | केन्द्रीय सदस्य | गोविन्द अधिकारी | सदस्य |
| ५ | पूर्व केन्द्रीय सदस्य | दुर्गा बहादुर थापा | सदस्य |
| ६ | अध्यक्ष, वन तथा वातावरण | रविन ग्यालन | सदस्य |
| ७ | केन्द्रीय प्रतिनिधि, भौतिक | पुष्प आचार्य | सदस्य |
| ८ | केन्द्रीय प्रतिनिधि, उद्योग | सरस्वती श्रेष्ठ | सदस्य |
| ९ | पूर्व अध्यक्ष, गृह | माधव सिग्देल | सदस्य |
| १० | संगठक, राष्ट्रिय योजना आयोग | प्रभा पोखरेल | सदस्य |
| ११ | संगठक, स्वास्थ्य तथा जनसंख्या | दिनेश खत्री | सदस्य |

### ९) विपद् व्यवस्थापन विभाग :

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | पुरुषोत्तम रायमाझी | प्रमुख |
| २ | केन्द्रीय सदस्य | जानुका पोखरेल | सदस्य |
| ३ | केन्द्रीय सदस्य | लव कुमार वुढाथोकी | सदस्य |
| ४ | केन्द्रीय सदस्य | देवी पण्डित | सदस्य |
| ५ | पुर्व केन्द्रीय सदस्य | दिपक कुमार खड्का | सदस्य |
| ६ | अध्यक्ष, गृह | युवराज पंज्ञानी | सदस्य |
| ७ | केन्द्रीय प्रतिनिधि, श्रम | चन्द्र प्रसाद शर्मा | सदस्य |
| ८ | केन्द्रीय प्रतिनिधि, रामेछाप | राजु खड्का | सदस्य |
| ९ | संगठक, मकवानपुर | शभ्भु तामाङ | सदस्य |
| १० | संगठक, बझाङ | धन बहादुर घर्ती | सदस्य |
| ११ | संगठक, भक्तपुर | सावित्रा भट्टराई | सदस्य |

### १०) सेवा समन्वय विभाग :

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | विष्णु कुमारी अधिकारी | प्रमुख |
| २ | केन्द्रीय सदस्य | शुशिला कुमारी शाह | सदस्य |
| ३ | केन्द्रीय सदस्य | नारायण प्रसाद ज्ञवाली | सदस्य |
| ४ | केन्द्रीय सदस्य | अशोक न्यौपाने | सदस्य |
| ५ | केन्द्रीय सदस्य | नारायण प्रसाद भण्डारी | सदस्य |
| ६ | केन्द्रीय सदस्य | केदार प्रसाद खतिवडा | सदस्य |
| ७ | केन्द्रीय सदस्य | दिपक सापकोटा | सदस्य |
| ८ | केन्द्रीय सदस्य | जयानन्द पाण्डे | सदस्य |
| ९ | केन्द्रीय सदस्य | संजिव ढकाल | सदस्य |
| १० | केन्द्रीय सदस्य | पुष्पराज तिमिल्सिना | सदस्य |
| ११ | केन्द्रीय सदस्य | भिम बहादुर रावल | सदस्य |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १२ | केन्द्रीय सदस्य | काजी वहादुर श्रेष्ठ | सदस्य |
| १३ | अनुशासन आयोग सदस्य | मेघराज भट्टराई | सदस्य |
| १४ | संगठक, संघीय मामिला तथा सामान्य प्रशासन | गणेश घिमिरे | सदस्य |

**११) प्रदेश तथा स्थानीय तह र समावेशी समन्वय विभाग:**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | वामदेव वली | प्रमुख |
| २ | सचिवालय सदस्य | होम वहादुर खड्का | सदस्य |
| ३ | सचिवालय सदस्य | अशोक कुमार पोखरेल | सदस्य |
| ४ | सचिवालय सदस्य | गोविन्दराज सिवाकोटी | सदस्य |
| ५ | केन्द्रीय सदस्य | ताराप्रसाद निरौला | सदस्य |
| ६ | पूर्व उपाध्यक्ष सदस्य | कमला खड्का | सदस्य |
| ७ | पूर्व केन्द्रीय सदस्य | णराज तिवारी | सदस्य |
| ८ | पूर्व केन्द्रीय सदस्य | केशवराज पार्धे | सदस्य |
| ९ | पुर्व केन्द्रीय सदस्य | नरेन्द्र वहादुर शाह | सदस्य |
| १० | सि.वि.ए. अध्यक्ष, के.प्र., स्वास्थ्य | शेर बहादुर खड्का | सदस्य |
| ११ | केन्द्रीय प्रतिनिधि, काभ्रे | गौरव भट्ट | सदस्य |
| १२ | केन्द्रीय प्रतिनिधि, नुवाकोट | देवराज डाँगी | सदस्य |
| १३ | संगठक, काठमाडौं | सूर्य बहादुर डाँगी | सदस्य |

**१२) सामाजिक सेवा विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | सुर्य बहादुर कुवँर | प्रमुख |
| २ | सचिवालय सदस्य | पुष्पराज जोशी | सदस्य |
| ३ | सचिवालय सदस्य | होम बहादुर खड्का | सदस्य |
| ४ | केन्द्रीय सदस्य | प्रकाश शर्मा | सदस्य |
| ५ | केन्द्रीय सदस्य | रमेश भट्टराई | सदस्य |
| ६ | केन्द्रीय सदस्य | मेनका पोखरेल | सदस्य |
| ७ | अध्यक्ष, स्वास्थ्य तथा जनसंख्या | भोला अधिकारी | सदस्य |
| ८ | केन्द्रीय प्रतिनिधि, उद्योग | शुक्रमणी राई | सदस्य |
| ९ | केन्द्रीय प्रतिनिधि, भक्तपुर | संगिता ढुंगेल | सदस्य |
| १० | केन्द्रीय प्रतिनिधि, मुगु | ज्ञानसिंह बुढा | सदस्य |
| ११ | संगठक, अर्थ | डेकमणि पोखरेल | सदस्य |

**१३) सुचना प्रविधि तथा नीति अनुसन्धान विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | देवेन्द्र ढकाल | प्रमुख |
| २ | सचिवालय सदस्य | केशवराज जोशी | सदस्य |
| ३ | केन्द्रीय सदस्य | शान्ता ओझा | सदस्य |
| ४ | अध्यक्ष, लोक सेवा आयोग | मनोज न्यौपाने | सदस्य |
| ५ | पुर्व केन्द्रीय सदस्य | भिषण चौलागाई | सदस्य |
| ६ | सचिव, शहरी विकास | सुजन भण्डारी | सदस्य |
| ७ | संगठक | शालिकग्राम कोइराला | सदस्य |
| ८ | संगठन, उद्योग | नविन लामिछाने | सदस्य |

**१४) कानून, अनुसन्धान विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | सचिव | तेजप्रकाश भण्डारी | प्रमुख |
| २ | केन्द्रीय सदस्य | राजेन्द्र कुरुङवाङ | सदस्य |
| ३ | केन्द्रीय सदस्य | लक्ष्मीराज जोशी | सदस्य |
| ४ | केन्द्रीय सदस्य | पुष्पराज तिमल्सिना | सदस्य |
| ५ | केन्द्रीय सदस्य | बलराम खत्री | सदस्य |
| ६ | अध्यक्ष, महान्यायाधिवक्ताको कार्यालय | देवराज पौडेल | सदस्य |
| ७ | सि.वि.ए. अध्यक्ष, कानून | पुष्पराज धिताल | सदस्य |
| ८ | केन्द्रीय प्रतिनिधि, महान्यायाधिवक्ता | दिपेन्द्र ढूंगाना | सदस्य |

**१५) कार्यालय व्यवस्थापन विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | कार्यालय सचिव | पदम वहादुर शाही | प्रमुख |
| २ | केन्द्रीय परिषद् सदस्य | अर्जुन अधिकारी | सदस्य |
| ३ | पूर्व केन्द्रीय सदस्य | जनक के.सी. | सदस्य |
| ४ | केन्द्रीय प्रतिनिधि, लोक सेवा आयोग | जयराम नेपाल | सदस्य |
| ५ | केन्द्रीय प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या | एक नारायण अर्याल | सदस्य |

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| ६ | केन्द्रीय प्रतिनिधि, प्र.म. तथा म.प कार्यालय | शिव कुमार सुनुवार | सदस्य |
| ७ | केन्द्रीय प्रतितिधि, ललितपुर | श्याम बहादुर कुँवर | सदस्य |
| ८ | उपाध्यक्ष, सर्वोच्च अदालत | हेमा सापकोटा | सदस्य |
| ९. | संगठक, उद्योग वाा्( णज्य तथा आपूर्ति | हस्त बहादृर शाही | सदस्य |
| १० | संगठक, अर्थ | विश्वास विडारी | सदस्य |
| ११. | संगठक, अर्थ | हिरालाल बञ्जारा | सदस्य |

**१६) आर्थिक विभाग :**

| सि.नं. | पद | नाम, थर | जिम्मेवारी |
|---|---|---|---|
| १ | कोषाध्यक्ष | गणेश प्रसाद आचार्य | प्रमुख |
| २. | सचिवालय सदस्य | याम कुमारी सापकोटा | सदस्य |
| ३. | सचिवालय सदस्य | कवि तिम्सिना | सदस्य |
| ४. | सचिवालय सदस्य | वामदेव पन्थी | सदस्य |
| ५ | निवर्तमान केन्द्रीय सदस्य | ईश्वर ओझा | सदस्य |
| ६ | पूर्व सचिव, अर्थ | चुडामणि अर्याल | सदस्य |

१४. संगठनको भवन निर्माण गर्ने नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, बझाङलाई भवन निर्माण सहयोगको लागि संगठन केन्द्रीय कार्य समितिवाट रु. २,५०,०००।- (अक्षेरूपी दुई लाख पचास हजार) सहयोग प्रदान गरियो ।

१५. नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय पदाधिकारी, सदस्यहरूको वरियताक्रम निर्धारण गरी केन्द्रीय सचिवालयमा पेश गर्ने गरी संगठन केन्द्रीय कार्य समितिका अध्यक्ष लेखनाथ कोइरालालाई जिम्मेवारी प्रदान गरियो ।

१६. नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिले प्रत्येक वर्ष सञ्चालन गर्ने उपहार कार्यक्रम अन्तर्गत प्रदेश, जिल्ला/विभागीय कार्य समिति तथा केन्द्रीय तथा प्रदेश पदाधिकारी, सदस्यहरूले आ-आफ्नो दायित्वमा परेको उपहार रसिदको रकम सोहि वर्ष हिसाव मिलान गर्ने गरी उपहार कार्यक्रमलाई व्यवस्थित गर्ने निर्णय गरियो ।

१७. नेपाल निजामती कर्मचार्रा संगठनको ११औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय पदाधिकारी, सदस्य र आयोगका अध्यक्ष एवं सदस्यहरूलाई प्रति महिना रु. २००।-(अक्षरेपी दुईसय मात्र) लेवी तोक्ने निर्णय गरियो ।

१८. नेपाल निजामती कर्मचारी संगठनको बार्षिक कार्ययोजना २०७९/०८० देहाय बमोजिम पारित गरियो ।

# वार्षिक कार्ययोजना, २०७९

| सिंनं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक | | | | | | | | | | | | | |
| क) | केन्द्रीय कार्य समितिको बैठक | ✓ | | | | ✓ | | | | | | ✓ | | |
| २ | सदस्यता विस्तार/ अभिलेख व्यवस्थापन | | | | | | | | | | | | | |
| क) | सदस्यता नविकरण/कर्मचारी कल्याण कोषमा आवद्धता | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| ख) | नयाँ सदस्यता वितरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| ग) | सदस्यहरूको संख्या विश्लेषण (निजामती सेवा र संगठनमा तुलनात्मक अध्ययन) | | | | ✓ | | | | | | | | | |
| ३ | पेसागत संघ, संस्थासँग सम्बन्ध विस्तार | ✓ | | | | ✓ | | | | | | ✓ | | |
| ४ | अन्तरक्रिया/भेला/गुनासो सुनुवाई | आवश्यकता अनुसार | | | | | | | | | | | | |
| ५ | प्रशिक्षण (८ प्रदेश, ७७ जिल्ला ३७, विभाग र कम्तीमा १०० पालिका) | निरन्तर | | | | | | | | | | | | |
| (क) | केन्द्रीय प्रशिक्षक, प्रशिक्षण | ✓ | | | | | | | | | | | | |
| (ख) | प्रदेश स्तरीय प्रशिक्षण | | ✓ | | | ✓ | | | | | | | | |
| (ग) | जिल्ला/विभागीय स्तरीय प्रशिक्षण | | | | | | | | ✓ | ✓ | ✓ | ✓ | | |
| ६ | प्रकाशन | | | | | | | | | | | | | |
| क) | भित्तेपात्रो (क्यालेण्डर) | | | | | | | | | | ✓ | ✓ | | |
| ख) | “नेगो बुलेटीन” चौमासिक | ✓ | | | | ✓ | | | | | | ✓ | | |
| घ) | राष्ट्रसेवक दर्पण | | | ✓ | | | | | | | | | ✓ | |
| ङ) | संगठन सम्पर्क डायरी | | | ✓ | | | | | | | | | | |
| च) | अन्य प्रकाशन- प्रदेश, जिल्ला/विभागीय कार्य समिति) निरन्तर प्रोत्साहन गर्ने | वर्षको एक पटक | | | | | | | | | | | | |
| ७ | सहिद सम्बन्धमा | | | | | | | | | | | | | |
| क | सहिद स्मृति प्रतिष्ठान गठन | सांगठनिक निर्णय बमोजिम उपयुक्त समयमा | | | | | | | | | | | | |
| ८ | अतिरिक्त क्रियाकलाप | | | | | | | | | | | | | |

| सिंनं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | लोक सेवा तयारी कक्षा सञ्चालन | लोक सेवा आयोगको प्रकाशित क्यालण्डर तथा विज्ञापन अनुसार | | | | | | | | | | | | |
| ख) | उपहार कार्यक्रम सञ्चालन | ✓ | ✓ | ✓ | | | | | | | | ✓ | ✓ | |
| ग) | च्यारिटी सो कार्यक्रम उपयुक्त समयमा | सांगठनिक निर्णय बमोजिम उपयुक्त समयमा | | | | | | | | | | | | |
| घ) | अन्तर ट्रेड युनियन खेलकुद प्रतियोगिता | | ✓ | | | | | | | | ✓ | | | |
| ङ) | हाजिरी जवाफ प्रतियोगिता राष्ट्रव्यापी | ✓ | | | | | | | | | | | ✓ | |
| च) | हाजिरी जवाफ प्रतियोगिता (प्रदेश स्तरीय) | | | | | | | | | | ✓ | | | |
| छ) | रक्तदान कार्यक्रम | ✓ | | | | | | | | | | | | |
| ज) | बनभोज कार्यक्रम (केन्द्र, जिल्ला) | | | | | ✓ | ✓ | ü | ✓ | | | | | |
| झ) | Website Update/ Negeo Notice Board Service, Negeo app | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ञ) | तीज विशेष कार्यक्रम | | ✓ | ✓ | | | | | | | | | | |
| ९ | सहकारी सम्बन्धी | अनिवार्य रूपमा पौष मसान्तभित्र साधारण सभा सम्पन्न गर्ने । | | | | | | | | | | | | |
| क) | सहकारी विस्तार (थप ८ जिल्ला) | आ.व. २०७९/०८० भित्र सबै जिल्लामा सहकारी दर्ता प्रकृया अगाडि वढाउने | | | | | | | | | | | | |
| ख) | राष्ट्रसेवक सहकारी संस्थाहरूको अवस्थाको अध्ययन | विज्ञ टोलीबाट TOR अनुसार पौष महिनासम्म राष्ट्रसेवक सहकारीको प्रतिवेदन केन्द्रमा वुझाउने | | | | | | | | | | | | |
| १० | दिवस/उत्सव/समारोह | | | | | | | | | | | | | |
| क) | संगठन स्थापना दिवस | | | | | | | | | | ✓ | | | |
| ख) | सहीद स्मृति दिवस | ✓ | | | | | | | | | | | | |
| ग) | ट्रेड युनियन दर्ता दिवस | | | | | | ✓ | | | | | | | |
| घ) | निजामती सेवा दिवस | | ✓ | | | | | | | | | | | |
| ङ) | अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) | | | | | | | | ✓ | | | | | |
| च) | मे दिवस (May १) | | | | | | | | | | ✓ | | | |
| छ) | पेसागत महासंघ स्थापना  दिवस | | | | | | | | | | | ✓ | | |
| ११ | बिदेश सम्बन्ध | | | | | | | | | | निरन्तर | | | |

| सिंनं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| (क) | ट्रेड युनियन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भेला | आवश्यकता अनुसार | | | | | | | | | | | | |
| १२ | भेला/गोष्ठि/ अन्तरक्रिया | आवश्यकता अनुसार | | | | | | | | | | | | |
| क) | "नेगो भिजन" तयारी | | | | | | | | | | ✓ | | | |
| ख) | संगठन सुदृढीकरण, नागरिकसँग संगठन, भ्रष्टाचार विरोधी अभियान | | | | | | | ✓ | ✓ | ✓ | | | | |
| ग) | संगठनभित्र विज्ञ समूह गठन, निर्माण तथा बैठक | ✓ | | | | ✓ | | | | | ✓ | | | |
| घ) | सञ्चारमा प्रभावकारिता | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ङ) | लोक सेवा आयोग उर्तिण भएका परिक्षार्थी /कर्मचारीहरूलाई केन्द्र, प्रदेश र जिल्ला, विभागीय कार्य समितिद्वारा स्वागत तथा सम्मान कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १३ | आर्थिक कार्यक्रम | | | | | | | | | | | | | |
| क) | केन्द्रीय कार्य समितिका पदाधिकारी, सदस्यहरूको ले.वी. लगायत अन्य सहयोग संकलन | ✓ | | | | ✓ | | | | ✓ | | | | |
| ख) | केन्द्रीय बक्यौता असूली | ✓ | ✓ | ✓ | ✓ | ✓ | | | | | | | | |
| १४ . | बैज्ञानिक र चक्रिय सरुवा प्रणाली सम्बन्धी गोष्ठी, अध्ययन कार्यदल गठन र सुझाव प्राप्ति | संगठनको निर्णय अनुसार | | | | | | | | | | | | |
| १५ | प्रदेश, जिल्ला/ विभागीय कार्य समिति अनुगमन, मूल्याङकन | | | | | | | | ✓ | ✓ | ✓ | | | |
| १६ | उत्कृष्ट प्रदेश, जिल्ला/ विभागीय कार्य समिति छनौट | ✓ | | | | | | | | | | | | |
| १७ | राष्ट्रसेवक सहकारी संस्थाहरूको प्रदेश/ राष्ट्रिय भेला | | | | | | | ✓ प्रदेश | ✓ प्रदेश | ✓ केन्द | ✓ केन्द्र | | | |
| १८ | राष्ट्रिय महिला भेला केन्द्र | | | | | | | | | ✓ | | | | |
| १९. | अन्तर्राष्ट्रिय स्तरमा सरकारी सेवामा रहेका कर्मचारीहरूले गरिरहेको ट्रेड युनियन अभ्यास सम्बन्धमा अध्ययन र प्रतिवेदन प्रस्तुत | बार्षिक रूपमा अध्ययन गर्ने । | | | | | | | | | | | | |
| २०. | वैज्ञानिक तलवमान निर्धारणका लागि अध्ययन कार्यदल गठन | सांगठनिक निर्णय अनुसार बैशाख महिनाभित्र | | | | | | | | | | | | |

१९. नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको दोस्रो बैठकमा माथि उल्लेखित भएका निर्णयका अतिरिक्त तपसिल बमोजिमका विविध प्रस्तावहरू पारित गरियो ।

**तपसील :**

१. तीनै तहमा कार्यरत सबै सेवाका कर्मचारीलाई निजामती कर्मचारीको परिभाषामा समावेश गराउन पहल गरिनेछ।

२. तीनै तहमा कार्यरत कर्मचारीहरूलाई मार्गनिर्देशन गर्ने मूल कानुन निजामती सेवा ऐन जारी गर्न सरकारबाट गरिएको ढिलासुस्ती प्रति घोर आपत्ति प्रकट गर्दै यथाशीघ्र तीनै तहको लागि कर्मचारी तथा ट्रेड युनियनमैत्री ऐन जारी गर्न विशेष पहल गरिनेछ। हाम्रो माग बमोजिम ऐन जारी नभएमा संगठनको नेतृत्वमा संयुक्त ट्रेड युनियन सञ्जाल मार्फत चरणवद्ध आन्दोलनका कार्यक्रम अगाडि बढाइनेछ।

३. आर्थिक वर्ष २०७९/०८० को बजेट निमार्णको क्रममा अर्थ मन्त्रालयमा अनाधिकृत व्यक्तिको प्रवेशले बजेट निर्माण र गोपनीयतामा प्रश्न चिन्ह खडा भई समग्र राष्ट्रको शिर झुकाउने काम भएको घटना प्रति संगठन घोर आपत्ति व्यक्त गर्दछ।

४. आर्थिक वर्ष २०७९/०८० को बजेटमा घोषणा भएको तलबमान वृद्धिको विपरित हालसालै बरियता क्रमअनुसार तलबमान मिलानको नाममा अर्थ मन्त्रालयबाट प्रस्ताव भएको असमान तलब वृद्धिको निर्णयप्रति संगठनले विरोध गरेको छ। सबै पद र तह अनुसारको तलबमान अन्तरलाई समायोजन गरी तीनै तहमा कार्यरत सबै कर्मचारीको न्यायोचित रूपमा तलबमान मिलानको लागि तत्काल पे-कमिशन गठन गर्न सरकारलाई दबाव दिने।

५. ट्रेड युनियन अधिकारलाई मौलिक हकको रूपमा संविधानमा नै स्पष्ट व्यवस्था गराउन पहल गरिनेछ।

६. पेट्रोलियम पदार्थ लगायतका उपभोग्य वस्तुहरूमा भएको मूल्यवृद्धि, कृत्रिम अभाव, भ्रष्टाचार, अनियमितता, खाद्यान्न अभाव, कृषि मल र बिउ बिजनको अभाव, प्राकृतिक स्रोत साधनको अति दोहन, शान्ति सुरक्षाको खस्कदो स्थिति, वातावरणीय विनास, खानेपानीको अभाव आदि जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका बारेमा बहस पैरवी र सम्बन्धित पक्षको ध्यानाकर्षण गराइने छ।

७. ७५३ वटै स्थानीय तहमध्ये पालिका अधिवेशन सम्पन्न गर्न बाँकी रहेका पालिकाहरूमा २०७९ चैत्र मसान्तसम्म नेपाल निजामती कर्मचारी संगठनको पालिका अधिवेशन सम्पन्न गरिनेछ।

८. पेसागत महासंघ नेपालको जिल्ला अधिवेशन सम्पन्न हुन बाँकी जिल्लाहरूमा अधिवेशन सम्पन्न गर्न नेपाल निजामती कर्मचारी संगठनले नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

९. २०७९ मंसिर ४ मा सम्पन्न हुन गइरहेको प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित, भयमुक्त वातावरणमा सम्पन्न गर्ने कार्यमा सरिक हुन सम्पूर्ण संगठक कर्मचारी लगायत सम्बन्धित सबैमा हार्दिक आव्हान गर्ने ।

१०. अस्थायी, करार सेवामा कार्यरत कर्मचारीहरूलाई आस्थाका आधारमा अपमानजनक तवरले सेवा सुरक्षाको कुनै सुनिश्चितता नगरी सेवाबाट हटाउने कार्यको विरोध गर्दै कार्यसम्पादनका आधारमा साविककै करार कर्मचारीलाई निरन्तरता दिन विशेष पहल गर्ने ।

११. सदस्यता वितरण तथा नवीकरणसँग "**कर्मचारी कल्याण कोष**" कार्यक्रमलाई अझ व्यवस्थित बनाई सबै संगठक सदस्यहरूबीच प्रभावकारी रूपमा लागू गर्ने ।

१२. सबै कार्य समिति र मातहतका सदस्यहरूलाई “ट्रेड युनियन अधिकार र पेसागत व्यावसायिकता” विषयमा पालिका स्तरसम्म प्रशिक्षण कार्यक्रम निरन्तर सञ्चालन गर्ने ।

१३. हालै सरकारद्वारा संघ, प्रदेश र स्थानीय तहमा सिर्जना गरिएको सरुवा आतंकलाई अविलम्ब रोक्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने साथै तीनै तहमा कार्यरत कर्मचारीको सरुवालाई वैज्ञानिक चक्रिय, पारदर्शी पूर्वानुमानयोग्य हुने गरी व्यवस्थापन गर्न नेपाल सरकारसँग जोडदार माग गर्ने । सो सम्बन्धी स्पष्ट नीति निमार्णमा सहयोग पुग्ने गरी संगठनको तर्फबाट सम्बन्धित सेवाका विज्ञहरूसँग परामर्श गरी प्राप्त सुझाव नेपाल सरकार समक्ष पेश गर्ने ।

१४. संघीय सेवाबाट प्रदेश र स्थानीय तहमा लोक सेवा आयोगको उमेर हद नलाग्ने गरी भएको विज्ञापनबाट सिफारिस भई पदस्थापना भएका कर्मचारीहरूको साविककै सेवा सुरक्षा लगायत सेवा अवधि जोड्ने व्यवस्थाका लागि पहल गर्ने ।

१५. संघबाट स्थानीय तहमा खटाईएका प्रमुख प्रशासकीय अधिकृतलाई कार्यपालिकाले हाजिर गर्न नदिई फिर्ता पठाएको व्यवहारप्रति घोर विरोध गर्दै यस प्रकृतिका घटना दोहोरिन नदिनको लागि सम्बन्धित मन्त्रालय मार्फत विशेष पहल गर्ने ।

१६. निजामती सेवा दिवस (भाद्र २२) को अवसरमा प्रदान गरिने निजामती सेवा पुरस्कारलाई उद्देश्यमूलक र पारदर्शी ढंगबाट कार्यसम्पादन मूल्यांकनका आधारमा आधिकारिक ट्रेड युनियन र राष्ट्रिय स्तरका ट्रेड युनियनहरूको सहभागितमा सेवा समूह अनुसार विभिन्न विधामा उपलव्ध गराउन नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

१७. स्थानीय तहको निर्वाचन, २०७९ मा ट्रेड युनियनका पदाधिकारी लगायत अन्य सबै कर्मचारी खटन पटनमा गरिएको विभेदपूर्ण व्यवहारको अन्त्य गर्दै २०७९ मंसिर ४ गते सम्पन्न हुने संघ र प्रदेश तहको आम निर्वाचनमा निष्पक्ष रूपमा कर्मचारीहरू खटाउन माग गर्ने ।

१८. साविक घरेलु उद्योग विकास समिति/दूर्गम क्षेत्र विकास समिति/साविकमा जिल्ला विकास समिति वा अन्तरगत कार्यरत रही कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका तथा सो पश्चात प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तह तथा प्रदेशमा कार्यरत, हालसम्म राष्ट्रिय किताबखानामा दर्ता नभएका कर्मचारीको हकमा कर्मचारी संकेत नम्वर कायम गर्न पहल गर्ने ।

१९. सञ्चय कोषबाट सञ्चयकर्ताहरूले पाउने ब्याज रकम र ऋण लिए वापत तिर्नुपर्ने रकम बीचको फरकलाई कम गर्दै कर्मचारी सञ्चय कोषबाट प्रदान गरिने कर्जा र अन्य सेवाहरूमा समयानुकूल परिमार्जनका लागि पहल गर्ने ।

२०. सहकारी ऐन, २०७४ मा पेसाकर्मीले सञ्चालन गरेका सहकारीहरूका लागि लगाइएको विशेष प्रकारका बन्देजहरू (कर, दोहोरो सदस्यता, प्रतिनिधित्व) सहकारीमैत्री हुने गरी संशोधन गर्न माग गर्ने ।

२१. अस्थायी, करार र ज्यालादारीमा कार्यरत कर्मचारीहरूको सेवा सुरक्षा सुनिश्चित गर्दै महंगी भत्ता लगायत अन्य सुविधाहरू उपलब्ध गराउन पहल गर्ने ।

२२. सेवा निवृत्त कर्मचारीको ज्ञान, सीपलाई पूँजिकृत गर्दै समाज र संगठनको श्रीवृद्धिको लागि अधिकतम उपयोग गर्न पहल गर्ने ।

२३. कार्यालयमा पाल्नु हुने सबै सेवाग्राहीहरूलाई नेपाल निजामती कर्मचारी संगठनको हरेक सदस्यले अनिवार्य रूपमा “मुस्कान सहितको सेवा प्रवाह”को प्रत्याभूति गर्दै “**आफैबाट नमस्कार**” गर्ने अभियानको थालनी गर्ने र अन्य सेवा प्रदायकहरूलाई पनि सो का लागि अनुरोध गर्ने ।

२४. संघ, प्रदेश र स्थानीय तहमा एकै प्रकृतिको पदसोपान हुने गरी तहगत प्रणाली लागू गराउन पहल गर्ने ।

२५. नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लिमिटेडलाई दर्ता हुन बाँकी जिल्लामा विस्तार गरी राष्ट्रसेवक सहकारी केन्द्रीय संघ गठन गर्न पहल गर्ने ।

२६. सहकारीको कूल सम्पत्ति र दायित्वको सीमाको आधारमा देशैभरी सञ्चालनमा रहेका राष्ट्रसेवक सहकारी सञ्चालन सम्बन्धमा न्यूनतम मापदण्ड तयार पारी कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइने ।

२७. "नेगो एप" मार्फत संगठनको सम्पूर्ण सूचना व्यवस्थित गर्दै एकीकृत सूचना प्रणालीको विकास गरिने ।

२८. हालै संघीय संसदबाट पारित भएको तथ्याङ्क ऐन, २०७८ को आशय बमोजिम साविकमा रहेका ३३ वटा तथ्याङ्क कार्यालयलाई विस्तार गरी ७७ वटै जिल्लामा विस्तार गर्न माग गर्ने ।

२९. QR कोड मार्फत संगठनको कार्यालय, बैठक, भेला अधिवेशनमा हुने आर्थिक कारोबारलाई सूचना प्रविधिमैत्री तथा पारदर्शी तरिकाले भुक्तानी गर्न QR कोड शुरुवात गर्ने ।

३०. राष्ट्रसेवक कर्मचारीलाई यातायात र खाजा खर्च वापत दैनिक न्यूनतम रकम रु. १००।- बाट आरम्भ गर्न पहल गर्ने ।

३१. घरेलु उद्योग विकास समिति/दूर्गम क्षेत्र विकास समिति/साविकमा जिल्ला विकास समिति वा अन्तर्गत कार्यरत कर्मचारीको विभिन्न वहानामा वृत्ति विकास रोकिएकोमा अविलम्ब वृत्ति विकासलाई अगाडि वढाउन पहल गरिने ।

३२. विभिन्न जिल्लालाई नेपाल सरकारले दुर्गम जिल्ला घोषणा गरेको तर राष्ट्रसेवक कर्मचारीहरूलाई दुर्गम भत्ता व्यवस्था नभएकोले सो व्यवस्थाका लागि आवश्यक पहल गर्ने ।

३३. स्वास्थ्य सेवामा रहेको तहगत प्रणाली अनुरूप प्राप्त भएको ग्रेडमा समायोजन ग्रेड थप गरी उपलब्ध गराउन माग गर्ने ।

३४. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन भई कार्यरत कर्मचारीलाई प्रोत्साहन स्वरूप दिइएको २ ग्रेड छुट्टै प्रोत्साहन ग्रेडको रूपमा कायम गरी साविकको ग्रेडलाई यथावत राख्न पहल गर्ने ।

३५. "नागरिकसँग नेपाल निजामती कर्मचारी संगVन"को अभियान सञ्चालन मार्फत सेवा प्रवाह भन्दा भिन्न रूपमा पनि नागरिकसँग नजिक हुने खालका संगठनद्वारा सञ्चालित विपद् तथा राहत व्यवस्थापन, बृहत स्वास्थ्य शिविर, रक्तदान, वृद्धाश्रमहरूमा खाना तथा कपडा वितरण, वृक्षारोपण जस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा निरन्तरता दिइने ।

३६. वैदेशिक सम्वन्ध विस्तारका माध्यमबाट संगठनको पहिचान अन्तर्राष्ट्रिय स्तरमा बढाउन WFTU, NEHAWU, TUI-PIS, AISGEF लगायतका अन्तर्राष्ट्रिय संघ/संस्थासँग सुमधुर सम्बन्ध कायम राख्न प्रभावकारी ढंगले कुटनैतिक सम्बन्ध विस्तार गरिने ।

३७. निजामती सेवा नियमावली, २०५० मा रहेको असाध्य रोगको परिभाषामा क्यान्सर, मुटु, मृगौंला, किड्नी, हेडइन्जुरी, पार्किन्सन्स, स्पाईनलइन्जुरी, सिक्कलसेल एनिमिया र हेमोडायलासिस रोगको प्रकार समेत थप गर्न र यस्ता रोगको उपचारका लागि निजामती अस्पतालमा विशेषज्ञ सेवा सहितको सुविधा सम्पन्न उपचार कक्षको व्यवस्था गर्न पहल गरिने ।

३८. बजेटमा घोषणा भएको आन्तरिक पर्यटन काजको व्यवस्थालाई यथाशीघ्र कार्यान्वयनको लागि पहल गर्ने ।

३९. १८० दिन भन्दा बढी सञ्चित हुने घर विदाको रकम प्रत्येक वर्ष वैशाख महिनाभित्र भुक्तानी दिने व्यवस्थाका लागि पहल गर्ने ।

४०. कर्मचारीहरूलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी तोकी बहालवाला र सेवानिवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि "निजामती कर्मचारी रासन **कार्ड**"को व्यवस्था गर्नुपर्ने ।

४१. कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट उपलब्ध गराइदै आएको सापटी रकमको ब्याजदरलाई न्यूनीकरण गर्न पहल गर्ने ।

४२. निजामती अस्पताल र निजामती विद्यालय सबै प्रदेश तहमा विस्तार गर्न पहल गर्ने ।

४३. योग्यता पुगेका करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोक सेवा आयोगबाट निश्चित प्रक्रिया पूरा गरी स्थायी गर्नका लागि पहल पर्ने ।

४४. श्रेणी विहिन कर्मचारीहरूलाई छैठौं तहसम्मको स्तर वृद्धिको व्यवस्था र छैठौं तहमा ७ (सात) ग्रेडसम्म तलब वृद्धि हुने व्यवस्था हुनुपर्ने ।

४५. कर्मचारीसँग सम्बन्धित निकायहरू निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता निकायहरूमा आधिकारिक ट्रेड युनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने ।

४६. स्वास्थ्य सेवाका कर्मचारीलाई तीनै तहमा प्रभावकारी व्यवस्थापन गर्नुपर्ने ।

४७. कार्यसम्पादन मूल्यांकनलाई वस्तुगत सूचकमा आधारित बनाई सेवा सुविधा, वृत्ति विकास र दण्ड पुरस्कारमा प्रत्यक्ष आवद्धता खोजिनु पर्ने ।

४८. कुनै कर्मचारी निलम्वन भई लामो समयपछि फुकुवा भएमा निजले पाउने पारिश्रमिक आधा महिनाको तलव हुन आउने रकम एक वर्षको आय मानी कर हिसाव हुँदा १५ प्रतिशत कर तिर्नुपर्ने अवस्था रहेकोले सो आयलाई निलम्वन अवधिको प्रत्येक वर्षको हिसाव गरी कर गणना गरिनु पर्ने ।

अन्त्यमा, हामी संगठनको दोस्रो बैठकले पारित गरेका कार्यनीति तथा कार्यभारहरूको कार्यान्वयनको जिम्मेवारी पूरा गर्ने अभियानमा छौं । केन्द्रीय कार्य समितिको दोस्रो बैठकले गरेका महत्वपूर्ण निर्णयहरू कार्यान्वयनको लागि आफु र आफु मातहतका प्रदेश, जिल्ला/विभागीय कार्य समिति तथा सम्पूर्ण संगठक मित्रहरूलाई यसै परिपत्र मार्फत जानकारीका लागि अनुरोध छ। धन्यवाद ।

...............................

**पदम बहादुर शाही**

कार्यालय सचिव

# नेपाल निजामती कर्मचारी संगठनद्वारा पेसागत महासंघ नेपाललाई पठाईएको नेपालको सार्वजनिक प्रशासनमा गर्नुपर्ने सुधार सम्बन्धी सुझावहरू

१. **ऐन, कानून निर्माण :**

१.१ संघीय संरचना बमोजिम प्रशासनिक संघीयताको सफल कार्यान्वयनको लागि तीनै तहमा निजामती सेवा ऐन लगायतका कानूनहरूलाई जनमैत्री तथा कर्मचारीमैत्री ढंगबाट निर्माण गरी मुलुकको सार्वजनिक प्रशासनलाई प्रभावकारीरूपमा सञ्चालन गरिने छ।

१.२ संघ, प्रदेश र स्थानीय निजामती सेवा ऐनमा राष्ट्रियस्तरका ट्रेड युनियन अधिकार र महासंघीय स्वरूप र चरित्रको (संघ, प्रदेश र स्थानीय तहका आधिकारिक ट्रेड युनियनका प्रतिनिधिहरू सहभागी हुने गरी) आधिकारिक ट्रेड युनियनको सुनिश्चितता गरिने छ।

१.३ संघीय निजामती सेवा ऐनलाई तीनै तहबीचको प्रशासनबीच वृत्ति गतिशिलता र एकरूपता हुने गरी जारी गर्दै निजामती सेवाको दीर्घकालीन सुधारका लागि राष्ट्रिय कर्मचारी नीति समेत जारी गरी कार्यान्वयनमा लगिनेछ

२. **सार्वजनिक सेवा प्रवाहः**

२.१ नेकपा (एमाले) को नेतृत्वको सरकारले शुरु गरेका Paperless सार्वजनिक सेवा प्रवाहको अवधारणालाई पूर्ण कार्यान्वयन गरिने छ।

२.२ "सुखी नेपाली र समृद्ध नेपाल" निर्माणको मूल मर्मलाई आत्मसात गरी कार्यबोझ र कार्यविश्लेषणका आधारमा तीनै तहको प्रशासनिक पुनःसंरचना गरी तीनै तहमा जनमुखी र जनतालाई पायक पर्ने स्थानमा कार्यालय स्थापना र विस्तार गर्दै जनसेवाको नीति अवलम्बन गरी एकीकृत घुम्ति शिविर मार्फत जनताको सेवा प्रवाहलाई सहज वनाईने छ।

२.३ Digital Nepal Framework को अवधारणालाई कार्यान्वयनमा ल्याईनेछ। सूचना प्रविधिमा आएको अभूतपूर्व विकासको प्रभाव सार्वजनिक सेवा वितरण समेतको प्रशासनिक परिपाटीमा देखिनु पर्ने भएकाले पछिल्लो समयमा विकास भएको विद्युतीय शासनको अवधारणालाई व्यवहारमा अङ्गिकार गरिने छ।

२.४ जनताको सेवा प्रवाहलाई स्वचालितढंगबाट व्यवस्थित गर्न सबै कार्यालयहरूमा टोकन प्रणाली लागू गरिने छ।

३. **सुशासन :**

३.१ सार्वजनिक सेवालाई जवाफदेही, पारदर्शी र भ्रष्टाचारमुक्त बनाई सुशासन कायम गरिने छ।

३.२ अन्य मुलुकहरूको सार्वजनिक प्रशासनसँग नेपालको सार्वजनिक प्रशासनलाई मापन हुने गरी क्षमता अभिवृद्धि गरिने छ।

३.३ जनताको सेवा प्रवाहको बढ्दो चाप र मुलुकको आर्थिक अवस्था समेतलाई ध्यानमा राखि राज्य कोषमा दिन

प्रतिदिन बढ्दै गएको चालु खर्चको हिस्सा कम गर्न सार्वजनिक प्रशासनको पुनःसंरचना (निजामती, जंगि, प्रहरी र संस्थानहरूको संख्या, संगठन र कार्यक्षेत्र) को स्पष्ट आधार निर्माण गरी पुनरावलोकन गरिने छ।

३.४ संघीयताको मूल मर्म अनुसार कार्य विभाजन गरी सार्वजनिक सेवाको गठन गरिने छ। कार्य विभाजन गर्दा संघ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सहअतित्वको भावना समेटी संघीय सरकारले नीति बनाउने, प्रदेश सरकारले समन्वय गर्ने र स्थानीय सरकारले कार्यान्वयन गर्न व्यवस्था मिलाइने छ।

३.५ प्रदेश र स्थानीय तहको प्रशासनिक संरचनालाई संस्थागत बनाउँदै त्यहाँ काम गर्ने कर्मचारीहरूलाई तालिम र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्ने साथै कर्मचारीहरूको सेवाप्रवाह सम्बन्धमा जनताबाट मूल्याङ्कन गर्ने परीपाटिको विकास गरी people incentive plan सञ्चालन गर्ने।

४. **क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाह** :

४.१ सेवा प्रदायकका कारण सेवा प्रवाहमा ढिलासुस्ती भएमा सेवाग्राहीलाई सेवा प्रदायक संस्थाबाट नै क्षतिपूर्ति उपलब्ध गराउनु पर्ने व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

४.२ कर्मचारीहरूको तलव तथा सेवा सुविधालाई समयानूकुल र आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्ने बनाउन उच्च स्तरीय तलब सुधार पुनरावलोकन समिति निर्माण गरी पुनरावलोकन गरीनेछ साथै तलबको केही हिस्सालाई कार्यसम्पादन मूल्याङ्कनमा आधारित तलब प्रणाली लागु गर्दै लगिनेछ।

५. **एकीकृत विकास पूर्वाधार प्राधिकरण गठन** :

५.१ विकास निर्माणका कार्यहरूलाई व्यवस्थित, मितव्ययी, प्रभावकारी र दिगो बनाउनको लागि एकद्वार प्रणालीबाट सेवा प्रवाह गर्न एकीकृत विकास पूर्वाधार प्राधिकरण गठन गरिने छ।

५.२ सार्वजनिक प्रशासनलाई प्रयोगात्मक सेवा प्रणालीमा रूपान्तरण गरी राष्ट्रसेवकहरूलाई आत्मनिर्भरताका लागि उत्पादनका क्षेत्रमा जोड्दै राष्ट्रको उत्पादकत्वमा समेत वृद्धि गरिने छ।

५.३ सहकारी मार्फत समाजवादी अर्थतन्त्रको विकास गर्न सार्वजनिक प्रशासनका क्षेत्रमा क्रियाशिल राष्ट्रसेवकहरूलाई सहकारीमा जोड्न प्रोत्साहित गरिने छ।

५.४ कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष मार्फत सञ्चालन गरीने शेयर लगानीमा प्रोत्साहित गरी कर्मचारीहरूलाई दीर्घकालीन सुरक्षण बचतका योजनाहरूमा सहभागी हुन उत्प्रेरित गरीनेछ।

६. **विविध** :

६.१ सार्वजनिक प्रशासनलाई पारदर्शी, उत्तरदायी, जवाफदेही र व्यावसायिक गुणयुक्त बनाउन सार्वजनिक प्रशासनमा कार्यरत कर्मचारीको सदाचार नैतिकता र आचरण सम्बन्धी कानूनी प्रबन्ध गरिने छ।

६.२ दुर्गम क्षेत्रको सार्वजनिक सेवा वितरण प्रभावकारी हुन नसकेको, सो क्षेत्रमा कर्मचारी जनशक्ति पर्याप्त रूपमा राख्न नसकिएको, दक्ष र व्यावसायिक विज्ञहरूको सेवा दुर्गम क्षेत्रमा विस्तार हुन नसकेको सन्दर्भलाई गम्भीरतापूर्वक लिई दुर्गम क्षेत्रको सेवा प्रवाह प्रभावकारी बनाउन आवश्यक ब्यवस्था गरिने छ।

६.३ सार्वजनिक सेवालाई समावेशी बनाउन समावेशीकरणका विभिन्न उपायहरू अवलम्बन गरिएको सन्दर्भलाई विवेचना गर्दै त्यसले पारेको प्रभाव र असर समेतलाई दृष्टिगत गरी विविधता व्यवस्थापन र सुधारका क्षेत्रहरू पहिचान गरी कार्यान्वयन गरिने छ।

६.४ अस्थायी, करार र ज्यालादारीमा काम गर्ने श्रमिकहरूको सामाजिक सुरक्षा कोषमा आवद्धता जनाउने र श्रमिकका आधारभूत समस्या समाधानका लागि आवश्यक पहल गरिने छ।

६.५ संघीय संरचनाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका र समायोजन भई केहि स्थानीय तहबाट हाजिर नगराई फिर्ता गरी समायोजन बाँकी रहेका हकमा आवश्यक कानूनी प्रक्रिया पूरा गरी समायोजन मिलानको व्यवस्थापन गरिने छ साथै राजनैतिक आस्थाका आधारमा कर्मचारीलाई गरिने विभेदको अन्त्य गरिने छ।

६.६ कर्मचारीहरूमा अशल मनोवृत्ति, सेवा प्रति प्रतिबद्ध साथै सदाचार र नैतिकताको स्तरलाई उच्च राख्न सकारात्मक सोचका क्षेत्रमा अध्ययन अनुसन्धान, योग, ध्यान लगायतका अतिरिक्त क्रियाकलापमा लाग्न प्रेरित गरिनेछ।

६.७ कर्मचारीलाई सामाजिक सुरक्षाको प्रत्याभूति गराउन निजामती अस्पताललाई प्रादेशिक स्तरमा विस्तार गर्ने, कर्मचारीहरूलाई सामूहिक आवासको व्यवस्थापन गर्ने नीति अवलम्बन गर्ने, योगदानमा आधारित विमा नीतिको अख्तियार गर्ने, सबै प्रदेशमा निजामती विधायलयको सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

**नेपाल निजामती कर्मचारी संगठन**

**(Nepal Government Employees' Organization)**

**केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं**

(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

प.सं.:

च.नं.:

मिति: २०७९/०४/२३

प्रेस विज्ञप्ती ।

नेपाल निजामती कर्मचारी संगठन निजामती कर्मचारीहरूको पेशागत हक, हित, सुरक्षा, वृतिविकास, सेवा सुविधा र सेवा प्रवाह सुधारको लक्ष्यका साथ २०४७ सालमा स्थापित निजामती क्षेत्रको पहिलो र शसक्त राष्ट्रिय स्तरको ट्रेड युनियन हो ।

यस संगठनले निजामती कर्मचारीहरूको लागी भरण पोषण योग्य तलव सुविधाका लागी निरन्तर वकालत गरिरहेको छ । कर्मचारीको तलव वृद्धि प्रतिशतका आधारमा होईन श्रेणि विहिन पद देखि मुख्य सचिव सम्म समान अंकमा वृद्धि गर्नु पर्ने यस संगठनको मान्यता रहेकोमा आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमा राष्ट्रसेवक कर्मचारीहरूको तलवमान समान प्रतिशतमा वृद्धि गरिने विषय उल्लेख भई सोही अनुरुप संघीय संसदवाट बजेट पारित भएको थियो ।हाले नेपाल सरकार अर्थ मन्त्रालयको छाप र जिम्मेवार अधिकारीको दस्तखत सहितको राष्ट्रसेवक कर्मचारीहरूको नयाँ फरक फरक तलवमान उल्लेख भएवाट आम राष्ट्रसेवक कर्मचारीहरूमा अन्योलता बढाएको छ । एउटा जिम्मेवार निकायवाट दुई फरक फरक कागजात सार्वजनिक हुने विषय प्रति संगठनको गम्भिर ध्यानाकर्षण भएको छ ।

कर्मचारीहरूको समय सापेक्ष तलव वृद्धि संगठनको माग हो । तलव वृद्धि गर्दा राजपत्र अनंकित कर्मचारी र राजपत्रांकित कर्मचारी लगायत प्रदेश र स्थानीय तहमा रहेका कर्मचारी विचको तलवमानको अन्तर कम गर्नु पर्ने विगत देखि संगठनले उठाउदै आएको माग सम्बोधन गर्नु पर्नेमा अन्य निकायका कर्मचारीहरू संगको तलवमान मिलान गर्ने वाहनामा अर्थ मन्त्रालयका राजस्व सचिवको दस्तखत भएको तलवमानमा राजपत्र अनंकित र श्रेणी विहिन कर्मचारीहरूको कम प्रतिशत तलव वृद्धि गर्ने गरि गरिएको प्रस्ताव यो संगठन अस्विकार गर्दछ। बजेट वक्तव्यले समान प्रतिशतमा तलव वृद्धि गर्ने मान्यता स्विकार गरिसकेको अवस्थामा अर्थ मन्त्रालयका राजस्व सचिवको दस्तखत रहेको तलवमानमा उल्लेखित राजपत्रांकित पदहरूमा गरिएको तलव वृद्धिको समान अनुपातमा (प्रतिशतमा) र आधारमा राजपत्र अनंकित तथा श्रेणी विहिन कर्मचारीहरूको तलव वृद्धि गर्न संगठन नेपाल सरकार अर्थ मन्त्रालय संग जोडदार माग गर्दछ ।

संगठनले उठाएका न्याय संगत मागको तत्काल सुनुवाई नभएमा राजपत्र अनंकित तथा श्रेणी विहिन कर्मचारीहरूलाई हुने अन्याय प्रति संगठन जुनसुकै प्रकारका आन्दोलन वा विरोधका कार्यक्रम अगाडी बढाउन वाध्य हुने व्यहोरा समेत यसै विज्ञप्ति मार्फत सम्वन्धित निकायलाई अवगत गराउदै आन्दोलनबाट श्रृजना हुने परिणामको जवाफदेहिता नेपाल सरकार स्वंय हुने जानकारी समेत गराउदछौं ।

जीवन काफ्ले

महासचिव

फोन नं. : ०१-४२५६८९८, ४२५६९८५, फ्याक्स : ०१-४२५५०२७

वेवसाईट : www.negeo.org.np/ नोटिसबोर्ड सेवा : १६१८०१४२५६९८५

## संयुक्त प्रेस विज्ञप्ती

निजामती कर्मचारीहरुको पेशागत हक, अधिकार, सेवाको सुरक्षा, वृत्ति विकास र अवसरमा समानता तथा सार्वजनिक सेवा प्रवाहको सुदृढीकरण लगायतका मुलभूत साझा उद्देश्य सहित निजामती क्षेत्रमा राष्ट्रिय स्तरका ट्रेड युनियनहरु कृयाशील रहेका छौं ।

निजामती कर्मचारीलाई मर्यादित रुपमा जिविकोपार्जन योग्य तथा पद सोपानका आधारमा तलव सुविधा, वृत्ति विकासमा समान अवसर, निजामती कर्मचारी मैत्री संघीय निजामती सेवा ऐन जारी गर्ने लगायतका विषयमा निजामती क्षेत्र कृयाशिल राष्ट्रिय स्तरका ट्रेड युनियनहरु दवाव मूलक आन्दोलनको कममा छौं । यस क्रममा नेपाल सरकार अर्थ मन्त्रालयबाट राष्ट्रसेवक कर्मचारीहरुको नयाँ तलवमानमा राजपत्राकिंत पदमा रहेका कर्मचारीहरु संघ सरहका पदमा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरु, राजपत्र अनंकित र श्रेणी विहिन पदमा रहेका कर्मचारीहरुको तलव वृद्धिदर फरक पारी गरिएको तलव वृद्धिमा राष्ट्रिय स्तरका ट्रेड युनियनको गम्भीर ध्यानाकर्षण भएको छ ।

समान अंकमा तलव वृद्धि गर्नुपर्ने मान्यता ट्रेड युनियहरुको रहे पनि आर्थिक वर्ष २०७९/८० को वजेट वक्तव्यले राष्ट्रसेवक कर्मचारीको समान प्रतिशतमा तलव वृद्धि गर्ने आधार स्वीकार गरी सकेको सन्दर्भमा राजपत्रांकित पदहरुमा तलव वृद्धि गर्दा पद सोपान (मर्यादा) अनुरुप व्यवस्थापन गर्ने गरी नयाँ तलवमानमा लिएको आधार र तलव वृद्धिलाई कायम राख्दै समायोजन ऐन २०७५ अनुरुप प्रदेश र स्थानीय तहको पदमा समायोजन गर्दाको पद र समायोजन भएकाको पदलाई , राजपत्र अनंकित तथा श्रेणी विहिन पदमा समेत कायम गरी तत्काल लागू गर्न माग गर्दछौं ।

माननीय अर्थ मन्त्री र ट्रेड युनियनका अध्यक्षहरुका विच २०७९ श्रावण २३ गते भएको छलफलमा "राष्ट्रिय स्तरको ट्रेड युनियनहरुको सहभागीतामा यथासिघ्र पे कमिशन गठन गर्ने" भनी प्रतिवद्धता गरेको विषय अत्यन्त सकारात्मक रहेकाले आगामी मन्त्रीपरिषद्को वैठकबाट पे कमिशन गठन गरी नयाँ तलवमान कायम गरी सम्पूर्ण पदहरुको नयाँ तलवमान एकमुष्ट रुपमा कार्यान्वयनमा लैजान नेपाल सरकार अर्थ मन्त्रालयसँग जोडदार माग गर्दछौं ।

तलब वृद्धि, वृति विकास, कर्मचारी मैत्री संघीय निजामती सेवा ऐन लगायतका माग र मुद्दाहरु लिएर राष्ट्रिय स्तरका ट्रेड यूनियनहरु निरन्तररुपमा आन्दोलनकै कममा रहेको अवस्थामा राजपत्र अनङ्कित संरक्षण अभियानद्धारा संचालित आन्दोलनको स्वमित्व राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले ग्रहण गर्ने भएकाले सो आन्दोलनलाई स्थगित गरी राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले आव्हान गरेको मिति २०७९।०४।२६ गते दिनको ४.०० बजे माइती घर मण्डलामा वृहत प्रर्दशनमा सहभागी हुन सम्पूर्ण कर्मचारीहरुमा अनुरोध गर्दछौं ।

लेखनाथ कोइराला
अध्यक्ष
नेपाल निजामती कर्मचारी संगठन

गोपाल प्रसाद पोखरेल
अध्यक्ष
नेपाल निजामती कर्मचारी युनियन

हरिबहादुर रावल
अध्यक्ष
नेपाल राष्ट्रिय कर्मचारी संगठन(निजामती)

मोहनकुमार घिमिरे
अध्यक्ष
एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल

भूवनेश्वर चौधरी
अध्यक्ष
नेपाल मधेशी निजामती कर्मचारी मञ्च

२०७९ श्रावण २५ गते

<u>संयुक्त ज्ञापनपत्र</u>

मिति २०७९।४।३०

माननीय मन्त्री ज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

निजामती कर्मचारीलाई मर्यादित रुपमा जीविकोपार्जन योग्य तलव सुविधा, वृत्ति विकासमा समान अवसर, प्रभावकारी तथा जनउत्तरदायी सेवा प्रवाह र आदर्श निजामती सेवा लगायतका विषय निजामती क्षेत्रमा कृयाशिल राष्ट्रिय स्तरका ट्रेड युनियनहरुले निरन्तर उठाई रहेका मुद्दाहरु हुन् । उक्त विषय संघीय निजामती सेवा ऐनमा समावेश गरी कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन जारी गराउन हामीहरु दवावमूलक आन्दोलनको क्रममा छौं ।अर्थ मन्त्रालयबाट राष्ट्रसेवक कर्मचारीहरुको नयाँ तलवमान निर्धारण गर्दा राजपत्राङ्कित पदमा रहेका कर्मचारीहरु, सोही पद सरहका पदमा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरु, राजपत्र अनंकित र श्रेणी विहिन पदमा रहेका कर्मचारीहरुको तलव वृद्धिदर फरक पारी गरिएको तलव वृद्धिको सम्बन्धमा माननीय अर्थ मन्त्रीलाई ध्यानाकर्षण गराउँदा तत्कालै मन्त्रिपरिषद बैठकबाट ट्रेड युनियन सम्मिलित तलव भत्ता निर्धारण आयोग (पे कमिसन) गठन गर्ने प्रतिवद्दता पाएकोमा हालसम्म उक्त आयोग गठन नभएकोमा हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ।

राज्य संचालनको स्थायी संयन्त्रको रुपमा रहेको निजामती सेवा, अन्य सरकारी सेवाको गठन संचालन र सेवा सुबिधा निर्धारणमा मार्गदर्शकको रुपमा लिईने गरिएकोमा निजामती सेवामा कार्यरत कर्मचारीहरुलाई मर्यादित जीवनयापन योग्य तलब सुबिधा निर्धारण गर्नु राज्यको जिम्मेवारी हो । अन्य सरकारी सेवामा समकक्षी मर्यादाक्रमका पदहरूमा रहेका कर्मचारीको तलब सुबिधा भन्दा सबै सेवाको मार्गदर्शक सेवाको रुपमा रहेको निजामती सेवामा कार्यरत कर्मचारीको तलबमान कम हुनु हुन्न । निजामती सेवा भित्र पनि तल्लो तहको पद भन्दा माथिल्लो तहको पदको तलब सुबिधा वान्छित रुपमा बढोत्तरी अन्तर हुने तथ्य हामीले पनि बुझेकाछौं।तसर्थ राजपत्रांकित पदहरुमा गरिएको तलव वृद्धिलाई कायम राख्दै, समायोजन ऐन,२०७५ अनुरुप प्रदेश र स्थानीय तहको पदमा समायोजन भएका कर्मचारीहरुको पदको समकक्षता निर्धारण गरी तलबमान वृद्धीमा गरिएको विभेद अन्त्य हुने गरी, राजपत्राङ्कित एवं राजपत्रअनंकित पदमा रहेको कहालि लाग्दो तलव अन्तर कम हुने गरी र निजामती सेवामा रहेको संघ, प्रदेश र स्थानिय तहमा कार्यरत, राजपत्राङ्कित, राजपत्र अनंकित र श्रेणी विहिन तीनै तहमा रहेको पदसोपानको आधारमा ट्रेड युनियनहरुको प्रतिनिधि समेत रहने गरी तत्काल तलब निर्धारण आयोग(पे कमिसन) गठन गरी नयाँ तलबमान कायम गरी यथाशिघ्र कार्यान्वयन गर्न जोडदार माग गर्दछौं ।

कर्मचारी मैत्री संघीय निजामती सेवा ऐन, संघ, प्रदेश र स्थानीय तीनै तहमा वृत्ति विकासको समान अवसर, जीविकोपार्जनयोग्य तलब भत्ता, जनमुखी एवं प्रभावकारी सेवा प्रवाहलगायतका माग र मुद्दाहरु लिएर राष्ट्रिय स्तरका ट्रेड यूनियनहरुले गरिरहेको आन्दोलन आजबाट दोस्रो चरणमा प्रवेश गरको छ ।हामीले उठाईरहेको पदसोपानमा आधारित तलब भत्ता निर्धारण, कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन जारी गर्ने, ट्रेड युनियनहरुलाई सम्मिलित गरी पे कमिसन गठन गर्ने लगाएतका मागहरू तत्काल सम्बोधन नभएमा निजामती सेवा ऐनले दिएका सामुहिक सौदाबाजी लगाएतका अधिकारको प्रयोग गरी जुनसुकै प्रकारको आन्दोलनमा जान वाध्य हुने व्यहोरा समेत जानकारी गराउदछौं।

<u>बोधार्थः</u>
माननीय अर्थ मन्त्री ज्यू
अर्थ मन्त्रालय ,सिंहदरबार काठमाण्डौ ।
[illegible] मुख्य सचिव ज्यू

| | | |
|---|---|---|
| [illegible]थ कोइराला<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी संगठन | गोपाल प्रसाद पोखरेल<br>अध्यक्ष<br>नेपाल निजामती कर्मचारी युनियन | हरिबहादुर रावल<br>अध्यक्ष<br>नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती |
| मोहनकुमार घिमिरे<br>अध्यक्ष<br>एकीकृत सरकारी कर्मचारी संगठन, नेपाल | | भूवनेश्वर चौधरी<br>अध्यक्ष<br>नेपाल मधेशी निजामती कर्मचारी संघ |

# निजामती सेवा दिवस, २०७९

निजामती सेवा दिवस,२०७९ (भाद्र २२) को सम्बन्धमा नेपाल सरकारद्वारा गठित मूल समारोह समितिमा रही नेपाल निजामती कर्मचारी संगठनले महत्वपूर्ण भुमिका निर्वाह गरेको छ। मूल समारोह समितिले आयोजना गरेका कार्यक्रमहरूमा संगठनका पदाधिकारी सदस्यहरू तथा संगठकहरूको सकृय र उल्लेखनीय उपस्थिति रहेको छ ।

१. वृक्षारोपणः निजामती पार्क, गोकर्णमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा संगठनको तर्फबाट उपाध्यक्ष भवानी न्यौपाने दाहालको नेतृत्वमा संगठनका सदस्यहरूको सहभागिता रहेको थियो ।

२. वृहत् रक्तदान कार्यक्रमः कर्मचारी सामाजिक तथा मानवीय कार्यमा समेत संलग्न रहनु पर्छ भन्ने मूल उद्देश्य राखि सिंहदरवार परिसरमा भाद्र २० गते दिनको ११ बजे देखी ३ बजे सम्ममा सम्पन्न भएको वृहत् रक्तदान कार्यक्रममा संगठनका पदाधिकारी सदस्यहरूको उपस्थिति रहेको थियो ।

३. मैत्रीपूर्ण फुटबलः मुख्य सचिव एवं प्रशासक र ट्रेड युनियनबिच सुमधुर र मित्रवत सम्बन्ध कायम गर्न मुख्य सचिव-११ र ट्रेड युनियन-११ बीच मैत्रीपूर्ण फुटबल एन्फा मैदान सातदोवाटो ललितपुरमा आयोजना भएको थियो । उक्त प्रतियोगितामा मुख्य सचिव -११ को टिम ३-१ गोल अन्तरले विजयी भएको थियो । उक्त प्रतियोगितामा संगठनको तर्फबाट उपाध्यक्ष रेवन्त गौतम, अनुशासन आयोगका अध्यक्ष ललीक बहादुर महर्जन, महासचिव जीवन काफ्ले, उपमहासचिवहरू रामचन्द्र अधिकारी, युवाचन्द्र घिमिरे र कृष्ण बहादुर के.सी.ले सहभागिता जनाउनु भएको थियो ।

४. पुरस्कार वितरण तथा मूल समारोहः व्यवसायिक तथा सिर्जनशील प्रशासन, विकास समृद्धि र सुशासन नाराका साथ भाद्र २२ गते सिंहदरवार परिसरमा आयोजित मूल समारोह नेपाल सरकारका मुख्य सचिव शंकर दाश वैरागीको अध्यक्षतामा सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संगठनका अध्यक्ष लेखनाथ कोइराला लगायत पदाधिकारी सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा राष्ट्रियस्तरका ट्रेड युनियनहरूको तर्फबाट संगठनका अध्यक्ष लेखनाथ कोइरालाले सम्बोधन गर्दै समयमा संघीय निजामती सेवा ऐन जारी हुनुपर्नेमा हुन नसकेको, संघीय निजामती सेवा ऐनमा समावेश हुनुपर्ने विषय ट्रेड युनियनसंग छलफल हुनुपर्ने, ट्रेड युनियन अधिकार, संघ, प्रदेश र स्थानीय तहसम्म कायम गरिनु पर्ने, निर्वाचनको सम्मुखमा राजनीतिक आस्थाका आधारमा भएको कर्मचारी सरुवा आतंक बन्द गर्नुपर्ने लगायतका समसामयिक विषयमा धारणा राख्नु भएको थियो ।

# केन्द्रीय विभागका गतिविधि

## प्रशिक्षण विभागः

नेपाल निजामती कर्मचारी संगठन, प्रशिक्षण विभागको तेस्रो बैठक २०७९ असोज ३ गते पथिक फाउन्डेशन संतुगल, काठमाण्डौंमा नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यता र विभागका प्रमुख तथा उपाध्यक्ष भवानी दाहालको अध्यक्षतामा बसेको थियो । विभागको बैठकमा संगठनका उपाध्यक्षद्वय रेवन्त गौतम र प्रभास प्रसाद साहको उपस्थिति रहेको थियो। बैठक संचालन विभागका सचिव एवं सचिवालय सदस्य कवि सिंह कठायतले गर्नुभएको थियो भने स्वागत विभागका सदस्य महेन्द्र बिश्वकर्माले गर्नुभएको थियो । बैठकले विभागबाट संचालन गरिने संगठनको ३ बर्षे प्रशिक्षण कार्यक्रमको कार्ययोजना प्रशिक्षणका बिषय वस्तुका बारेमा छलफल गरी निर्णय गरेको थियो।

**नेपाल निजामती कर्मचारी संगठन**

**केन्द्रीय प्रशिक्षण विभाग**

| सि. नं. | प्रशिक्षणको विषय | सहभागी | कार्य तालिका | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बैशाख | जेष्ठ | असार | साउन | भाद्र | असोज | कार्तिक | मंसिर | पुष | माघ | फागुन | चैत्र | |
| १ | क्षमता अभिवृद्धि प्रशिक्षण | उपत्यका केन्द्रित के.स. | | | | | | | | | | | | | |
| २ | ToT | पदाधिकारी/ प्रदेश इन्चार्ज/ आयोग/ प्रशिक्षण विभाग | | | | | | | | | | | | | |
| ३ | विषय प्रशिक्षण कार्यक्रम तथा ToT | सम्वन्धित प्रदेशका केन्द्रीय सदस्य/ प्रदेश कार्य समिति/ प्रदेश प्रशिक्षण विभाग | | | | | | | | कर्णाली र सुदूरपश्चिम प्रदेश | गण्डकी र लुम्विनी प्रदेश | बागमती (१) र उपत्यका (२) | प्रदेश नं. १ र मधेश प्रदेश | | अधिवेशनको पहिलो वर्ष |
| ४ | विषय प्रशिक्षण कार्यक्रम | जिल्ला कार्य समिति/ परिषद सदस्य | | | | | | | | **प्रदेश कमिटिले तयार गर्ने कार्य योजना अनुसार हुनेछ।** | | | | | |
| ५ | विषय प्रशिक्षण कार्यक्रम | जिल्ला कार्य समिति/ परिषद सदस्य | **प्रदेश कार्य समितिले तयार गर्ने कार्य योजना अनुसार हुनेछ।** | | | | | | | | | | | | अधिवेशनको दोश्रो वर्ष |
| ६ | विषय प्रशिक्षण कार्यक्रम | पालिका कार्य समिति | **जिल्ला कार्य समितिले तयार गर्ने कार्य योजना अनुसार हुनेछ।** | | | | | | | | | | | | अधिवेशनको दोश्रो वर्ष |

## सहकारी विभागः

नेपाल निजामती कर्मचारी संगठन सहकारी विभाग र संगठन केन्द्रीय कार्य समितिद्वारा गठित राष्ट्रसेवक सहकारी सुदृढीकरण कार्यदलको प्रथम संयुक्त वैठक संगठनका केन्द्रीय उपाध्यक्ष एंव सहकारी विभाग प्रमुख रेवन्त गौतमको अध्यक्षता र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा २०७९ भाद्र ३१ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सभाहलमा सम्पन्न भएको थियो। उक्त बैठकमा आमन्त्रित अतिथिको रूपमा संगठन उपाध्यक्ष भवानी

न्यौपाने दाहाल उपत्यका प्रदेश ईन्चार्ज रेणुका के.सी., अनुशासन आयोगका अध्यक्ष ललीक बहादुर महर्जन, महासचिव जीवन काफ्ले, उप-महासचिव रामचन्द्र अधिकारी, कोषाध्यक्ष गणेश प्रसाद आचार्य, केन्द्रीय सदस्यद्वय उमेश पराजुली र दिपा देवी परियारको उपस्थिति रहेको थियो।

संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरूको सुदृढीकरण, संञ्चालन व्यवस्थापनमा सहजिकरण र प्रबर्द्धनमा टेवा पुर्‍याउने विषयमा केन्द्रीत भएको वैठकमा सहकारी विभाग सदस्यहरू भवानी हुँमागाई सापकोटा, अमित ढुगाना, सुनिल लम्साल, वामदेव पन्थी राममाणि ढुंगाना, प्रल्हाद विष्ट लेखनाथ भट्टराई वशिष्ठ अधिकारी नमराज सापकोटाको उपस्थिती रहेको थियो। राष्ट्रसेवक सहकारी सुदृढीकरण कार्यदलका संयोजक काशिनाथ श्रेष्ठ सदस्यहरू नारायण प्रसाद ज्ञवाली केदार प्रसाद न्यौपाने, रमेश प्रसाद निरौला, मेघदेव पन्त, ध्रुवसिं खड्का र तिलक खत्रीको उपस्थिति रहेको थियो। बैठकमा कार्यदलका सदस्यहरूले प्रदेशगत सहकारी प्रतिवेदन र कार्यनीति समेत पेश गर्नु भएको थियो। विभागका सदस्य सुनिल लम्साललाई सचिवको जिम्मेवारी दिने निर्णय समेत भएको थियो।

**निर्णयहरू**

१) सहकारी विभाग र राष्ट्रसेवक सहकारी सुदृढीकरण कार्यदलको २०७९ भाद्र ३१ गते आयोजित प्रथम संयुक्त वैठक सफल पार्न सहयोग गर्ने प्रमुख अतिथि संगठनका अध्यक्ष लेखनाथ कोइराला, उपाध्यक्ष भवानी दाहाल, महासचिव जीवन काफ्ले लगायतका अतिथि र दुवै समूहका सदस्यहरूलाई धन्यावाद दिने निर्णयष गरियो।

२) नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्था लि.हरूलाई संचालन र व्यवस्थापनमा सहकारी विभागको तर्फबाट सहजीकरण गर्न वार्षिक कार्यक्रम, २०७९ पारित गर्ने निर्णय गरियो

३) राष्ट्रसेवक सहकारीका कार्यलाई व्यवस्थित गर्न संगठनको विनियम बमोजिम हुने गरी सहकहारी विभागको सचिवमा संगठन केन्दीय सचिवालय सदस्य श्री सुनिल लम्साललाई मनोनयन गर्ने।

४) हालसम्म राष्ट्रसेवक सहकारी संस्था लि. दर्ता हुन नसकेका तपसिल बमोजिमका जिल्लाहरूमा संस्था दर्ता कार्यमा सहजिकरण गर्न देहाय बमोजिम सहकारी विभागका सदस्यहरूलाई जिम्मा दिने निर्णय।

| | | |
|---|---|---|
| १) सचिवालय सदस्य | श्री भवानी हुमागाई सापकोटा | पर्सा |
| २) सचिवालय सदस्य | श्री अमित ढुंगाना | वारा |
| ३) सचिवालय सदस्य | श्री सुनिल लम्साल | डडेलधुरा |
| ४) सचिवालय सदस्य | श्री वामदेव पन्थी | रुकुम पूर्व |
| ५) केन्द्रीय सदस्य | श्री राजेश शर्मा | महोत्तरी |
| ६) केन्द्रीय सदस्य | श्री राममणी ढुंगाना | नवलपरासी (परासि पूर्व) |
| ७) सहकारी विभाग सदस्य | श्री प्रल्हाद विष्ट | रौतहट |
| ८) सहकारी विभाग सदस्य | श्री वशिष्ठ अधिकारी | सर्लाही |
| ९) सहकारी विभाग सदस्य | श्री नवराज सापकोटा | मुगु |

५) संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्था लि. हरूको नियमित साधारण सभा सहकारी ऐन, नियम बमोजिम आगामी २०७९ पौष मसान्त भित्र सम्पन्न् गर्न सबै संस्थाहरूलाई अनुरोध गर्दै पत्राचार गर्ने निर्णय।

६)	नेपाल निजामती कर्मचारी संगठनको समन्वयमा विगत वर्षहरूमा सम्पन्न् हुँदै आएका राष्ट्रसेवक सहकारी संस्थाहरूका  प्रदेश स्तरीय भेला तथा वित्तिय विश्लेषण कार्यशालाहरू लामो समय देखि आयोजना हुन नसकिरहेको कारण सहकारी संस्था संचालन र ब्यवस्थापनमा केहि निष्क्रियता आउन थालेको निश्कर्ष निकाल्दै संगठन प्रदेश कार्य समितिको समन्वयमा २०७९ माघ मसान्त भित्र सबै प्रदेशामा प्रदेश स्तरीय सहकारी भेला तथा वित्तिय कार्यशाला गोष्ठि आयोजना गर्न अनुरोध गर्ने।

७)	संगठनको पहलमा सम्पन्न् भएका राष्ट्रिय भेलाहरूका निर्णय कार्यान्वयनको लागि सबै राष्ट्रसेवक सहकारी संख्या लि. हरूलाई अनुरोध गर्ने।

८)	सबै दृष्टि बाट सम्भावना रहेमा अन्य राष्ट्रसेवक सहकारी संस्था लि. हरूसँग एक आपसमा मर्जरमा जाने भन्ने विषय यसै आ.व. २०७९/८० मा सम्पन्न हुने साधारण सभाबाट निर्णय गराई राख्न सबै राष्ट्रसेवक सरकारी संस्थाहरूलाई अनुरोध गर्दै पत्राचार गर्ने निर्णय।

९)	नेपाल निजामती कर्मचारी संगठनका सबै सदस्यहरूलाई आफूलाई पायक पर्ने जिल्लामा रहेको राष्ट्रसेवक सहकारी संस्थामा अनिवार्य रूपमा सदस्य वन्न् संगठन मातहतका कार्य समितिमा  संगठन केन्द्रीय सचिवालय मार्फत पत्राचार गर्ने व्यवस्था  मिलाउने।

१०)	संगठनको अभिभावकत्वमा  संचालित राष्ट्रसेवक सहकारी संस्थाहरूको सबै विषयमा सहयोग, समन्वय र सहजीकरण गर्न तथा सहकारी विभागलाई आवश्यक पर्ने विवरण अद्यावधिक गराउने प्रयोजनका लागि देहाय बमोजिम सहकारी विभागका सदस्यहरूको जिम्मेवारी तोक्ने निर्णय।

| **पद** | **नाम** | **जिम्मेवारी** |
|---|---|---|
| सहकारी विभाग सदस्य | श्री बशिष्ठ अधिकारी | प्रदेश-१ |
| केन्द्रीय सदस्य | श्री राजेश शर्मा | मधेश प्रेदश |
| सहकारी विभाग सदस्य | श्री प्रह्लाद विष्ट | मधेश प्रदेश |
| सचिवालय सदस्य | श्री भवानी सापकोटा | वागमती प्रदेश |
| सचिवालय सदस्य | श्री सुनिल लम्साल | बागमती प्रदेश |
| केन्द्रीय सदस्य | श्री राममणि ढुंगाना | गण्डकी प्रदेश |
| सचिवालय सदस्य | श्री वामदेव पन्थी | लुम्बिनी प्रदेश |
| सहकारी विभाग सदस्य | श्री लेखनाथ भट्टराई | कर्णाली प्रदेश |
| सकारी विभाग सदस्य | श्री नमराज सापकोटा | कर्णाली प्रदेश |
| सचिवालय सदस्य | श्री अमित ढुंगाना | सुदुरपश्चिम प्रदेश |

११)	हाल संचालनमा रहेका सबै राष्ट्रसेवक सहकारी संस्थाहरू केन्द्रीय सहकारी विभाग, प्रदेशमा रहेका नियामक निकाय र संगठन सहकारी विभागमा नियमित मासिक रूपमा वित्तीय कारोवारको विवरण पठाउन अनुरोध गर्ने।

१२)	राष्ट्रसेवक सहकारी संस्थाहरूको सम्पूर्ण गतिविधिको रेकर्ड अद्यावधिक गर्न ती संस्थालाई सल्लाह, सुझाव सहित पृष्ठपोषण गर्न, सूचना सम्प्रेषण गर्न देहाय बमोजिम ३ (तीन) सदस्य रहने गरी सहकारी विभागको सचिवालय गठन गर्ने

निर्णय।

श्री रेवन्त गौतम - उपाध्यक्ष एवं सहकारी विभाग प्रमुख, नेपाल निजामती कर्मचारी संगठन

श्री अमित ढुंगाना - सचिवालय सदस्य एवं सहकारी विभाग सदस्य, नेपाल निजामती कर्मचारी संगठन

श्री सुनिल लम्साल - सचिवालय सदस्य एवं सहकारी विभाग सदस्य, नेपाल निजामती कर्मचारी संगठन

१३) राष्ट्रसेवक सहकारी संस्थाहरूको संचालन र व्यवस्थापनमा सहयोग पुर्‍याउन पदाधिकारी सदस्यहरू व्यवस्थापक र कर्मचारीलाई तालिम संचालनमा सहयोग पुर्‍याउने प्रयोजनका लागि संगठन र राष्ट्रसेवक सहकारी जिल्ला कार्य समितिहरूलाई अग्रज सहकारी श्रष्टाहरूको जिल्लागत अभिलेख तयार गर्न पत्राचार गर्ने निर्णय।

१४) संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारी संस्था लि.हरूलाई थप गतिशील र प्रभावकारी बनाउन सहकारीहरूको लगानीमा महत्त्वपूर्ण व्यावसायिक योजनाहरूको संचालन गर्ने योजना तयार गर्न र संचालित सहकारीको प्रवर्धन र विकासमा टेवा पुर्‍याउने गरि ६ महिना भित्र प्रतिवेदन पेश गर्न मिति २०७९ श्रावण २६ देखि २८ मा सम्पन्न संगठन केन्द्रीय कार्य समितिको दोस्रो बैठकबाट श्री काशि नाथ श्रेष्ठको संयोजकत्वमा गठित ***राष्ट्रसेवक सहकारी सुदृढीकरण कार्यदल*** ले आफ्नो TOR अनुसार संचालन गर्ने सबै कार्यहरूमा सहयोग र समन्वय गर्न संगठन र सहकारीका तत् तत् कार्य समितिहरूलाई पत्राचार गरी अनुरोध गर्ने निर्णय।

१५) विद्यमान सहकारी ऐन, नियमावली रहेका राष्ट्रसेवक सहकारी प्रतिकुल विषयहरू संशोधनका लागि संगठनको समन्वयमा निरन्तर क्रियाशील रहने निर्णय।

१६) सम्पत्ति सुद्धिकरण ऐन, नियमको कार्यान्वयनमा सहयोग पुर्‍याउन सबै राष्ट्रसेवक सहकरी संस्थाहरूलाई निर्देशिका बनाई कार्यान्वयन गर्न अनुरोध गर्ने।

१७) सहकारी संस्थाहरूका नियामक निकायसँग समन्वय गरि संगठन सहकारी विभाग र गठीत कार्यदलका सदस्यहरू बिच निरन्तर छलफल अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्ने।

## नेपाल निजामती कर्मचारी संगठन सहकारी विभागको बार्षिक कार्ययोजना २०७९/०८०

| सि.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक | | | | | | | | | | | | | |
| (क) | सहकारी विभागको बैठक | | ✓ | | | ✓ | | | ✓ | | | ✓ | | |
| (ख) | केन्द्रीय समन्वय समितिको बैठक | छ महिनामा एक पटक | | | | | | | | | | | | |
| (ग) | प्रदेश समन्वय समितिको बैठक | छ महिनामा एक पटक | | | | | | | | | | | | |
| २ | सहकारी सुदृढिकरण कार्यक्रम | | | | | | | | | | | | | |
| (क) | सहकारी विस्तार ( थप ९ नौ जिल्ला) | २०७९ चैत्र मसान्त भित्र सबै जिल्लामा दर्ता प्रक्रिया आगाडी वढाउने। | | | | | | | | | | | | |
| (ख) | राष्ट्रसेवक सहकारी संस्थाहरूको वर्तमान अवस्थाको अध्ययन | अध्ययन कार्यदलको TOR अनुसार सञ्चालन हुने सबै गतिविधिहरूमा सहयोग पुर्‍याउने। | | | | | | | | | | | | |

<table>
<tr><th>सि.नं</th><th>कार्यक्रम</th><th>श्रावण</th><th>भाद्र</th><th>आश्विन</th><th>कार्तिक</th><th>मंसिर</th><th>पौष</th><th>माघ</th><th>फाल्गुन</th><th>चैत्र</th><th>वैशाख</th><th>जेष्ठ</th><th>आषाढ</th><th>कैफियत</th></tr>
<tr><td>(ग)</td><td>राष्ट्रसेवक सहकारी संस्थाहरूको नियमित अनुगमन मूल्याङ्कन</td><td colspan="13">निरन्तर सञ्चालन गर्ने ।</td></tr>
<tr><td>(घ)</td><td>बार्षिक साधारण सभा</td><td colspan="13">सबै सहकारीहरूलाई २०७९ पौष मसान्त भित्र सम्पन्न गर्न अनुरोध गर्ने ।</td></tr>
<tr><td>(ङ)</td><td>सहकारी भवनको नमूना नक्सा डिजाईन तयार गर्ने</td><td colspan="13">२०७९ चैत्र भित्र</td></tr>
<tr><td>(च)</td><td>सञ्चालन र व्यवस्थापनमा समस्या भएका सहकारीहरूको पहिचान र क्षमता विकास</td><td colspan="13">निरन्तर ।</td></tr>
<tr><td>३</td><td>भेला/प्रशिक्षण</td><td colspan="13"></td></tr>
<tr><td>(क)</td><td>राष्ट्रिय भेला</td><td colspan="13">२०८० वैशाखभित्र</td></tr>
<tr><td>(ख)</td><td>प्रदेश स्तरीय भेला/ प्रशिक्षण</td><td colspan="13">२०७९ मंसिर देखि चैत्रभित्र</td></tr>
<tr><td>(ग)</td><td>जिल्ला स्तरीय भेला/ प्रशिक्षण</td><td colspan="13">निरन्तर</td></tr>
<tr><td>(घ)</td><td>तालिम</td><td colspan="13">केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र र प्रदेश प्रशिक्षण केन्द्रबाट नियमित सञ्चालन हुने तालिममा राष्ट्रसेवक सहकारीका संचालक, व्यवस्थापक र कर्मचारीहरूलाई समावेश गराउन पहल गर्ने ।</td></tr>
<tr><td>४</td><td>राष्ट्रिय भेलाका निर्णय कार्यान्वयनमा जोड र राष्ट्रसेवक सहकारी संस्था मर्जर सम्बन्धी नीति निर्माण</td><td colspan="13">निरन्तर</td></tr>
<tr><td>५</td><td>संयुक्त व्यावसायिक योजना निर्माण</td><td colspan="13">निरन्तर</td></tr>
<tr><td>६</td><td>अन्य उत्कुष्ट सहकारी संस्था अध्ययन अवलोकन (३ वटा)</td><td colspan="13">२०७९ चैत्रभित्र</td></tr>
<tr><td>७</td><td>उत्कृष्ट राष्ट्रसेवक सहकारी छनौट र पुरस्कृत</td><td colspan="13">२०८० बैशाख, जेष्ठ</td></tr>
<tr><td>८</td><td>दिवस/ समारोह</td><td colspan="13">वर्षको एक पटक</td></tr>
<tr><td>(क)</td><td>राष्ट्रिय सहकारी दिवस</td><td colspan="13">चैत्र २०</td></tr>
<tr><td>(ख)</td><td>अन्तर्राष्ट्रिय सहकारी दिवस</td><td colspan="13">जुलाई महिना</td></tr>
<tr><td>९</td><td>सम्वन्ध विस्तार</td><td colspan="13">निरन्तर</td></tr>
<tr><td>१०</td><td>प्रकाशन</td><td colspan="13"></td></tr>
<tr><td>(क)</td><td>राष्ट्रसेवक सहकारी दपर्ण</td><td colspan="13">निरन्तर</td></tr>
<tr><td>(ख)</td><td>राष्ट्रसेवक सहकारी सम्पर्क डायरी</td><td colspan="13">२०७९ चैत्रभित्र</td></tr>
<tr><td>११</td><td>सहकारी विज्ञहरूसँग सुझाव, अन्तरक्रिया</td><td colspan="13">निरन्तर</td></tr>
</table>

| सि.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | सम्पत्ति सुद्धिकरण सम्बन्धि ऐन नियमको कार्यान्वयनका लागी निर्देशिका निर्माणमा सहजिकरण | | | | | | | निरन्तर | | | | | | |
| १३ | केन्द्रीय सहकारी विभागको copomis कार्यक्रममा आबद्धताका लागी सहजिकरण | | | | | | | निरन्तर | | | | | | |

## गुनासो व्यवस्थापन विभागः

नेपाल निजामती कर्मचारी संगठन, गुनासो व्यवस्थापन विभागका प्रमुख तथा केन्द्रीय उपाध्यक्ष प्रभास प्रसाद साहको अध्यक्षता र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा २०७९ भाद्र २९ गते प्रथम बैठक सम्पन्न भएको छ । उक्त बैठकले देशभरिबाट लिखित वा मौखिक रूपमा आएका संगठकको गुनासोलाई व्यवस्थापन गर्न एकद्वार प्रणाली मार्फत व्यवस्थापन गर्ने, जिल्ला/ विभागीय कार्य समिति र प्रदेश कार्य समितिको सिफारिसलाई प्राथमिकता दिने, गुनासो सम्बोधनको अवस्था अद्यावधिक गर्ने र आगामी दिनमा कुनै मन्त्रीको सचिवालयमा निजी सचिवको प्रस्ताव गर्नुपर्ने भएमा सो जिम्मेवारी यस विभागलाई दिने भन्ने केन्द्रीय अध्यक्षको प्रस्ताव स्वीकार गर्ने निर्णय गरेको छ ।

समितिको दोश्रो बैठक संयोजक प्रभास प्रसाद साहको अध्यक्षता र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा मिति २०७९ भाद्र २३ गते वसी संगठन सम्बन्धित जिल्ला/विभागीय कार्य समितिसँग सम्पर्क गरी विवरण उपलब्ध गराउन कार्य विभाजन गर्ने, जसमा संयोजक प्रभाष प्रसाद साहलाई कर्णाली र गण्डकी प्रदेश, सदस्यहरू क्रमशः विजयलक्ष्मी सुवेदीलाई उपत्यका प्रदेश, बामदेव ओलीलाई सुदूरपश्चिम प्रदेश र संघीय मामिला विभागीय कार्य समिति, सूर्य बहादुर कुँवरलाई लुम्विनी प्रदेश, अर्थ र महालेखा विभागीय कार्य समिति, गणेश प्रसाद आचार्यलाई मधेश प्रदेश, कवि तिमिल्सिनालाई १ नम्वर प्रदेश र उमेश्वर काफ्लेलाई जिम्मेवारी प्रदान गरेको छ । उक्त बैठकले कोषाध्यक्षले पदाधिकारीहरूले तिरेको रकम र वाँकी रहेको विवरण उपलब्ध गराउने र सोको आधारमा संगठनका केन्द्रीय पदाधिकारी, सदस्य तथा पूर्व पदाधिकारी सदस्यसँग सम्पर्क गरी विवरण जानकारी गराई बाँकी वक्यौताको विषयमा ताकेता गर्ने समेत निर्णय गरेको छ ।

## संगठन विभागः

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय संगठन विभागको पहिलो बैठक उप-महासचिव तथा संगठन विभाग प्रमुख रामचन्द्र अधिकारीको अध्यक्षतामा संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा २०७९ असोज ६ गते बसेको थियो । बैठकले विभागको सचिवको जिम्मेवारी सचिवालय सदस्य तथा विभाग सदस्य ओम बहादुर कठायतलाई प्रदान गर्ने, नेपाल निजामती कर्मचारी संगठनको सम्पर्क डायरी, २०७९ मा संगठनको ऐतिहासिक पृष्ठभुमी, केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्यको संक्षिप्त व्यक्तिगत विवरण, प्रदेश कार्य समिति, जिल्ला/विमागीय कार्य समितिहरूको विवरण, स्थानीय तहका नवनिर्वाचित प्रमुख उप-प्रमुख र अध्यक्ष उपाध्यक्ष सम्पर्क नम्बर सहितको विवरण लगायतका विवरण समावेश गरी ५००० प्रति छपाई गरी २०७९ असोज १० गते विमोचन गर्ने गरी कार्य अगाडि बढाएको छ ।

## प्रचार-प्रसार तथा प्रकाशन विभागः

नेपाल निजामती कर्मचारी संगठन प्रचार-प्रसार तथा प्रकाशन विभागको प्रथम वैठक संगठन केन्द्रीय कार्य समितिका उप-महासचिव एंव विभाग प्रमुख युवाचन्द्र घिमिरेको अध्यक्षता र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख

आतिथ्यतामा २०७९ भाद्र २८ गते संगठन कार्यालय बबरमहलमा सम्पन्न भयो । उक्त बैठकले विभागको सचिवको जिम्मेवारी केन्द्रीय सदस्य एवं विभागका सदस्य केदार प्रसाद खतिवडालाई प्रदान गरेको छ । "नेगो" बुलेटिनको दोश्रो अंक २०७९ असोज १० गते प्रकाशन गर्ने र विगतमा प्रकाशन भएको लोकसेवा आयोगका परिक्षार्थी माझ लोकप्रिय रहेको "राष्ट्रसेवक दर्पण" पुस्तक प्रकाशनलाई निरन्तरता दिने उद्देश्यले पुस्तक पुनः प्रकाशन गर्ने, पुस्तकमा प्रकाशन गर्ने विषय र सम्भावित लेखकहरूको सूची तयार गर्न विभागका सदस्यहरू ओमबहादुर कठायत, केदार प्रसाद खतिवडा, नगेन्द्र प्रसाद दाहाल, नवराज खतिवडा, सुमन खड्का, बीरेन्द्र बहादुर रोकायलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

## महिला विभागः

नेपाल निजामती कर्मचारी संगठन, महिला विभागको पहिलो बैठक संगठन केन्द्रीय कार्य समितिका उप-महासचिव एंव विभाग प्रमुख विजयालक्ष्मी सुवेदीको अध्यक्षता र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा २०७९ भाद्र १ गते सम्पन्न भयो । बैठकले विभागको सचिवको जिम्मेवारी सचिवालय सदस्य एवं विभाग सदस्य भवानी हुँमागाई सापकोटालाई प्रदान गर्ने, सामाजिक क्षेत्रमा योगदान पुर्याएका महिलालाई सम्मान गर्ने र हरितालिका तिज कार्यक्रम २०७९ भाद्र ८ गते सम्पन्न गर्ने निर्णय भएको थियो ।

महिलाहरूको महान चाड हरितालिका तीजको अवसरमा २०७९ भाद्र ८ गते महिला विभाग प्रमुख विजया लक्ष्मी सुवेदीको अध्यक्षतामा नेकपा (एमाले) को उपाध्यक्ष एवं वागमती प्रदेश पूर्व मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यको प्रमुख आतिथ्यता शुभकामना आदान-प्रदान, सम्मान र दरखाने कार्यक्रम कार्की व्याङ्केट थापाथली हाईट काठमाडौंमा सम्पन्न भएको थियो। उक्त कार्यक्रममा नेपाल सरकारको सचिवबाट निवृत्त हुनुभएकी यामकुमारी अतिवडा, वीर अस्पतालमा कार्यालय सहयोगी पदमा कार्यरत विमला मैनाली र रिमा फाउन्डेशनलाई सम्मान गरिएको थियो । कार्यक्रममा संगठनका जिल्ला विभागका सदस्य तथा कर्मचारीहरू सहित एकहजार जनाभन्दा बढीको उपस्थिति रहेको थियो ।

२०७९ असोज ५ गते बसेको विभागको दोश्रो बैठकले तीज कार्यक्रम भव्यताका साथ सम्पन्न भएको समीक्षा गर्दै २०७९ मा महिला विभागले गर्ने कार्यक्रम सहितको कार्ययोजना पारित गरेको थियो ।

### नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समिति

### आर्थिक वर्ष २०७९/०८०को केन्द्रीय महिला विभागद्वारा तयार पारिएको वार्षिक कार्य योजना

<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>श्रावण</th><th>भाद</th><th>आश्विन</th><th>कार्तीक</th><th>मंसिर</th><th>पौष</th><th>माघ</th><th>फाल्गुण</th><th>चैत्र</th><th>बैशाख</th><th>जेष्ठ</th><th>आषाढ</th></tr>
<tr><td>१</td><td>महिला विभागको बैठक</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="14">माथी बोल्ड गरिएको महिनाको पहिलो शुक्रबार नियमित बैठक बस्ने र विभागको आवश्यता अनुसार अन्य दिन पनि बसिने छ।</td></tr>
<tr><td>२</td><td>प्रदेश भेला</td><td colspan="12">मंसिर देखि चैत्र मसान्त सम्ममा सबै प्रदेशमा महिला भेला सम्पन्न गर्ने ।</td></tr>
<tr><td>३</td><td>अन्तराष्ट्रिय महिला दिवस</td><td colspan="12">क) निजामती क्षेत्रका कार्यरत महिलाहरूको हालको अवस्था अवसर चुनौति र संभावना भन्ने विषयको कार्यपत्र पेश गर्ने<br>ख) मनोनञ्जनका लागि कुनै एक प्रतियोगिता संचालन गर्ने</td></tr>
<tr><td>४</td><td>सर्म्पक र समन्वय</td><td colspan="12">निरन्तारता दिने</td></tr>
<tr><td>५</td><td>उत्कृष्ट महिला सम्मान</td><td colspan="12">निरन्तारता दिने</td></tr>
<tr><td>६</td><td>संगठनका महिला कर्मचारीहरूको तथ्याङ्क संकलन</td><td colspan="12">संघ,प्रदेश र स्थानीय तहमा कार्यरत महिला कर्मचारीहरू र संगठनका आवद्ध महिला कर्मचारीहरूको तथ्याङ संकलन गर्न प्रदेश कार्य समितिको सहयोगमा शुरुवात गर्ने ।</td></tr>
</table>

| | | |
|---|---|---|
| ७ | जिल्ला/ विभागीय स्तरमा कमिटी गठन | प्रदेश कार्य समितिमा तथा जिल्ला कार्य समितिमा महिला विभाग गठन गर्न अनुरोध गर्ने |
| ८ | निर्णय कार्यान्वयन | नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको निर्णय कार्यान्वयन गर्ने । |
| ९ | तथ्याङ संकलन | महिला विभाग गठन भएका जिल्ला/ विभागीय कार्य समितिहरूको तथ्याङ संकलन महिला कर्मचारीहरूको समस्या संकलन अभिलेखीकरण र समस्या समाधानका लागि समन्वयको कार्य निरन्तर गर्ने । |
| १० | स्वागत | नवप्रवेशी महिला कर्मचारीहरूलाई केन्द, प्रदेश र जिल्ला/विभागीय कार्य समितिले स्वागत कार्यक्रम आयोजना गर्ने |

### अतिरिक्त क्रियाकलाप विभागः

नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिका उप-महासचिव एवं अतिरिक्त क्रियाकलाप विभागका प्रमुख कृष्ण बहादुर के.सी.को अध्यक्षतामा संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा विभागको प्रथम बैठक २०७९ भाद्र २८ गते सम्पन्न भयो । उक्त बैठकले केन्द्रीय सदस्य एवं अतिरिक्त क्रियाकलाप विभागका गोविन्द अधिकारीलाई विभागको सचिवको जिम्मेवारी प्रदान गरेको छ । प्रत्येक वर्ष घटस्थापनाको दिन खोलिने उपहार कार्यक्रमलाई व्यवस्थित गर्न विभागका सदस्यलाई प्रदेशगत जिम्मेवारी तोकि विभागको कामलाई व्यवस्थित गर्ने निर्णय गरिएको छ ।

### बाँकी बक्यौता असूल उपर सिफारिस समितिः

नेपाल निजामती कर्मचारी संगठन जिल्ला/विभागीय कार्य समिति तथा संगठनका पदाधिकारी र सदस्यहरूले संगठनलाई बुझाउनु पर्ने बाँकी बक्यौता असुल उपर गर्न गठित सिफारिस समितिका संयोजक प्रभास प्रसाद साहको अध्यक्षता र संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा २०७९ श्रावण २ गते वैठक वसी नेपाल निजामती कर्मचारी संगठन केन्द्रले उठाउन बाँकी रहेको बक्यौतालाई गहनरूपमा अध्ययन गरी विभिन्न शीर्षकमा वर्गीकरण गर्ने, उक्त बक्यौताको प्रकृतिलाई मिहिीन ढुंगले अध्ययन गर्न र समितिको कार्य सम्पादन कार्यमा सहजीकरणका लागि आवश्यकता अनुसार लेखा समूहबाट सदस्य थप गर्न संगठनको केन्द्रीय सचिवालयमा अनुरोध गर्ने तथा यस समितिको सदस्य सचिवको रूपमा संगठनका सचिव वामदेव ओलीलाई तोक्ने निर्णय गरेको छ ।

## प्रदेश कार्य समितिका गतिविधि

### प्रदेश नं.१ कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठन प्रदेश नं. १ कार्य समितिको तर्फबाट २०७९ श्रावण २२ गते प्रदेश निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने विषयहरू सहितको ज्ञापन-पत्र प्रदेश नं. १ कार्य समितिमा अध्यक्ष काशिराज पराजुलीको नेतृत्वमा मुख्यमन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्री र प्रमुख सचिवलाई बुझाउने कार्य सम्पन्न गरिएको छ ।

प्रदेश निजामती सेवा ऐन अध्यादेश जारी गर्ने विषयमा प्रदेश नं. १ का आर्थिक मामिला तथा योजना मन्त्रीसंग संगठनको नेतृत्वमा संयुक्त ट्रेड युनियनको तर्फबाट सुझाव तथा परामर्श कार्यक्रममा सहभागी रहेको थियो ।

संयुक्त ट्रेड युनियन संजालको आह्वानमा भएको ज्ञापन-पत्र बुझाउने, हातमा कालो पट्टी बाँधी सेवा प्रवाह गर्ने र हाम्रा मागहरू उल्लेख भएको कालो ब्यानर हरेक कार्यालयमा राख्ने कार्य प्रदेशभरि सफल बनाईएको थियो ।

## मधेश प्रदेश कार्य समितिः

मधेश प्रदेश कार्य समितको प्रथम ऐतिहासिक अधिवेशन मिथिला सभ्यताको सांस्कृतिक नगरि जनकपुरधाममा २०७९ भाद्र २५ गते सम्पन्न भएको छ। नेपाल निजामती कर्मचारी संगठन मधेश प्रदेश ईन्चार्ज नौतम पोखरेलको अध्यक्षतामा सम्पन्न भएको अधिवेशनमा प्रमुख अतिथिको रूपमा नेकपा (एमाले) केन्द्रीय कार्य समितका सचिव तथा मधेश प्रदेश ईन्चार्ज रघुवीर महासेठ रहनु भएको थियो। विशिष्ट अतिथि संगठन केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाले संगठनले हालसम्म प्राप्त गरेका उपलब्धी, संगठनका आगामी कार्यभार र प्रदेश कार्य समितिका आगामी जिम्मेवारी र वहन गर्न खेल्नु पर्ने भूमिकाका बारेमा निर्देशन भएको थियो। अधिवेशनको उद्घाटन शत्रमा केन्द्रीय कार्य समितका पदाधिकारी सदस्य तथा मधेश प्रदेशका आठ जिल्लाबाट आउनु भएका प्रतिनिधि/पर्यवेक्षकहरू सहित ४०० जनाको उपस्थिति थियो। मधेश प्रदेश ईन्चार्ज नौतम पोखरेलले पेश गर्नु भएको सांगठनिक प्रतिवेदन सुझाव सहित पारित गर्ने र जितनारायण भगतको अध्यक्षतामा २९ सदस्यीय कार्य समिति सर्व सम्मत निर्वाचित गरि अधिवेशन भव्यताका साथ सम्पन्न भयो।

## गण्डकी प्रदेश कार्य समितिः

गण्डकी प्रदेश कार्य समितिको प्रथम बैठक संगठन गण्डकी प्रदेश कार्य समितिको नाममा राष्ट्रिय बाणिज्य बैङ्क, पृथ्विचोक शाखामा (खाता नं ३०२०१०००२०८१००१) र राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लि. कास्कीमा खाता संचालन गरिएको थियो।

नेपालको संविधान, जारी भए पश्चात एक आवधिक निर्वाचन सम्पन्न भएर दोश्रो आवधिक निर्वाचनको संघारमा आई पुग्दा समेत राजनैतिक नेतृत्वबाट देशको समग्र प्रशासन संचालन गर्ने महत्वपूर्ण कानून निजामती सेवा ऐन जारी गराउन संवेदनशिल नदेखिएकोले संगठन गण्डकी प्रदेश कार्य समितिका अध्यक्ष र महासचिवको सक्रियतामा गण्डकी प्रदेशमा रहेका राष्ट्रियस्तरमा क्रियाशिल ट्रेड युनियनका अध्यक्षको बैठक २०७९ आषाढ २१ र २४ गते बसी संयुक्त ज्ञापन-पत्र तयार गरी संघीय सरकारलाई निजामती सेवा ऐन जारी गराउन दवाव स्वरूप राष्ट्रियस्तरका क्रियाशिल ट्रेड युनियनका प्रदेश अध्यक्षहरूबाट संयुक्त रूपमा सम्माननीय प्रधानमन्त्रीलाई गण्डकी प्रदेशका प्रमुख सचिवमार्फत हस्तान्तरण गर्ने कार्य सम्पन्न गरेको थियो।

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, गोरखाको अध्यक्ष लगायतका पद रिक्त रहन गएकोले २०७९ श्रावण १३ गते गण्डकी प्रदेश कार्य समितिको पहलमा शारदा प्रसाद भट्टराइको अध्यक्षतामा जिल्ला कार्य समिति पुनर्गठन तथा पेसागत महासंघ, नेपाल गोरखा जिल्ला कार्य समितिको चौथो अधिवेशन सम्पन्न गरी मेघनाथ लामिछानेको अध्यक्षतामा सर्वसम्मत निर्वाचित कार्य समिति समेत दुबै कार्य समितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरिएको थियो।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय गण्डकी प्रदेश, पोखराले २०७९ श्रावण १९ गते संगठन लगायत क्रियाशिल ट्रेड युनियनको सहभागितामा प्रदेश निजामती सेवा विधेयक तर्जुमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरेकोमा संगठनले विधेयकमा समावेश गर्नुपर्ने विषयमा आफ्नो धारणा प्रस्तुत गर्नुका साथै सबै ट्रेड युनियनको साझा धारणा बनाउन संगठनले आवश्यक पहल गर्ने जिम्मेवारी लिएको थियो।

निजामती सेवा दिवस २०७९ को अवसरमा भाद्र २२ गते मूल समारोह समिति तथा निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन जिल्ला कार्य समिति, कास्कीद्वारा आयोजित कार्यक्रममा सक्रिय रूपमा सहभागिता रहेको, उक्त कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठन कास्कीले हाजिरीजवाफ प्रतियोगिता संचालन गरी प्रथम द्वितिय तृतिय र सान्त्वना स्थान प्राप्त गर्ने सहभागीहरूलाई पुरस्कार तथा प्रमाण पत्रद्वार सम्मान गरिएको थियो।

## लुम्बिनी प्रदेश  कार्य समितिः

२०७९ जेठ १८ गते नेपाल निजामति कर्मचारी संगठन लुम्बिनी प्रदेश समितिको संयोजन तथा अगुवाईमा लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रममा संगठनको तर्फबाट उठाएका माग समावेश गर्न संगठनका केन्द्रीय सदस्य, जिल्ला कार्य समिति रूपन्देही, आधिकारिक ट्रेड युनियन रूपन्देही, पालिका कार्यसमितका सदस्यहरू सहित करिब ३५ जनाको टोलीले लुम्बिनी प्रदेशका अर्थमन्त्री माननीय कृष्णध्वज खड्कालाई सुझाव सहितको मागपत्र बुझाईएको थियो।

२०७९ असार २८ गते लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आयोजनामा भएको प्रदेश निजामती सेवा ऐनको मस्यौदा तयारीको लागि केन्द्रीय सदस्य, प्रदेश अध्यक्ष लगायत पदाधिकारी सदस्य तथा जिल्ला अध्यक्ष सहितको सक्रिय सहभागिता रहेको थियो।

२०७९ श्रावण १२ गते शनिवार प्रथम लुम्बिनी प्रदेश कार्य समितिको विस्तारित बैठक प्रदेश ईञ्चार्ज दधिराम मरासिनीको प्रमुख आतिथ्यता वार्षिक कार्ययोजना बनाई जिल्ला अध्यक्ष सहितको बैठक बसी जिल्लागत रिर्पोटिङ्ग पेश गरी निर्देशन सहित बैठक सम्पन्न भएको थियो।

लुम्बिनी प्रदेशका विभिन्न मन्त्रालयमा कर्मचारी सरूवा/ कामकाजका लागि  खटाउँदा संगठनका साथिहरूको उचित व्यवस्थापन गर्न, उच्च पदस्थ कर्मचारीरुले मनोमानी हचुवाको भरमा सरूवा नगर्न र संगठनका सदस्यलाई काम गर्ने उचित वातावरण बनाउनका लागी भाद्र महिना भरि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बुटवलमा, लेखा समुहको लागि आर्थिक मामिला मन्त्रालयमा, कृषि भेटेरिनरि तर्फ कृषि तथा भूमि व्यवस्था मन्त्रालय र अन्य मन्त्रालयको सचिवसंग वार्ता संवाद छलफल गर्दै दवाव मुलक क्रियाकलाप संचालन गरेको र नमिलेका सरूवाको बारेमा छलफल गरि पछि मिलाउने सहमति गराउन सफल भएको थियो।

## कर्णाली प्रदेश कार्य सिमितिः

नेपाल निजामती कर्मचारी संगठन, कर्णाली प्रदेश कार्य समितिले आफ्नो आन्तरिक जीवनलाई व्यवस्थित र गतिशील बनाउने क्रममा २०७९ भाद्र ११ गते वीरेन्द्रनगर, सुर्खेतमा सम्पन्न दोस्रो पूर्ण बैठकबाट महासचिव राजेश आचार्यद्धारा प्रस्तुत संगठनिक प्रतिवेदन सुझाव सहित सर्वसम्मत पारित गरेको छ। कर्णाली प्रदेश कार्य समितिको प्रथम अधिवेशन (बि.सं.२०७८ चैत्र २२) पश्चात सांगठनिक सुदृढता, पदाधिकारी/सदस्यहरूको कार्य विभाजन र समसामयिक विषयमा गरिएका निर्णयहरू गर्दै बैठक सम्पन्न भएको छ। बैठकका निर्णयलाई देहाय बमोजिम कार्यान्वयन गर्दै लगिएको छ।

१. **संघीय निजामती सेवा ऐनः** नेपालको संविधान जारी भएको करिब ७ बर्ष पुगिसक्दा पनि कर्मचारीहरूको छाता ऐनको रूपमा रहेको संघीय निजामती सेवा ऐन जारी हुन सकिरहेको छैन।यसले गर्दा मुलुकको सार्वजनिक सेवा प्रवाहमा नकारात्मक प्रभाव परेको, कर्मचारीहरूको वृति विकास रोकिएको साथै संघीयता कार्यान्वयनमा समेत जटिलता देखिएकाले **उत्प्रेरित कर्मचारी गुणस्तरीय सेवा प्रवाह** मार्फत **समृद्ध नेपालः सुखि नेपाली**को राष्ट्रिय आकांक्षा पूरा गर्ने अभियानमा सार्थकता दिन यथाशीघ्र संघीय निजामती सेवा ऐन जारी गर्न नेपाल सरकार समक्ष जोडदार माग गरिएको थियो।

२. **प्रदेश निजामती सेवा ऐनः** कर्णाली प्रदेश निजामती सेवा ऐनको मस्यौदा कर्णाली प्रदेशको विधायन समितिमा छलफलको क्रममा रहेकोले सरोकारवालहरूसँग आवश्यक छलफल गरी कर्मचारी, नागरिक र ट्रेड युनियन मैत्री प्रदेश निजामती सेवा ऐन जारी गर्न कर्णाली प्रदेश सरकारसँग जोडदार माग  गरिएको थियो।

३. **संगठन सुदृढीकरणः** नेपाल निजामती कर्मचारी संगठन कर्णाली प्रदेश कार्य समितिको कामलाई चुस्त, दुरुस्त र छिटो छरितो रूपमा सञ्चालन गर्न १० सदस्यीय सचिवालय तथा ८ वटा विभिन्न विभागहरूको गठन गरियो छ।

४. कर्णाली प्रदेश कार्य समितिको आगामी बैठक तथा प्रदेश स्तरीय प्रशिक्षण कार्यक्रम २०७९ पौष २२ र २३ गते सम्पन्न गर्ने लक्ष्य लिएको छ ।

५. कर्णाली प्रदेशमा पालिका अधिवेशन गर्न बाँकी रहेका स्थानीय तहहरूको पालिका अधिवेशन २०७९ मंसिर मसान्तसम्म सम्पन्न गर्न पहल गर्ने ।

६. नेपाल निजामती कर्मचारी संगठन सुशासन, पारदर्शिताका पक्षमा सदैव वकालत गर्दै आइरहेको छा।क्षतिपुर्ति सहितको नागरिक सेवा प्रवाह, नागरिकमैत्री प्रशासन, सेवाग्राही प्रतिको सम्मान हाम्रा मुलभुत मान्यताहरू हुन्।यसलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयमा पाल्नु हुने सेवाग्राहीहरूलाई नेपाल निजामती कर्मचारी संगठनको प्रत्येक सदस्यहरूले अनिवार्य रूपमा **मुस्कान सहितको सेवा प्रवाह**को प्रत्याभुति गर्दै सेवाग्राहीलाई सर्वप्रथम **आफैवाट नमस्कार** गर्ने अभियानको थालनी गर्ने।

७. कर्णाली प्रदेशमा हाल कार्यान्वयनमा रहेको दरवन्दी संरचना (O &M) ले आम कर्मचारीहरूको वृति विकास र सेवाको सुरक्षामा नकारात्मक प्रभाव पारेको र कर्णाली प्रदेशमा कार्यरत कर्मचारीहरूको तलवी प्रतिवेदन समेत पारित हुन नसकेको अवस्था रहेकोले संघीय सरकारसँग समन्वय गरी यथाशीघ्र व्यवहारीक एवं वैज्ञानिक O &M गर्न कर्णाली प्रदेश सरकार समक्ष माग गरिएको।

८. करार सेवामा कार्यरत कर्मचारीहरूलाई आस्थाकै आधारमा अपमानजनक तवरले सेवा सुरक्षाको कुनै सुनिश्चितता नगरी सेवावाट हटाउने कार्यको विरोध गर्दै कार्यसम्पादन मुल्यांकनका आधारमा सेवा करारमा कार्यरत कर्मचारीहरूलाई निरन्तरता दिन माग गरिएको थियो ।

९. २०७९ मंसिर ४ मा सम्पन्न हुन गइरेको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्यको निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, एवं भयरहित वातवारणमा सम्पन्न गर्ने कार्यमा सरिक हुन सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू लगायत सरोकारवाला सबैमा आब्हान गरिएको छ ।

## उपत्यका प्रदेश कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समितको प्रथम ऐतिहासिक अधिवेशन बुद्धनगर पार्टी प्यालेस, काठमाडौंमा २०७९ भाद्र १७ गते सम्पन्न भएको छ । नेपाल निजामती कर्मचारी संगठन उपत्यका प्रदेश ईञ्चार्ज रेणुका के.सी.को अध्यक्षतामा सम्पन्न भएको अधिवेशनमा प्रमुख अतिथि नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र विशिष्ट अथिति संगठन केन्द्रीय अध्यक्ष लेखनाथ कोइराला रहनु भएको थियो । संगठनका अध्यक्ष लेखनाथ कोइरालाले संगठन निजामती क्षेत्रको भरोसा योग्य ट्रेड युनियन रहेको र जसलाई आधिकारिक ट्रेड युनियनको निर्वाचनले पुष्टी गरेको, संगठनको अगुवाईमा कर्मचारीहरूले धेरै उपलब्धी प्राप्त गरेको, संगठनको ११ औं महाअधिवेशनले लिएका कार्यनीति तथा कार्यभार, नियमित गतिविधि पूरा गर्न कार्ययोजना पारित गराई कार्यान्वयनमा ल्याईएको र शासकीय पुनः संरचनासँगै संगठनका कार्य समितिको पुनःसंरचना गर्दै प्रदेश अधिवेशन सम्पन्न गर्न गईरहेको हुँदा प्रदेश कार्य समितिले जिम्मेवारी वहन गर्न खेल्नु पर्ने भूमिकाका बारेमा चर्चा गर्नु भएको थियो । अधिवेशनको उद्घाटन शत्रमा केन्द्रीय पदाधिकारी सदस्य तथा उपत्यका प्रदेशका ४० विभागीय कार्य समितिबाट आउनु भएका प्रतिनिधि/पर्यवेक्षक सहित ६०० जनाको उपस्थिति रहेको थियो । उपत्यका प्रदेश ईञ्चार्ज रेणुका के.सी.ले पेश गर्नु भएको सांगठनिक प्रतिवेदन सुझाव सहित पारित गर्दै ईश्वर ओझाको अध्यक्षतामा २९ सदस्यीय कार्य समिति सर्वसम्मत चयन गर्दै अधिवेशन भव्य रूपमा सम्पन्न भयो ।

# जिल्ला/विभागीय कार्य समितिका गतिविधि

## झापा जिल्ला कार्य समितिः

- नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति, झापाका अध्यक्ष केदार पोखरेलको अध्यक्षता केन्द्रीय उपाध्यक्ष भवानी न्यौपाने दाहालको प्रमुख आतिथ्यतामा करिव २५० जनाको उपस्थितिमा २०७९ भाद्र १० गते तीज मिलन कार्यक्रम सम्पन्न भएको थियो ।
- नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति झापाका अध्यक्ष केदार पोखरेलको अध्यक्षता र माननीय बसन्तकुमार वाँनियाको प्रमुख आतिथ्यतामा २०७९ भाद्र १५ गते स्व. प्रमोद तामाङ्ग स्मृति पुरस्कार वितरण कार्यक्रम अन्तर्गत उत्कृष्ठ राष्ट्रसेवक पुरस्कारवाट जिल्ला हुलाक कार्यालयमा कार्यरत दामोदर घिमिरे र आन्तरिक राजश्व कार्यालयमा कार्यरत वोजप्रसाद दुलाललाई जनही रु. ११,१११।- र सुशासन पत्रकारिता पुरस्कारवाट पत्रकार गोपाल झापालीलाई रु.७,७७७।- सहित संगठनको कार्यालमा सम्मान कार्यक्रम सम्पन्न गरिएको थियो ।
- नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. झापाको २०औं वार्षिक साधारण सभा संस्थाका अध्यक्ष वशिष्ठ अधिकारीको अध्यक्षतामा संगठनका केन्द्रीय उपाध्यक्ष तथा सहकारी विभाग प्रमुख रेवन्त गौतमको प्रमुख आतिथ्यतामा २०७९ असोज ८ गते सम्पन्न भएको छ । संस्थाका कुल ८०६ शेयर सदस्य मध्ये ४५१ जनाको उपस्थिति रहको साधारण सभामा संस्थाको हाल सम्म रु. ९,९२,३७,९३३।६१ सम्पत्ति दायित्व रहेको, संस्थाको लागी २०७९ सालको लागि वार्षिक नीति तथा कार्यक्रम पारित गरिएको थियो ।

## मोरङ जिल्ला कार्य समितिः

- नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा स्थापित पहिलो सहकारी संस्था राष्ट्रसेवक बहुमुखी सहकारी संस्था लि. विराटनगरको रजत महोत्सवको पुर्व सन्ध्यामा राष्ट्रसेवक सहकारी संस्थाको आगामी कार्यभार विषयमा अन्तरकृया कार्यक्रम संस्थाका अध्यक्ष जीवन काफ्लेको अध्यक्षतामा संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा २०७९ असार १८ गते संस्थाका ३५० भन्दा बढि शेयर सदस्यको उपस्थितिमा सम्पन्न भएको थियो ।
- राष्ट्रसेवक बहुमुखी सहकारी संस्था लि. विराटनगरको स्थापना दिवश २०७९ श्रावण ४ गते संस्थाका अध्यक्ष जीवन काफ्लेको अध्यक्षतामा करिब ४०० शेयर सदस्यको उपस्थितिमा सम्पन्न भएको थियो ।
- नेपाली महिलाको महान चाड हरितालिका तीजको अवसरमा नेपाल निजामती कर्मचारी मोरङ र राष्ट्रसेवक बहुमुखी सहकारी संस्था लि. विराटनगरको संयुक्त आयोजनामा २०७९ भाद्र ७ गते शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा मोरङ जिल्लामा कार्यरत महिला कर्मचारी र सहकारी संस्थाका महिला शेयर सदस्य समेत ६०० भन्दा बढिको संख्यामा उपस्थिति रहेको थियो ।

## उदयपुर जिल्ला कार्य समिति

- नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति उदयपुरको आयोजनामा शहिद मनोज-भपेन्द्र-शुरेन्द्र स्मृति दिवसको अवसरमा सदरमुकाम गाईघाटमा विविध कार्यक्रम गरि मनाएको छ । दिवसको अवसरमा आयोजना गरिएको अर्न्तक्रिया कार्यक्रममा शहिदहरूको योगदानको उच्च सम्मान गर्दै

संगठनका गतिविधिहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा छलफल गरिएको थियो। दिवसकै अवसरमा गरिएको रक्तदान कार्यक्रममा ८७ जनाले रगत दान गर्नुभएको थियो।

- हिन्दु नेपालीहरूको महान पर्व हरितालिका तिजको अवसरमा नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमिति उदयपुरले शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा विशेषगरि संगठन निकट निजामती क्षेत्रमा कार्यरत महिलाहरू, राष्ट्रसेवक बहुउदेश्यीय सहकारीका संस्थाका महिला सदस्यहरू लगाएत नेकपा एमालेका जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरूको सहभागीता रहेको थियो। कार्यक्रममा रौतामाई गाउँपालिका वडा नं ४ बस्ने सुत्केरी अवस्थामा श्रिमान गुमाएकी २६ वर्षिय भेष कुमारी राउतलाई संगठनले नगद १६ हजार ५ सय प्रदान गरेको छ।

## रौतहट जिल्ला कार्य समिति:

- निजामती सेवा दिवसको अवसरमा २०७९ भाद्र २२ गते प्रदेश इन्चार्ज नौतम पोखरेलको प्रमुख आतिथ्यतामा चन्द्र निगाहापुर बजार क्षेत्रमा प्रभात फेरी र जिल्ला वन कार्यालय परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो।

## काठमाण्डौ जिल्ला कार्य समिति:

- सहिद सप्ताहको सन्दर्भमा २०७७ श्रावण १६ गते संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतामा संगठन काठमाण्डौ जिल्ला कार्य समितिले बाल उद्धार मा.बि कपनमा कक्षा १ मा अध्ययनरत बिद्यार्थी सोलुखुम्बुको नेले स्थायी घर भई हाल कपनमा बस्ने विपन्न परिवारका सन्तान विमल खड्कालाई विद्यालय अध्ययनको लागि रू. १०,०००।– (दश हजार रूपैंया) नगद र विद्यालय पोशाक, जुत्ता प्रदान गर्दै अभिभावकत्व ग्रहण गरेको थियो।
- निजामती सेवा दिवस २०७९ को उपलक्ष्यमा भाद्र २२ गतेका संगठनका अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख अतिथ्यतामा गोश्वारा हुलाक कार्यालय डिल्लीवजारको सभाकक्षमा २०७८ को SEE परिक्षामा उत्कृष्ट अंक ल्याउने काठमाण्डौ जिल्ला अन्तर्गतका संगठनका संगठक/सदस्यका सन्तति पूर्णिका लामिछाने, पासाङ्ग तामाङ्ग, एलिना तामाङ्ग र यूनिसा नेपाललाई जनही रू ५,०००।– (पाँच हजार रूपैंया) नगद सहित प्रमाण-पत्रले सम्मान गरिएको थियो।

## स्याङ्जा जिल्ला कार्य समिति:

- नेपाली महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा ३०० जना संगठन सदस्य कर्मचारीहरूको उपस्थितिमा २०७९ भाद्र ११ गते शुभकामना आदान-प्रदान तथा दरखाने कार्यक्रम भव्यता सम्पन्न गरिएको थियो।
- निजामती सेवा दिवस २०७९ को उपलक्ष्मा स्याङ्जा जिल्लाका प्रमुख जिल्ला अधिकारीको प्रमुख आतिथ्यतामा ९५ जना संगठन सदस्यहरूको उपस्थितिमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरिएको थियो।

## नवलपुर जिल्ला कार्य समिति:

नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्य समिति नवलपुरले बडा दशै, दिपावली लगायतका चाडपर्वको उपलक्ष्यमा शुभकामना आदान-प्रदान तथा राष्ट्रसेवक सहकारी संथापनार्थ प्रारम्भिक भेला सम्पन्न गरेको छ। संगठनका अध्यक्ष कमल प्रसाद पोखरेलको अध्यक्षतामा र संगठनका केन्द्रीय महासचिव जीवन काफ्लेको प्रमुख आतिथ्यतामा २०७९ असोज ७ गते

सम्पन्न कार्यक्रममा ११५ भन्दा बढिको उपस्थिति रहेको थियो ।

## कास्की जिल्ला कार्य समितिः

- महिलाहरूको महान पर्व हरितालिका तीजको अवसरमा गण्डकी प्रदेश सभाको उप-सभामुख माननीय सिर्जना शर्माको प्रमुख आतिथ्यतामा २५० जना भन्दा बढी संगठन सदस्य तथा सहकारीका शेयर सदस्यहरूको व्यापक उपस्थितिमा २०७९ भाद्र १० गते शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रम राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि. र संगठनको संयुक्त आयोजना गरिएको थियो ।
- निजामती सेवा दिवश २०७९ को अवसरमा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थको प्रमुख आतिथ्यतामा भाद्र १७ र १८ गते खुल्ला हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा ११ वटा प्रतियोगी समूहको सहभागिता रहेको थियो ।
- नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था लि पोखराको वार्षिक साधरण सभा संस्थाका अध्यक्ष राममणि ढुंगानाको अध्यक्षता र संगठन केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यता, नेकपा (एमाले) कास्कीका उपाध्यक्ष तेजनारायण अधिकारीको विशिष्ठ अतिथि आतिथ्यतामा पोखरामा २०७९ असोज ७ गते सम्पन्न भयो । संस्थाका ९४७ शेयर सदस्य मध्ये ६६७ शेयर सदस्यको उपस्थिति रहेको थियो । संस्थाले आर्थिक वर्ष २०७८।७९ मा रु १४०००००। (चौध करोड रूपैया) को कारोबार गरेको थियो । संस्थाले शहिद मनोज - झपेन्द्र-सुरेन्द्र समृति भवन को निर्माण गर्ने, र संगठनले सहकारी मर्जरको नीति लिएमा सहकारी संस्था मर्जर गर्ने नीति समेत पारित गरेको छ

## पर्वत जिल्ला कार्य समितिः

संगठन केन्द्रीय सचिवालय सदस्य दिपक शर्मा पौडेलको प्रमुख आतिथ्यतामा संगठनले अभिवावकत्व ग्रहण गरेका विद्यार्थी आकाश पुरीलाई शैक्षिक सामाग्री हस्तान्तरण गरिएको थियो ।

## रूपन्देही जिल्ला कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति रूपन्देहीले विजयादशमी, दिपावली, नेपाल संम्वत् तथा छठको अवसरमा बुटवलम आयोजना गरेको शुभकामना आदान-प्रदान तथा स्वागत, सम्मान कार्यक्रम संगठनका अध्यक्ष प्रेम प्रसाद खनालको अध्यक्षतामा नेपाल सरकारका पुर्व उपप्रधानमन्त्री विष्णु प्रसाद पौडेलको प्रमुख आतिथ्यतामा २०७९ असोज ७ गते सम्पन्न भयो । निजामती सेवाबाट स्वेच्छिक अवकास लिनु भएका संगठन केन्द्रीय कार्य समितिका पुर्व सदस्य तथा आधिकारीक ट्रेड युनियनका केन्द्रीय सदस्य मेघदेव पन्तको बिदाई तथा सम्मान र पेसागत महासंघ नेपालमा फर्कनु भएको यज्ञमुर्ति भण्डारी तथा बाहिरी जिल्लाबाट रूपन्देही सरुवा भई आउनु भएका संगठनका सदस्य र निजामती सेवाका नवप्रवेशीलाई स्वागत गरिएको थियो ।

## पाल्पा जिल्ला कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठनको अभिभावकत्वमा सञ्चालित राष्ट्रसेवक वचत तथा ऋण सहकारी संस्था लि पाल्पाको१५ औं वार्षिक साधारण सभा अध्यक्ष टंक प्रसाद भण्डारीको अध्यक्षता र पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तको प्रमुख आतिथ्यतामा २०७९ असोज ८ गर्ने पाल्पाको तानसेनमा सम्पन्न भयो। उक्त साधारण समाले पूर्ण प्रसाद घिमिरेको नेतृत्वमा ११ सदस्यीय सञ्चालक समिति र नारायण प्रसाद न्यौपानेको संयोजकत्वमा ३ सदस्यीय लेखा समितिको सर्वसम्मत रूपमा चयन गरेको छ

## सुर्खेत जिल्ला कार्य समितिः

- महिलाको महान चाड हरितालिका तीजको अवसरमा सुर्खेत जिल्लामा कार्यरत महिला कर्मचारीलाई दर खुवाउने कार्यक्रम सम्पन्न गरेको छ।
- कर्णाली प्रदेश सरकारलाई प्रदेश निजामती सेवा ऐन समावेश गर्नु पर्ने विषयमा ४२ बुँदामा सुझाव बुझाएको थियो।

## दैलेख जिल्ला कार्य समितिः

महिलाको महान चाड हरितालिका तीजको अवसरमा दैलेख जिल्लामा कार्यरत महिला कर्मचारी बीच शुभकामना आदान-प्रदान र दर खुवाउने कार्यक्रम सम्पन्न गरेको छ।

## कञ्चनपुर जिल्ला कार्य समिति

नेपाल निजामती कर्मचारी संगठनका सदस्यद्वय स्व. नारायण रानाको घरपरिवारलाई किरिया खर्च वापत रु. २१०००।– (एक्काईस हजार रूपैया) र स्व. दिनेश दमाईको परिवारलाई रु. १,००,०००।– (एक लाख रूपैंया) कर्मचारी कल्याण कोषबाट प्राप्त हुने क्षतिपुर्ति रकम हस्तान्तरण कार्यक्रम नेकपा एमाले पोलिटब्यूरो सदस्य क. निरु पालको प्रमुख अतिथ्यतामा २०७९ भाद्र १९ गते सम्पन्न गरिएको थियो।

## बझाङ जिल्ला कार्य समितिः

- संघीय निजामती सेवा ऐन जारी गर्न दवाव दिन २०७९ भाद्र ७-१७ गते सम्म कार्यालय परिसरमा हाम्रा मागहरू उल्लेखित कालो ब्यानर राख्ने तथा हातमा कालो पट्टी बाँधि सेवा प्रवाह गर्ने कार्य गरिएको थियो।
- निजामती सेवा दिवस २०७९ को उपलक्ष्यमा भाद्र २२ गते सुदुरपश्चिम प्रदेश ईञ्चार्ज प्रकाश बहादुर खड्काको प्रमुख आतिथ्यतामा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको।
- संविधान दिवशको अवसरमा २०७९ असोज ३ गते चैनपुर बजार सरसफाई कार्यक्रम गर्दै साँझमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरिएको थियो।

## सर्वोच्च अदालत विभागीय कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठन, सर्वोच्च अदालत विभागीय कार्य समितिको आयोजनामा निजामती सेवा दिवस, **२०७९ को अवसरमा न्याय सेवा विशेष हाजिरी जवाफ प्रतियोगिता** कार्यक्रम, २०७९ साल भदौ २० गते आयोजना गरेको थियो। शहिद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवशको अवसरमा आयोजित बौद्धिक लेखन प्रतियोगिता र हाजिरी जवाफ प्रतियोगिताको पुरस्कार वितरण एवं शुभकामना आदान-प्रदान कार्यक्रम संगठनका केन्द्रीय उपाध्यक्ष रेवन्त गौतम, उपत्यका प्रदेश ईञ्चार्ज रेणुका के.सी. समेतको उपस्थितिमा भव्यताका साथ सम्पन्न भएको थियो।उक्त प्रतियोगितामा प्रमाणपत्र सहित तपसील बमोजिम पुरस्कार राशी प्रदान गरिएको थियो।

**हाजिरीजवाफ प्रतियोगिता**

प्रथम पुरस्कार रु.६,०००।–(छ हजार रूपैंया) र प्रमाणपत्र

द्वितीय पुरस्कार रु. ४,५००।- (चार हजार पाँच सय रूपैंया) र प्रमाणपत्र

तृतीय पुरस्कार रु.३,०००।- (तीन हजार रूपैंया) र प्रमाणपत्र

सान्त्वना पुरस्कार रु. १५००।– (एक हजार पाँच सय रूपैंया) र प्रमाणपत्र

**बौद्धिक लेखन प्रतियोगिता**

प्रथम पुरस्कार रु.१०,०००।–(दश हजार रूपैंया) र प्रमाणपत्र

द्वितीय पुरस्कार रु. ७,५००।- (सात हजार पाँच सय रूपैंया) र प्रमाणपत्र

तृतीय पुरस्कार रु.५,०००।- (पाँच हजार रूपैंया) र प्रमाणपत्र

## अर्थ विभागीय कार्य समिति

उपाध्यक्ष भवानी दाहालको प्रमुख उपस्थितीमा उपत्यका प्रदेश इन्चार्ज रेणुका के.सी. विभागीय इन्चार्ज वामद व पन्थीको उपस्थितीतमा २०७९ असोज ७ गते मन्त्रालयको सवर्ण हलमा बैठक तथा शुभकामना आदान-प्रदान कार्यक्रम विभागीय अध्यक्ष मधुसुदन पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विभागीय कार्य समिति

- नेपाल निजामती कर्मचारी संगठन, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय विभागीय कार्य समितिका अध्यक्ष विज्ञानराज  लुईटेलको अध्यक्षतामा संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ प्रमुख आतिथ्यतामा २०७९ भाद्र १० गते तीजको शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो ।
- संघीय निजामती सेवा ऐन  जारी गर्न दवाव दिने कार्यक्रम अन्तर्गत ज्ञापन-पत्र बुझाउने र हातमा कालो पट्टी बाँधी सेवा प्रभाह गर्ने कार्य भएको थियो ।

## महालेखा नियन्त्रकको कार्यालय विभागीय कार्य समितिः

संयुक्त ट्रेड युनियनको सञ्जालको आव्हानमा संघीय निजामती सेवा ऐन जारी गर्न दवाव सिर्जना गर्न २०७९ भाद्र ०६ गते देखि १७ गतेसम्म हातमा कालो पट्टी बाँधि कार्यसम्पादन गर्ने र कार्यालय परिसरमा मागहरू लेखिएको कालो व्यानर टाँस गर्ने भएको थियो ।

## कृषि तथा पशुपंक्षी मन्त्रालय विभागीय कार्य समितिः

- २०७८ पागुन ९ गते  नेपाल निजामती कर्मचारी संगठनमा सक्रिय योगदान गर्नुभएका बाली संरक्षण अधिकृत जगन्नाथ शर्मा, पशु विकास अधिकृत जनक वहादुर धामी, पशु चिकित्सक कृष्ण वहादुर तामाङ्लाई सम्मान तथा विदाई कार्यक्रम संगठन केन्द्रीय अध्यक्ष लेखनाथ कोइराला प्रमुख आथित्यतामा सम्पन्न गरिएको ।
- संगठन स्थापना दिवसको अवसरमा ११ औं महाअधिवेशनबाट निर्वाचित अध्यक्ष लगायतका पदाधिकारी सदस्यलाई वधाई तथा कार्यकाल सफलताको शुभकामना कार्यक्रम सम्पन्न गरिएको ।
- संयुक्त ट्रेड युनियन संजालको आह्वान संगठनको अगुवाईमा अन्य ट्रेड युनियनहरूको सहभागिता सहित संघीय निजामती सेवा ऐन जारी गर्न कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव मार्फत नेपाल सरकारलाई ज्ञापन पत्र बुझाएको ।

## उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय विभागीय कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय विभागीय कार्य समितिले निजामती सेवा दिवसको अवसरमा २०७९ भाद्र २० गते खानी तथा भूगर्भ विभागमा सरसफाई कार्यक्रम र गुणस्तर तथा नापतौल विभागका कर्मचारी तुल बहादुर भण्डारीलाई क्यान्सर रोगको उपचारका लागि सहयोग स्वरूप रु. ५४,०००।– (चौवन्न हजार रूपैया) रकम संकलन गरी कार्य समितिको तर्फबाट हस्तान्तरण गरिएको थियो ।

## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय विभागीय कार्य समितिः

- नेपाल निजामती कर्मचारी संगठन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय कार्य समितिको केन्द्रीय प्रतिनिधि शाखा अधिकृत मिना कुमारी मैनाली सेवा निवृत्त हुनुभएकोमा उहाँको विदाई कार्यक्रम केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यतमा कार्यक्रम सम्पन्न गरिएको ।
- संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयमा सरुवा भई आउनु भएका सचिव श्री अर्जुन प्रसाद पोखरेललाई २०७९ भाद्र ९ गते संगठनका केन्द्रीय अध्यक्ष लेखनाथ कोइरालाको प्रमुख आतिथ्यता, केन्द्रीय पदाधिकारी सदस्य सदस्य र विभागीय कार्य समितिका सदस्यको उपस्थितिमा राष्ट्रिय कितावखाना (निजामती) कार्यलयमा शुभ-कामना आदान प्रदान कार्यक्रम गरिएको थियो ।

## लोक सेवा आयोग विभागीय कार्य समितिः

- शहीद सप्ताहको अवसरमा नेपाल निजामती कर्मचारी संगठन उपत्यका प्रदेश कार्य समितिद्वारा आयोजित हाजिरी जवाफ प्रतियोगितामा सहभागिता जनाई लोक सेवा आयोगको टोली दोस्रो चरणमा पुग्न सफल भयो ।
- संयुक्त ट्रेड युनियन सञ्जालको आह्वानमा दोस्रो चरणको आन्दोलनको कार्यक्रम अन्तर्गत २०७९ भाद्र ७ गतेदेखि कार्यालयमा माग सहितको कालो ब्यानर राख्ने र हातमा कालोपट्टी बाँधेर कामकाज गरिएको थियो ।
- नेपाली नारीहरूको महान पर्व हरितालिका तीजको अवसरमा २०७९ भाद्र ९ गते लोक सेवा आयोगका कर्मचारीबीच शुभकामना आदान-प्रदान एवं विविध साँस्कृतिक कार्यक्रम आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको ।
- निजामती सेवा दिवस, २०७९ को अवसरमा लोक सेवा आयोग प्राङ्गणमा वृहत् सरसफाई कार्यक्रम आयोजना गरियो ।

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विभागीय कार्य समितिः

नेपाल निजामती कर्मचारी संगठन, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय विभागीय कार्य समितिले शिक्षा सचिव रामकृष्ण सुवेदीलाई २०७९ श्रावण ३ गते स्वागत तथा संगठनको तर्फबाट संगठन संरचना (O&M) को सुझाव प्रस्तुत गरेको थियो ।२०७९ असोज ७ मा संगठनले अभिभावकत्व ग्रहण गरेका विद्यार्थीहरूलाई पोशाक र स्टेशनरी वितरण तथा दशैं तिहार छठ ईद लगायतका चार्ड पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको थियो ।

## भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय विभागीय कार्य समितिः

- २०७९ भाद्र १ गते सबै ट्रेड युनियनको सहभागितामा राष्ट्रिय भूमि आयोग, ताहाचलका कामहरूप्रति ध्यानाकर्षण गराउदै रचनात्मक सुझाव सहितको ज्ञापन-पत्र आयोगका अध्यक्षलाई बुझाइएको थियो।
- निजामती सेवा दिवसको अवसरमा २०७९ भाद्र २१ गते संगठन विभागीय कार्य समितिको अगाडि बृहत् सरसफाई कार्यक्रम सम्पन्न गरिएको थियो ।
- संयुक्त ट्रेड युनियन सञ्जालको आन्दोलनको क्रममा ज्ञापन पत्र बुझाउने, कालो पट्टी बाँधि सेवा प्रवाह गर्ने लगायतमा सहभागिता जनाएको थियो।

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय विभागीय कार्य समितिः

निजामती सेवा दिवस २०७९ को अवसरमा उपत्यका प्रदेश ईन्चार्ज रेणुका के.सी. को प्रमुख आतिथ्यतामा पुरातत्व विभाग र राष्ट्रिय अभिलेखालय परिसरमा बृहत् सरसफाई कार्यक्रम सम्पन्न गरिएको ।

"सम्पूर्ण निजामती कर्मचारी एकजुट होऔं !"

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान"

# नेपाल निजामती कर्मचारी संगठन

## उपत्यका प्रदेश कार्य समिति

**बबरमहल, काठमाडौं**

**को**

**प्रथम उपत्यका प्रदेश अधिवेशनमा प्रदेश ईन्चार्ज रेणुका के.सी.द्वारा प्रस्तुत**

## 'सांगठनिक प्रतिवेदन'

२०७९ भाद्र १८ गते शुक्रबार

**बुद्धनगर, काठमाडौं**

**आदरणीय अध्यक्ष मण्डलका अध्यक्षज्यू,**

**अतिथीज्यूहरू,**

**अध्यक्ष मण्डलका सदस्यज्यूहरू,**

नेपालको निजामती कर्मचारीहरूको सवैभन्दा जेठो, भरोसायोग्य एवं आम कर्मचारीहरूको गौरवशाली संस्था पेसागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरूको राष्ट्रिय स्तरको पहिलो ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समितिको यस गरिमामय "**प्रथम उपत्यका प्रदेश अधिवेशन**"मा सहभागी प्रतिनिधि, पर्यवेक्षक एवं स्वयंसेवक लगायत सवै मित्रहरूमा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

मुलुकको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक र पेसागत आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान सहीदहरूका साथै नेपाल निजामती कर्मचारी संगठनको गौरवमय इतिहास कोर्ने क्रममा जीवन उत्सर्ग गर्नु हुने आदरणीय सहीद मनोज जोशी-झपेन्द्र कार्की-सुरेन्द्र वि.क.प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । यस अवधिमा नेपाल निजामती कर्मचारी संगठनको साँगठनिक अभियानमा लामो समयसम्म अर्थपूर्ण योगदान दिई असामयिक निधन हुनुभएका संगठनका केन्द्रीय कार्य समितिका सदस्य एवं यस कार्य समितिका पदेन सदस्य स्व. कृष्ण बहादुर भुजेल, विभिन्न कारणले असामयिक निधन भएका संगठन केन्द्रीय कार्य समितिका पूर्व पदाधिकारी सदस्यहरू, जिल्ला/विभागीय कार्य समितिका पदाधिकारी/सदस्यज्यूहरूकाप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।

संघीयता कार्यान्वयनको क्रममा प्रशासनिक पुनःसंरचना पश्चात संगठनको ११औं राष्ट्रिय महाधिवेशन गत २०७८ फागुन २८ देखि २९ गते भव्यताकासाथ सम्पन्न पश्चात यस उपत्यका प्रदेश अधिवेशनको आयोजना हुनुपर्नेमा २०७९ वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचन, आर्थिक वर्षको समाप्ति लगायतका विविध कारणले गर्दा समयमै अधिवेशन आयोजना गर्न नसकिएको व्यहोरा अनुरोध गर्दछु । संगठन उपत्यका प्रदेश अधिवेशनको यो सम्मानित सभाहलमा विश्व ट्रेड युनियन आन्दोलन, संगठनको ऐतिहासिक पृष्ठभूमि, प्रदेश कार्य समितिले आफ्नो कार्यकालमा

गरेका कार्यको समिक्षा, आगामी दिनमा लिनुपर्ने कार्यनीति, कार्यभार तथा कार्यक्रम सहितको साँगठनिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेकी छु।

१. **विश्व ट्रेड युनियन आन्दोलन :**

विश्व ट्रेड युनियन आन्दोलनको ईतिहासलाई हेर्ने हो भने प्रथम र दोस्रो विश्वयुद्धबाट स्वतन्त्र भएका राष्ट्रहरूमा श्रमिक वर्गहरू आफ्नो हकहितका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा मजदूरहरू संगठित हुनेक्रममा अक्टोवर ३-८, १९४५ मा पेरिसमा सम्पन्न ५५ देशका राष्ट्रियस्तरका ट्रेड युनियनहरूको प्रथम सम्मेलनबाट विश्व श्रमिकहरूको पहिलो विश्व ट्रेड युनियन महासंघ WFTU को स्थापना भएको थियो। WFTU को स्थापना कालमा जारी भएको घोषणा-पत्रमा संसारबाट फाँसीवादको अन्त्य गर्नुनै प्रमुख विषय रहेको थियो। साथै श्रमिकहरूको संगठित हुन पाउने अधिकार र प्रत्येक श्रमिकलाई जाति, लिंग र वर्गको आधारमा भेदभाव नगर्ने अधिकारको सुनिश्चितता, काम र न्यूनतम पारिश्रमिकको अधिकार, बेरोजगारबाट मुक्त हुने अधिकारको सुनिश्चिततालाई आधारभूत अधिकारको रूपमा प्रत्याभूति गर्न संघर्षरत रहने भन्ने विषयहरू समेत उल्लेख गरेको पाईन्छ। सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र निजीकरणको नीति अगाडि सारी तेस्रो विश्वका मूलुकहरूमा विश्व बैंक लगायत अन्तर्राष्ट्रिय निगमहरूबाट भइरहेको आर्थिक हस्तक्षेपको WFTU ले विरोध गर्दै आएको पाईन्छ। विश्वमा अहिले प्रगतिशील एवं समाजवादी विचार पक्षधर श्रमिकहरूको प्रतिनिधित्व WFTU ले गरिरहेको छ भने पूँजीवादी सोसल डेमोक्रेट विचार पक्षधर श्रमिकहरूको प्रतिनिधित्व ITUC ले गरिरहेको छ। नेपालका पेसागत महासङ्घ नेपाल लगायत ८ वटा ट्रेड युनियन महासङ्घहरू WFTU मा आवद्ध छन्। एउटै विचारमा आवद्ध श्रमिकहरूको नेतृत्व गर्ने पेसागत महासङ्घ नेपाल (कोनेप) र नेपाल ट्रेड युनियन महासङ्घ (जीफन्ट) वेग्ला वेग्लै अन्तर्राष्ट्रिय केन्द्रमा आवद्ध भएको देखिन्छ। संगठनले अन्तर्राष्ट्रिय सम्वन्धलाई फराकिलो र मजवुत बनाउने क्रममा विश्वका सार्वजनिक सेवामा कार्यरत पेसाकर्मीहरूको ट्रेड युनियन अन्तर्राष्ट्रिय पव्लिक सर्भिसेज (TUI-PS)को १२औं कांग्रेस "नीजिकर॰ा र पूँजिवादको विरोध गरौं, सर्वसाधारण जनताका लागि सार्वजनिक सेवाको प्रत्याभूति गरौं" भन्ने मूल नाराका साथ २०७१ फागुन १ र २ गते काठमाडौमा सम्पन्न गरेको छ। सो सम्मेलनमा करिव ४० राष्ट्रका प्रतिनिधिहरूको सहभागिता रहेको र नेपालले उपाध्यक्षको जिम्मेवारी प्राप्त गरेको थियो।

२. **निजामती कर्मचारी संगठनको ऐतिहासिक पृष्ठभूमि :**

नेपालको कर्मचारी आन्दोलनलाई नियाल्दा वि.सं. १९८१ मा सुब्बा कृष्णलाल अधिकारीले प्रकाशित पुस्तक "मकैको खेती" वि.सं. २००७ को माघमा महेश्वरमान छोचुँको नेतृत्वमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संघको गठन गरी निजामती कर्मचारीहरूका पेसागत हकहितका साथै मानव अधिकार, प्रजातन्त्रको पक्षमा खुल्ला रूपमा संगठित हुने माग सहित आन्दोलन शुरु भएको, सो आन्दोलनले उठान गरेका मागहरूमध्ये तलव वृद्धिको मागलाई सम्बोधन गर्दै ३०० प्रतिशत तलववृद्धि गर्न सफल भएपनि संघमाथि प्रतिबन्ध लगाई संघको नेतृत्वलाई बर्खास्त गर्ने कार्य भयो। २०३६ सालको राजनैतिक आन्दोलनमा स्वाभिमानी कर्मचारीको नामबाट पर्चा वितरण र २०४६ को आन्दोलनमा जुलुश प्रदर्शनको कार्यले राजनीतिक परिवर्तनका आन्दोलनमा सहभागिता र संगठित हुन अनेक प्रयास गरेको प्रष्ट हुन्छ। २०४६ को जनआन्दोलनमा जागिरको पर्वाह नगरी आन्दोलनमा सहभागी भएका निजामती कर्मचारीहरूले प्रजातन्त्रपछि २०४६ चैत्र २६ गते ५ सदस्यीय भेला आयोजक समिति, २०४७ बैशाख ७ गते कर्मचारीको वृहत् भेलाबाट मोहन बहादुर के.सी.को नेतृत्वमा "**नेपाल निजामती कर्मचारी संगठन**" को तदर्थ समिति गठन भयो। तत्कालीन सामान्य प्रशासन सचिवको अध्यक्षतामा संगठनको समेत प्रतिनिधित्वमा अध्ययन कार्यदल बनाउने कार्य भई सोही कार्यदलको प्रतिवेदनको आधारमा २०४७ कार्तिक १९ गते **नेपाल निजामती कर्मचारी संगठन** विधिवत दर्ता भयो। जनमूखी प्रशासनको निर्माण गर्न, जिविकोपार्जन गर्न पुग्ने तलव, सुविधा तथा अवकाश पछिको प्रभावकारी

सामाजिक सुरक्षा र सेवाग्राहीमैत्री सार्वजनिक प्रशासन नीति लगायतका जायज माग सहित अगाडि सार्दै २०४७ मंसिर २६ देखि पुष ५ गतेसम्म देशको ७५ जिल्लामा पहिलो पटक कर्मचारी आन्दोलन भयो । उक्त आन्दोलनले उचाई लिएपछि सरकार संगठनसँग सम्झौता गर्न बाध्य भयो । कर्मचारीहरूको संगठित शक्तिलाई खण्डिकरण गर्न "**फुटाऊ र शासन गर**"को नीतिलाई अवलम्वन गर्दै प्रचलित कानून विपरित ठाडो आदेश र ईसारामा २०४७ फागुन १२ गते "**नेपाल निजामती कर्मचारी संघ**"को नाममा सरकारबाटै अर्को संस्था दर्ता गरी कर्मचारीहरूलाई विभाजन गरियो।

२०४७ पौष ५ गते भएको सम्झौता अनुसार तलब सुझाव कार्यदलले २०४८ बैशाखबाट लागू हुने गरी बुझाएको प्रतिवेदनलाई कार्यान्वयन नगरेपछि सरकार र कर्मचारीबीच झन् द्वन्द चर्कदै गयो । सरकारले कर्मचारीहरूका मागहरूको उचित सम्बोधन नगर्नु, तलब सुझाव कार्यदलले बुझाएको प्रतिवेदन कार्यान्वयन नहुनु लगायतका कारण २०४८ आषाढ १६ देखि भाद्र ८ सम्म नेपाल निजामती कर्मचारी संगठनको अगुवाईमा देशव्यापी कर्मचारी आन्दोलन भयो । कर्मचारीहरूलाई वैचारिक रूपमा विभक्त गर्ने सरकारको नीतिका कारण आन्दोलन कमजोर हुँदै जाने स्थिति बनेपछि आन्दोलित कर्मचारीहरूलाई कारवाही नगर्ने शर्तमा माग पूरा नहुँदै आन्दोलन स्थगित गरियो । तर सरकारले कर्मचारीका जायज मागका विषयमा ईमान्दारिता नदेखाई आन्दोलन स्थगित हुनसाथ कर्मचारीलाई बर्खास्त गर्ने, अस्थायी कर्मचारीहरूको म्याद नथप्ने, अपायक सरुवा गर्ने, निलम्बन गर्ने लगायतका कारवाही श्रृखलाबद्ध रूपमा गर्नुका साथै संगठनलाई छिन्नभिन्न पार्ने काम गर्यो । यस अवधिमा संगठनले अत्यन्तै प्रतिकूल अवस्थाको सामना गर्दै २९१ जना कर्मचारीहरूको पुनर्वहाली गर्ने, २०५१, २०५२ र २०५४ सालमा गरी २,४०६ जना कर्मचारीहरूको कारवाही फुकुवा गर्ने सफलता प्राप्त गर्यो । तथापि केही कर्मचारी साथीहरूको अझैपनि कारवाही फुकुवा हुन बाँकी रहेको अवस्था विद्यमान पनि छँदैछ ।

### ३. नेपालको निजामती सेवाको वर्तमान स्वरूप :

निष्पक्ष छनौट, योग्यता प्रणालीमा आधारित, पदसोपानयुक्त, तटस्थ, कानूनी आधार सहितको नागरिक सेवामा समर्पित व्यवसायिक प्रकृतिको संस्थागत स्थायी संयन्त्र नै निजामती सेवा हो । राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न, सार्वजनिक नीति कार्यान्वयन मार्फत सरकार र नागरिकहरूवीच सम्वन्ध स्थापित गर्न निजामती सेवाको गठन भएको हो । नेपालको सन्दर्भमा प्रजातन्त्रको शुरुवातसँगै निजामती सेवाको गठन भएपश्चात वैधानिक संयन्त्र र स्थायी सरकारको रूपमा अनवरत क्रियाशील रहेको पाइन्छ । नेपालको संविधान जारी भएपछि राजनीतिक पून:संरचनासँगै प्रशासनिक तहको पनि पुन:संरचना भई हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको कर्मचारी संरचना कायम भएको छ। केन्द्रीय सरकार मातहत रहेका कर्मचारीलाई नेपालको संविधानको धारा २८५ र ३०२ मा भएको व्यवस्था बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ जारी गरी तीन तहमा समायोजन गरिएको छ । संघीय सरकार, ७ प्रदेश सरकार, ७५३ स्थानीय सरकार र सो अन्तर्गत अलग अलग निकायहरू खडा गरी प्रशासनिक व्यवस्था सञ्चालन गरिएको छ । समायोजनका क्रममा भएको त्रुटी कमजोरी सच्याउने कार्य हालसम्म नहुनु, संघीय निजामती सेवा ऐन जारी हुन नसकेका कारण प्रदेश र स्थानीय तहको कर्मचारी प्रशासन सम्बन्धी कानून निमार्ण हुन नसकेका कारण प्रशासनिक पुन:संरचनाको कामले पूर्णता नपाएको अवस्था विद्यमान छ ।

### ४. नेपाल निजामती कर्मचारी संगठनको पहलमा प्राप्त मुख्य मुख्य उपलव्धीहरू :

१) निजामती कर्मचारीहरूले ट्रेड युनियन अधिकार प्राप्त,

२) निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको दक्षिण एशियामै पहिलो पटक निर्वाचन सम्पन्न र संगठनले केन्द्र सहित ६८ प्रतिशत कार्य समितिमा ऐतिहासिक विजय हासिल,

३) Trade Union Internationl, Public and Allied (TUI-PS) को १२औं कंग्रेस नेपालमा सम्पन्न

भएको,

४) नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय कार्यालयको भवन निर्माणको लागि का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौंमा सरकारी जग्गा प्राप्त गरी भवन निर्माण सम्पन्न,

५) २५ जिल्लामा संगठनको जग्गा (घडेरी) र १५ जिल्लामा भवन निर्माण,

६) ६८ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था लिमिटेड स्थापना,

७) निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन, २०६४ देखि २०६८ सम्म झण्डै २४ हजार कर्मचारीको बढुवा र व्यवस्थापन,

८) महिला विकासका कर्मचारीहरू स्थायी,

९) श्रेणी विहिन पदबाट राजपत्र अनंकित पदमा बढुवाको व्यवस्था सहित श्रेणी विहिन पदमा स्तरवृद्धि लागू,

१०) निजामती सेवा ऐनको बढुवा प्रणालीमा सुधार,

११) निजामती सेवामा समावेशिकरण,

१२) निजामती कर्मचारीहरूको पोशाकको व्यवस्था,

१३) एक दिनको तलव बरावरको १ ग्रेड (तलब वृद्धि)को व्यवस्था,

१४) असाध्य रोग लागेमा राज्यबाट थप ५ लाख आर्थिक सहयोगको व्यवस्था,

१५) निजामती कर्मचारी सन्तती छात्रवृतिको व्यवस्था,

१६) संगठनका सदस्यहरूलाई प्रशिक्षणको माध्यमबाट प्रभावकारी सेवा प्रभावमा उत्प्रेरित र भ्रष्टाचार न्यूनीकरण सदाचारको सवलिकरणको विकास गर्न योगदान,

१७) समान रूपमा तलव भत्ताको वृद्धि,

१८) संगठनका सहीद मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र वि.क.लाई २०७४ माघ २२ गतेको मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय सहीद घोषणा गर्न सफल,

१९) निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१) अनुसार बढुवा भएका कर्मचारीहरूको पद अनुसार कार्य गर्न पाउने बढुवा व्यवस्थापन भएको ।

२०) "सदस्यतासँग कर्मचारी कल्याण कोष कार्यक्रम" शुरुवात,

२१) राष्ट्रसेवक सहकारी संस्था लि.को स्थापना गरी संगठकहरूको आर्थिक आवश्यकताको परिपूर्ति गर्न सफल,

२२) "सहकारी सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३" मा राष्ट्रसेवक कर्मचारीले सहकारीमा सदस्य बन्न र सञ्चालक बन्न नपाउने गरी आएकोमा विधेयकबाट कर्मचारी भन्ने वाक्यांश हटाउन सफल ।

**५. नेपालमा आधिकारिक ट्रेड युनियन निर्वाचनको सन्दर्भ :**

निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४ को दफा ५३ र निजामती सेवा नियमावली, २०५० को नियम

(११७)(क) को व्यवस्था अनुसार कार्यालय सहयोगी देखि शाखा अधिकृतसम्मले यो अधिकारको उपभोग गर्न पाउने व्यवस्था छ। लामो समयसम्म विभिन्न ट्रेड युनियनहरूको अध्ययन हुँदै आएको र आधिकारिक ट्रेड युनियनको पहिलो निर्वाचन जेठ १९, २०७३ मा सम्पन्न भएको थियो। जसमा ५५,३२९ मत खसेकोमा ४७,५९४ सदर मतमध्ये नेपाल निजामती कर्मचारी संगठनले २१,१२७ (४४.३९%), नेपाल निजामती कर्मचारी युनियन संघले ३४.१६%, नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती)ले १०.५७% ल्याई राष्ट्रिय स्तरको ट्रेड युनियन भई आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्न पाएको थियो। २१ सदस्यीय राष्ट्रिय कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र ८ सदस्य सहित बहुमत प्राप्त गर्दै ११ जना प्रतिनिधि यस संगठनले पठाउन सफल भएको थियो। ३० विभागीय कार्य समिति, ५० जिल्ला कार्य समिति र १ केन्द्रीय कार्य समिति सहित ८१ स्थानमा नेपाल निजामती कर्मचारी संगठनले ऐतिहासिक जित हासिल गरेको थियो।

**६. उपत्यका प्रदेश कार्य समितिले सम्पन्न गरेका कार्यहरू :**

बाँके जिल्लाको नेपालगञ्जमा मिति २०७३ मंसिर २८ देखि ३० मा सम्पन्न १०औं राष्ट्रिय अधिवेशनबाट निर्वाचित यस कार्य समितिले सम्पन्न गरेका कार्यहरूलाई संक्षिप्त रूपमा उल्लेख गर्दछु।

**१) लोकसेवा आयोगको तयारी कक्षा :**

लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्ने कार्ययोजना अनुरूप यस कार्य समितिले २०७४ र २०७६ सालमा शाखा अधिकृत र उपसचिवको तयारी कक्षा सञ्चालन गरेको थियो। शाखा अधिकृतको तयारी कक्षामा १४८ जना र उपसचिवको तयारी कक्षामा १५८ जना सहभागी भएको लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गराउन ब्यापक प्रचार प्रसार गराई प्रशिक्षार्थीहरूलाई सहभागिता गराउन उपत्यका प्रदेश कार्य समितिले पहल र सहयोग गरेको छ।

**२) बनभोज कार्यक्रम :**

नेपाल निजामती कर्मचारी संगठनको आयोजना र यस कार्य समितिको व्यवस्थापनमा प्रत्येक वर्ष बनभोज कार्यक्रम सम्पन्न गर्ने गरिएकोमा २०७४, २०७६ र २०७८ सालमा कोभिड-१९ महामारीका कारण बनभोज कार्यक्रम सम्पन्न गर्न सकिएन। २०७३, २०७५ र २०७७ सालमा बनभोज कार्यक्रम भव्यताकासाथ सम्पन्न भएका छन्। उक्त कार्यक्रमको विवरण तालिकामा समेटेकी छु।

| मिति | स्थान | बिक्रि संख्या | सहभागी संख्या | आम्दानी रु. | खर्च रु. | बचत रु. |
|---|---|---|---|---|---|---|
| २०७३ चैत्र ५ | गोदावरी, ललितपुर | २००३ | १३०० | १६,४६,४००।- | १०,११,५५०।- | ६,३४,८५०।- |
| २०७५ फागुन ११ | पुष्पलाल पार्क, कीर्तिपुर | १४३२ | ११०० | १४,३२,०००।- | १०,९०,२८५।- | ३,४१,७१५।- |
| २०७७ चैत्र ११ | गोकर्णपार्क, काठमाडौं | १६०३ | १४६० | १६,०३,०००।- | १२,६०,६८०।- | ३,४२,३८०।- |

**३) उपत्यका भेला तथा छलफल कार्यक्रम :**

संगठन केन्द्रीय कार्य समितिसँगको निर्देशन तथा समन्वयमा प्रशासनिक क्षेत्रका महत्वपूर्ण र समसामयिक विषयहरू तथा राष्ट्रसेवक कर्मचारीहरूका सेवा सुविधा तथा समस्याहरू बारेमा निर्णय लिन, सुझावहरू संकलन गर्न तथा

संगठनका गतिविधिहरूका बारेमा सुसूचित गर्न संगठनका पूर्वज संगठक, विभागीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरू एवं शुभेच्छुक, समर्थकहरूको सहभागितामा उपत्यकास्तरीय अगुवा संगठक भेला तथा छलफल कार्यक्रम कयौं पटक सम्पन्न गरेका छन् ।

६. **आगामी कार्यभारहरू :**

१) **संघीय निजामती सेवा ऐनका सन्दर्भमा :**

क. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरूलाई निजामतीको परिभाषामा समेटनु पर्ने ।

ख. राजपत्र अनंकित पदलाई मुख्य प्रवेशविन्दु, राजपत्रांकित तृतिय श्रेणीको पद सहायक प्रवेशविन्दु र राजपत्रांकित प्रथम श्रेणीको पद छडके प्रवेशबिन्दु मानी सहायक प्रवेश विन्दुमा कम्तिमा ५० प्रतिशत पदमा बढुवाबाट पदपूर्ति सुनिश्चित गरिनु पर्ने ।

ग. सवारी चालक पदमा कार्यरत कर्मचारीले राजपत्र अनंकित ड्राइभर कम मेकानिक्स पदमा बढुवा पाउन प्रयत्न गर्ने ।

घ. सबै सेवाका सबै पदमा समान समयमा वृत्ति विकासको अवसरका लागि प्रयत्न गर्ने।

ङ. खाईपाई आएको तलब सुविधा बढोत्तरीका लागि प्रयत्न गर्नुपर्ने, पदसोपानको आधारमा तलब निर्धारण गर्न पहल गर्ने, अवकाश पछिको प्रभावकारी सामाजिक सुरक्षाको व्यवस्थाका लागि पहल गर्नुपर्ने ।

च. ट्रेड युनियन सम्वन्धी व्यवस्था यथावत राख्न र प्रदेश तथा स्थानीय तहमा समेत राष्ट्रिय स्तरका ट्रेड युनियनका कार्य समिति रहने व्यवस्था गर्नुपर्ने ।

छ. सरुवालाई चक्रिय र पूर्वानुमानयोग्य बनाउनु पर्ने, समायोजनका माध्यमबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू निश्चित अवधि पछि संघमा सरुवा हुन पाउने व्यवस्था गर्नुपर्ने ।

ज. न्याय सेवा न्याय तथा सरकारी वकिल समूहका लागि संविधानको धारा १५५ र १६१ बमोजिमको सेवा सुविधा सम्वन्धी ऐन जारी गर्न पहल गर्नुपर्ने ।

ख) **संगठन निर्माण :**

क. नेपाल निजामती कर्मचारी संगठन, विभागीय कार्य समिति मातहत रहेका सबै विभाग तथा कार्यालयहरूमा प्रारम्भिक कार्य समिति गठन गरिनेछ ।

ख. सबै सेवाका कर्मचारीहरूको भेला गरी सेवागत समस्याको पहिचान गरिने छ ।

ग. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिसँगको समन्वयमा विभागीय कार्य समितिका पदाधिकारी तथा सदस्यहरूका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।

घ. संगठनका सदस्य र परिवारलाई उपत्यकामा रहेका कुनै एक राष्ट्रसेवक सहकारीको सेयर सदस्य बन्न उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिने छ ।

ङ. संगठन केन्द्रको कार्य योजनासँग समन्वय हुने गरी कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

च. निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन विभागीय कार्य समितिहरूलाई आम कर्मचारीको पक्षमा क्रियाशील रहन संगठनको तर्फबाट नीतिगत मार्गनिर्देशन गरिनेछ।

छ. पेसागत महासंघ नेपालसँगको अन्तरसम्वन्धलाई अझ प्रगाढ र मजबुत बनाइने छ।

ज. निजामती सेवामा नवप्रवेशी कर्मचारी केन्द्रीत रचनात्मक, सिर्जनात्मक कार्यक्रम मार्फत पेसागत ट्रेड युनियनको आवश्यकता, महत्व र अपरिहार्यताको बारेमा सूसुच्चित गराउँदै निजामती क्षेत्रमा ट्रेड युनियनको आवश्यकता बोध गराउन र नेपाल निजामती कर्मचारी संगठनको सदस्यता दिलाउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ।

ग) **सेवा प्रवाहमा सुधार** :

क. निजामती कर्मचारीहरूबाट प्रवाह गरिने नागरिक सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउन कार्य सम्पादन सम्झौतामा आधारित क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहका लागि पहल गरिने छ।

ख. "नागरिकसँग नेपाल निजामती कर्मचारी संगठन" को अभियान सञ्चालनका लागि प्रभावकारी भूमिका निर्वाह गरिने छ।

ग. संगठनका आन्तरिक गतिविधिहरू कार्यालय समयलाई असर नपर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।

घ. कार्यालयमा पाल्नु हुने सबै सेवाग्राहीहरूलाई नेपाल निजामती कर्मचारी संगठनको हरेक सदस्यले अनिवार्य रूपमा "**मुस्कान सहितको सेवा प्रवाह**"को प्रत्याभूति गर्दै "**आफैबाट नमस्कार**" गर्ने अभियानको थालनी गर्ने र अन्य सेवा प्रदायकहरूलाई पनि सो को लागि अनुरोध गरिने छ।

नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समितिको कार्यक्षेत्र रहेका नेपाल सरकारका मन्त्रालय, संवैधानिक निकायका कार्यालय, केन्द्रीय स्तरका आयोग गरी कूल **३९ वटा** विभागीय कार्य समिति क्रियाशील रहेका छन्। निजामती सेवा ऐनद्वारा राष्ट्रियस्तरका ट्रेड युनियनहरूको सदस्यता लिन सकिने कूल ८ हजार मध्ये नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समितिमा करिव ४ हजार पाँचसय जना कर्मचारीहरू आवद्ध रहेका छन्। नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समिति केन्द्रीय कार्य समितिको मिनी कार्य समिति जस्तो देखिने यस प्रदेश कार्य समितिका विद्यमान समस्या र चुनौतीहरू हुँदा हुँदै पनि थुप्रै सांगठनिक, प्रशासनिक, आर्थिक सम्भावना देखिएका छन्। यस तर्फ निर्वाचित कार्य समितिले सुझबुझका साथ योजनावद्ध ढंगले क्रियाशिल रहनु हुनेछ भन्ने मैले आशा एवं विश्वास लिएकी छु। यस अभियानमा उपत्यका प्रदेश ईञ्चार्जको हैसियतले संगै साथ र सहयोग हुनेनै छ।

यस प्रदेश कार्य समितिको आय-व्यय विवरण संगठन केन्द्रीय कार्य समितिकै खाताबाट हालसम्म सञ्चालन भैरहेको हुँदा आर्थिक प्रतिवेदनको रूपमा यस हल समक्ष पेश नभएको व्यहोरा अनुरोध गर्दछु।

**अन्त्यमा,**

नेपाल निजामती कर्मचारी संगठनले अघि सारेका तमाम कर्मचारीका हकहितका सवाललाई पूरा गराउन निरन्तर रूपमा कार्ययोजना सहित अगाडि बढ्नु हामी सवैको कर्तव्य, दायित्व र जिम्मेवारी भएको कुरा यहाँ स्मरण गर्न चाहान्छु। देशकै मुटु संघीय राजधानीमा हुन गईरहेको संगठनको यस उपत्यका प्रदेश अधिवेशनले सार्वजनिक प्रशासन र संगठनको क्षेत्रमा एउटा इतिहास निर्माण गर्नेछ भन्ने कुरामा विश्वस्त छु।

यो अधिवेशनको सफलताको लागि मार्गनिर्देश गर्ने, केन्द्रीय कार्य समिति र व्यवस्थापनमा अहोरात्र खट्नु हुने सवै विभागीय कार्य समितिका संगठक मित्रहरू, कार्यक्रममा उपस्थिति रहनु भएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि,

पत्रकारबन्धु, बुद्धनगर पार्टी प्यालेस लगायत सवै महानुभावहरूलाई हार्दिक धन्यवाद दिँदै यो साँगठनिक प्रतिवेदन अन्त गर्ने अनुमती चाहान्छु । प्रस्तुत प्रतिवेदन माथि सल्लाह सुझाव दिनु भई प्रतिवेदनलाई समृद्ध बनाउनु हुनेछ भन्ने मैले आशा एवं विश्वास लिएकी छु ।

- हार्दिक अभिवादन सहित धन्यवाद !!!
- जय संगठन !!!

**रेणुका के.सी.**

**ईन्चार्ज एवं अध्यक्ष**

उपत्यका प्रदेश कार्य समिति

**नेपाल निजामती कर्मचारी संगठन**

बबरमहल, काठमाडौं

मिति : वि.सं. २०७९ भाद्र १७ गते शुक्रबार ।

बुद्धनगर वैङ्वेट, बुद्धनगर, काठमाडौं ।

## नेपाल निजामती कर्मचारी संगठन, उपत्यका प्रदेश कार्य समितिको

## प्रस्तावित वार्षिक कार्ययोजना, २०७९

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २ | सदस्यता वितरण तथा नविकरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | कर्मचारी कल्याण कोष | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | पेसागत संघसँग सम्बन्ध | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | भेला, अन्तर्क्रिया, गुनासो सुनुवाई | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | प्रशिक्षण (३७ मन्त्रालयगत) | | | | | ✓ | ✓ | ✓ | | | | | | |
| ७ | प्रदेश मुखपत्र प्रकाशन (वार्षिक) | | | | | | | | | | | | | |
| ८ | सहिद स्मृति कार्यक्रम | | | | | | | | | | | | | |
| क) | हाजिरी जवाफ प्रतियोगिता | ✓ | | | | | | | | | ✓ | | | |
| ख) | अतिरिक्त क्रियाकलाप | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ग) | बनभोज कार्यक्रम | | | | | | | ✓ | ✓ | | | | | |
| घ) | लोक सेवा तयारी कक्षा प्रसार | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ङ) | तीज कार्यक्रम | | ✓ | | | | | | | | | | | |
| च) | रक्तदान कार्यक्रम | ✓ | | | | | | | | | | | | |
| ९ | दिवस/उत्सव/समारोह | | | | | | | | | | | | | |
| क) | संगठन स्थापना दिवस | | | | | | | | | | ✓ | | | |
| ख) | ट्रेड यूनियन दर्ता दिवस | | | | | | ✓ | | | | | | | |
| ग) | निजामती सेवा दिवस | | ✓ | | | | | | | | | | | |
| घ) | मे दिवस | | | | | | | | | | | | | |
| ङ) | पेसागत महासंघ दिवस | ✓ | ✓ | | | | | | | | | | | |
| १० | केन्द्रीय उपहार कार्यक्रम | ✓ | ✓ | ✓ | | | | | | | | | | |
| ११ | सहकारी सदस्यता विस्तार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | आधिकारिक ट्रेड युनियन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १३ | संगठन सुदृढीकरण,<br>नागरिकसँग संगठन,<br>भ्रष्टाचार विरोधी अभियान | | | | | | ✓ | ✓ | ✓ | | | | | |
| १४ | नव प्रवेशीलाई आकर्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १५ | आर्थिक अभिवृद्धि कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १६ | बक्यौता असूली अभियान | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १७ | मुस्कान सहितको सेवा प्रवाहको प्रत्याभूति गर्दै "आफैबाट नमस्कार" अभियान शुरु गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १८ | विविध | | | | | | | | | | | | | |

“सम्पूर्ण निजामती कर्मचारी एकजुट होऔँ !”

“संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-राजनीतिक अधिकार सहितको ट्रेड युनियन, हाम्रो अभियान”

# नेपाल निजामती कर्मचारी संगठन

## मधेश प्रदेश कार्य समिति

**जनकपुरधाम, धनुषा**

**को**

**प्रथम मधेश प्रदेश अधिवेशनमा प्रदेश ईन्चार्ज नौतम पोखरेलद्वारा प्रस्तुत**

## ‘सांगठनिक प्रतिवेदन’

वि.सं. २०७९ भाद्र २५ गते शनिबार

होटल क्राउन प्लाजा, जनकपुरधाम, धनुषा

**आदरणीय अध्यक्ष मण्डलका अध्यक्षज्यू,**

**अतिथिज्यूहरू,**

**अध्यक्ष मण्डलका सदस्यज्यूहरू,**

नेपालको निजामती कर्मचारीहरूको जेठो, भरोसायोग्य एवं आम कर्मचारीहरूको गौरवशाली संस्था पेसागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरूको राष्ट्रिय स्तरको पहिलो ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समितिको गरिमामय “**प्रथम मधेश प्रदेश अधिवेशन**” कार्यक्रममा संगठनका विभिन्न जिल्ला कार्य समितिबाट सहभागी हुनुभएका प्रतिनिधिज्यूहरू, पर्यवेक्षक एवं स्वयंसेवक लगायत सवै मित्रहरूमा हार्दिक स्वागत एवं अभिवादन व्यक्त गर्दछु ।

मुलुकको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक, मधेश आन्दोलन र पेसागत आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात महान सहीदहरूका साथै नेपाल निजामती कर्मचारी संगठनको गौरवमय इतिहास कोर्ने क्रममा जीवन उत्सर्ग गर्नु हुने आदरणीय सहीद मनोज जोशी-झपेन्द्र कार्की-सुरेन्द्र वि.क.प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । यस अवधिमा विभिन्न कारणले असामयिक निधन भएका संगठन केन्द्रीय कार्य समितिका पूर्व पदाधिकारी तथा सदस्यहरू, जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यज्यूहरूप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछु ।

मुलुकको संघीयता कार्यान्वयनको क्रममा प्रशासनिक पुनःसंरचना पश्चात नेपाल निजामती कर्मचारी संगठनको “११औं राष्ट्रिय महाधिवेशन” गत २०७८ फागुन २८ देखि २९ गते भव्यताकासाथ काठमाडौंमा सम्पन्न भएपश्चात नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समितिको अधिवेशन आयोजना हुनुपर्नेमा गत २०७९ वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचन, आर्थिक वर्षको समाप्ति लगायतका विविध कारणले गर्दा समयमै अधिवेशन आयोजना गर्न नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । संगठन मधेश प्रदेश कार्य समितिको यस प्रथम अधिवेशनको यो सम्मानित सभाहलमा विश्व ट्रेड युनियन आन्दोलन, संगठनको ऐतिहासिक पृष्ठभूमि, प्रदेश कार्य समितिले आफ्नो अवधिमा गरेका सांगठनिक कार्यको समिक्षा, आगामी दिनमा लिनुपर्ने कार्यनीति, कार्यभार तथा

कार्यक्रम सहितको "साँगVनिक प्रतिवेदन" प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।

१. **विश्व ट्रेड युनियन आन्दोलन :**

विश्व ट्रेड युनियन आन्दोलनको ईतिहासलाई अध्ययन गर्ने हो भने प्रथम र दोस्रो विश्वयुद्धबाट स्वतन्त्र भएका राष्ट्रमा श्रमिक वर्ग आफ्नो हकहितका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा मजदूर संगठित हुनेक्रममा अक्टोवर ३ देखि ८, १९४५ मा पेरिसमा सम्पन्न ५५ देशका राष्ट्रियस्तरका ट्रेड युनियनहरूको प्रथम सम्मेलनबाट विश्व श्रमिकको पहिलो विश्व ट्रेड युनियन महासंघ WFTU को स्थापना भएको थियो। WFTU को स्थापना अवधिमा जारी भएको घोषणा-पत्रमा संसारबाट फाँसीवादको अन्त्य गर्नुनै प्रमुख विषय रहेको थियो। श्रमिकको संगठित हुन पाउने अधिकार र प्रत्येक श्रमिकलाई जाति, लिंग र वर्गको आधारमा भेदभाव नगर्ने अधिकारको सुनिश्चितता, काम र न्यूनतम पारिश्रमिकको अधिकार, बेरोजगारबाट मुक्त हुने अधिकारको सुनिश्चिततालाई आधारभूत अधिकारको रूपमा प्रत्याभूति गर्न संघर्षरत रहनेछ भन्ने विषय समेत उल्लेख गरेको पाईन्छ। सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र निजीकरणको नीति अगाडि सारी तेस्रो विश्वका मूलुकमा विश्व बैंक लगायत अन्तर्राष्ट्रिय निगमहरूबाट भइरहेको आर्थिक हस्तक्षेपको WFTU ले विरोध गर्दै आएको पाईन्छ। विश्वमा अहिले प्रगतिशील एवं समाजवादी विचार पक्षधर श्रमिकहरूको प्रतिनिधित्व WFTU ले गरिरहेको छ भने पूँजीवादी सोसल डेमोक्रेट विचार पक्षधर श्रमिकहरूको प्रतिनिधित्व ITUC ले गरिरहेको छ। नेपालका पेसागत महासङ्घ नेपाल लगायत ८ वटा ट्रेड युनियन महासङ्घ WFTU मा आवद्ध छन्। एउटै विचारमा आवद्ध श्रमिकहरूको नेतृत्व गर्ने पेसागत महासङ्घ नेपाल (कोनेप) र नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) वेग्लावेग्लै अन्तर्राष्ट्रिय केन्द्रमा आवद्ध भएको देखिन्छ। संगठनले अन्तर्राष्ट्रिय सम्बन्धलाई फराकिलो र मजवूत बनाउने क्रममा विश्वका सार्वजनिक सेवामा कार्यरत पेसाकर्मीको ट्रेड युनियन अन्तर्राष्ट्रिय पब्लिक सर्भिसेज (TUI-PS)को १२औं कांग्रेस "नीजिकर॰ा र पूँजिवादको विरोध गरौं, सर्वसाधारण जनताका लागि सार्वजनिक सेवाको प्रत्याभूति गरौं" भन्ने मूल नाराका साथ वि.सं. २०७१ फागुन १ र २ गते काठमाडौमा सम्पन्न गरेको थियो। सो अन्तर्राष्ट्रिय सम्मेलनमा करिव ४० राष्ट्का प्रतिनिधिको सहभागिता रहेको र सम्मेलनले उपाध्यक्ष पदमा पुण्य प्रसाद ढकाललाई जिम्मेवारी प्राप्त गरेको थियो।

२. **निजामती कर्मचारी संगठनको ऐतिहासिक पृष्ठभूमि :**

नेपालको कर्मचारी आन्दोलनलाई नियाल्दा वि.सं. १९८१ मा सुब्बा कृष्णलाल अधिकारीले प्रकाशित पुस्तक "मकैको खेती" वि.सं. २००७ को माघमा महेश्वरमान छोचुंको नेतृत्वमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संघको गठन गरी निजामती कर्मचारीहरूका पेसागत हकहितका साथै मानव अधिकार, प्रजातन्त्रको पक्षमा खुल्ला रूपमा संगठित हुने माग सहित आन्दोलन शुरु भएको, सो आन्दोलनले उठान गरेका मागहरूमध्ये तलव वृद्धिको मागलाई सम्बोधन गर्दै ३०० प्रतिशत तलववृद्धि गर्न सफल भएपनि संघमाथि प्रतिबन्ध लगाई संघको नेतृत्वलाई बर्खास्त गर्ने कार्य भयो। २०३६ सालको राजनैतिक आन्दोलनमा स्वाभिमानी कर्मचारीको नामबाट पर्चा वितरण र २०४६ को आन्दोलनमा जुलुश प्रदर्शनको कार्यले राजनीतिक परिवर्तनका आन्दोलनमा सहभागिता र संगठित हुन अनेक प्रयास गरेको प्रष्ट हुन्छ। २०४६ को जनआन्दोलनमा जागिरको पर्वाह नगरी आन्दोलनमा सहभागी भएका निजामती कर्मचारीहरूले प्रजातन्त्रपछि २०४६ चैत्र २६ गते ५ सदस्यीय भेला आयोजक समिति, २०४७ बैशाख ७ गते कर्मचारीको वृहत् भेलाबाट मोहन बहादुर के.सी.को नेतृत्वमा "**नेपाल निजामती कर्मचारी संगठन**" को तदर्थ समिति गठन भयो। तत्कालीन सामान्य प्रशासन सचिवको अध्यक्षतामा संगठनको समेत प्रतिनिधित्वमा अध्ययन कार्यदल बनाउने कार्य भई सोही कार्यदलको प्रतिवेदनको

आधारमा २०४७ कार्तिक १९ गते **नेपाल निजामती कर्मचारी संगठन** विधिवत दर्ता भयो । जनमूखी प्रशासनको निर्माण गर्न, जिविकोपार्जन गर्न पुग्ने तलव, सुविधा तथा अवकाश पछिको प्रभावकारी सामाजिक सुरक्षा र सेवाग्राहीमैत्री सार्वजनिक प्रशासन नीति लगायतका जायज माग सहित अगाडि सार्दै २०४७ मंसिर २६ देखि पुष ५ गतेसम्म देशको ७५ जिल्लामा पहिलो पटक कर्मचारी आन्दोलन भयो । उक्त आन्दोलनले उचाई लिएपछि सरकार संगठनसँग सम्झौता गर्न बाध्य भयो । कर्मचारीहरूको संगठित शक्तिलाई खण्डिकरण गर्न "**फुटाऊ र शासन गर**"को नीतिलाई अवलम्वन गर्दै प्रचलित कानून विपरित ठाडो आदेश र ईसारामा २०४७ फागुन १२ गते "**नेपाल निजामती कर्मचारी संघ**"को नाममा सरकारबाटै अर्को संस्था दर्ता गरी कर्मचारीहरूलाई विभाजन गरियो।

२०४७ पौष ५ गते भएको सम्झौता अनुसार तलब सुझाव कार्यदलले वि.सं. २०४८ बैशाखबाट लागू हुने गरी बुझाएको प्रतिवेदनलाई कार्यान्वयन नगरेपछि सरकार र कर्मचारीबीच झन् द्वन्द चर्कदै गयो । सरकारले कर्मचारीहरूका मागहरूको उचित सम्बोधन नगर्नु,  तलब सुझाव कार्यदलले बुझाएको प्रतिवेदन कार्यान्वयन नहुनु लगायतका कारण २०४८ आषाढ १६ देखि भाद्र ८ सम्म नेपाल निजामती कर्मचारी संगठनको अगुवाईमा देशव्यापी ५६ दिने कर्मचारी आन्दोलन भयो । कर्मचारीहरूलाई वैचारिक रूपमा विभक्त गर्ने सरकारको नीतिका कारण आन्दोलन कमजोर हुँदै जाने स्थिति बनेपछि आन्दोलित कर्मचारीहरूलाई कारवाही नगर्ने शर्तमा माग पूरा नहुँदै आन्दोलन स्थगित गरियो । तर सरकारले कर्मचारीका जायज मागका विषयमा ईमान्दारिता नदेखाई आन्दोलन स्थगित हुनसाथ कर्मचारीलाई बर्खास्त गर्ने, अस्थायी कर्मचारीहरूको म्याद नथप्ने, अपायक सरुवा गर्ने, निलम्बन गर्ने लगायतका कारवाही श्रृखलाबद्ध रूपमा गर्नुका साथै संगठनलाई छिन्नभिन्न पार्ने काम गर्यो । यस अवधिमा संगठनले अत्यन्तै प्रतिकूल अवस्थाको सामना गर्दै २९१ जना कर्मचारीहरूको पुनर्वहाली गर्ने, नेकपा (एमाले)को तत्कालीन प्रधानमन्त्री कमरेड मनमोहन अधिकारीको सरकारले २०५१, २०५२ र २०५४ सालमा गरी २,४०६ जना कर्मचारीहरूको कारवाही फुकुवा गर्ने सफलता प्राप्त गर्यो ।  तथापि केही कर्मचारी साथीहरूको अझैपनि कारवाही फुकुवा हुन बाँकी रहेको अवस्था विद्यमान पनि छंदैछ ।

## ३. नेपालको निजामती सेवाको वर्तमान स्वरूप :

निष्पक्ष छनौट, योग्यता प्रणालीमा आधारित, पदसोपानयुक्त, तटस्थ, कानूनी आधार सहितको नागरिक सेवामा समर्पित व्यवसायिक प्रकृतिको संस्थागत स्थायी संयन्त्र नै निजामती सेवा हो । राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न, सार्वजनिक नीति कार्यान्वयन मार्फत सरकार र नागरिकहरूवीच सम्वन्ध स्थापित गर्न निजामती सेवाको गठन भएको हो । नेपालको सन्दर्भमा प्रजातन्त्रको शुरुवातसँगै निजामती सेवाको गठन भएपश्चात वैधानिक संयन्त्र र स्थायी सरकारको रूपमा अनवरत क्रियाशील रहेको पाइन्छ। नेपालको संविधान जारी भएपछि राजनीतिक पूनःसंरचनासँगै प्रशासनिक तहको पनि पुनःसंरचना भई हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको कर्मचारी संरचना कायम भएको छ । केन्द्रीय सरकार मातहत रहेका कर्मचारीलाई नेपालको संविधानको धारा २८५ र ३०२ मा भएको व्यवस्था बमोजिम कर्मचारी समायोजन ऐन, २०७५ जारी गरी तीन तहमा समायोजन गरिएको छ । संघीय सरकार, ७ प्रदेश सरकार, ७५३ स्थानीय सरकार र सो अन्तर्गत अलग अलग निकायहरू खडा गरी प्रशासनिक व्यवस्था सञ्चालन गरिएको छ। समायोजनका क्रममा भएको त्रुटी कमजोरी सच्याउने कार्य हालसम्म नहुनु, संघीय निजामती सेवा ऐन जारी हुन नसकेका कारण प्रदेश र स्थानीय तहको कर्मचारी प्रशासन सम्बन्धी कानून निमार्ण हुन नसकेका कारण प्रशासनिक पुनःसंरचनाको कामले पूर्णता नपाएको अवस्था विद्यमान छ ।

४. **नेपाल निजामती कर्मचारी संगठनको पहलमा प्राप्त मुख्य मुख्य उपलव्धीहरू :**

१) निजामती कर्मचारीहरूले ट्रेड युनियन अधिकार प्राप्त,

२) निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनको दक्षिण एशियामै पहिलो पटक निर्वाचन सम्पन्न र संगठनले केन्द्र सहित ६८ प्रतिशत कार्य समितिमा ऐतिहासिक विजय हासिल,

३) Trade Union Internationl, Public and Allied (TUI-PS) को १२औं कंग्रेस नेपालमा सम्पन्न भएको,

४) नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय कार्यालयको भवन निर्माणको लागि का.म.न.पा. वडा नं. ११, बबरमहल, काठमाडौंमा सरकारी जग्गा प्राप्त गरी भवन निर्माण सम्पन्न,

५) २५ जिल्लामा संगठनको जग्गा (घडेरी) र १५ जिल्लामा भवन निर्माण,

६) ६८ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था लिमिटेड स्थापना,

७) निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन, २०६४ देखि २०६८ सम्म झण्डै २४ हजार कर्मचारीको बढुवा र व्यवस्थापन,

८) महिला विकासका कर्मचारीहरू स्थायी,

९) श्रेणी विहिन पदबाट राजपत्र अनंकित पदमा बढुवाको व्यवस्था सहित श्रेणी विहिन पदमा स्तरवृद्धि लागू,

१०) निजामती सेवा ऐनको बढुवा प्रणालीमा सुधार,

११) निजामती सेवामा समावेशिकरण,

१२) निजामती कर्मचारीहरूको पोसाकको व्यवस्था,

१३) एक दिनको तलव बरावरको १ ग्रेड (तलब वृद्धि)को व्यवस्था,

१४) असाध्य रोग लागेमा राज्यबाट थप ५ लाख आर्थिक सहयोगको व्यवस्था,

१५) निजामती कर्मचारी सन्तती छात्रवृत्तिको व्यवस्था,

१६) संगठनका सदस्यहरूलाई प्रशिक्षणको माध्यमबाट प्रभावकारी सेवा प्रभावमा उत्प्रेरित र भ्रष्टाचार न्यूनीकरण सदाचारको सवलिकरणको विकास गर्न योगदान,

१७) समान रूपमा तलव भत्ताको वृद्धि,

१८) संगठनका सहीद मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र वि.क.लाई २०७४ माघ २२ गतेको मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय सहीद घोषणा गर्न सफल,

१९) निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१) अनुसार बढुवा भएका कर्मचारीहरूको पद अनुसार कार्य गर्न पाउने बढुवा व्यवस्थापन भएको ।

२०) “सदस्यतासँग कर्मचारी कल्याण कोष कार्यक्रम” शुरुवात,

२१) राष्ट्रसेवक सहकारी संस्था लि.को स्थापना गरी संगठकहरूको आर्थिक आवश्यकताको परिपूर्ति गर्न सफल,

२२) "सहकारी सम्वन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३" मा राष्ट्रसेवक कर्मचारीले सहकारीमा सदस्य बन्न र सञ्चालक बन्न नपाउने गरी आएकोमा विधेयकबाट कर्मचारी भन्ने वाक्यांश हटाउन सफल।

**५. नेपालमा आधिकारिक ट्रेड युनियन निर्वाचनको सन्दर्भ :**

निजामती सेवा ऐन, २०४९ को दोस्रो संशोधन २०६४ को दफा ५३ र निजामती सेवा नियमावली, २०५० को नियम (११७)(क) को व्यवस्था अनुसार कार्यालय सहयोगी देखि शाखा अधिकृतसम्मले यो अधिकारको उपभोग गर्न पाउने व्यवस्था छ। लामो समयसम्म विभिन्न ट्रेड युनियनहरूको अध्ययन हुँदै आएको र आधिकारिक ट्रेड युनियनको पहिलो निर्वाचन जेठ १९, २०७३ मा सम्पन्न भएको थियो। जसमा ५५,३२९ मत खसेकोमा ४७,५९४ सदर मतमध्ये नेपाल निजामती कर्मचारी संगठनले २१,१२७ (४४.३९%), नेपाल निजामती कर्मचारी युनियन संघले ३४.१६%, नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती)ले १०.५७% ल्याई राष्ट्रिय स्तरको ट्रेड युनियन भई आधिकारिक ट्रेड युनियनमा प्रतिनिधित्व गर्न पाएको थियो। २१ सदस्यीय राष्ट्रिय कार्य समितिमा अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र ८ सदस्य सहित बहुमत प्राप्त गर्दै ११ जना प्रतिनिधि यस संगठनले पठाउन सफल भएको थियो। ३० विभागीय कार्य समिति, ५० जिल्ला कार्य समिति र १ केन्द्रीय कार्य समिति सहित ८१ स्थानमा नेपाल निजामती कर्मचारी संगठनले ऐतिहासिक जित हासिल गरेको थियो।

**६. संगठन मधेश प्रदेश कार्य समितिले सम्पन्न गरेका कार्यहरू :**

मुलुकको २०६२/०६३ मा भएको जनआन्दोलनबाट एकतन्त्रिय राजसंस्था हटाई देश संघीय शासन प्रणालीमा गएपश्चात ७ वटा प्रदेशमा विभाजन गरी २ नं. प्रदेश हुँदै हाल मधेश प्रदेश नामाकरण भएको छ। यस प्रदेश अन्तर्गत सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी ८ जिल्ला रहेको छ। यस प्रदेशको राजधानी तराईको समथर भूभाग, चुरे पहाडको दक्षिण भाग देखि भारतको दक्षिणतर्फको छिमेकी देश भारत सिमानासम्म र पूर्वमा सप्तकोशी नदी देखि पश्चिममा पर्साको ठोरी क्षेत्रसम्म अवस्थित रहेको छ। यस प्रदेश अन्तर्गत ३२ निर्वाचन क्षेत्र र ६४ वटा प्रदेश निर्वाचन क्षेत्र रहेको छ। यस प्रदेशमा मुख्य पेसा कृषि, उद्योग, ब्यापार र पशुपालन रहेको पाईन्छ।

मिति २०७३ मंसिर २८ देखि ३० मा बाँके जिल्लाको नेपालगञ्जमा सम्पन्न "१०औं राष्ट्रिय अधिवेशन"बाट निर्वाचित यस कार्य समितिले सम्पन्न गरेका कार्यहरूलाई संक्षिप्त रूपमा उल्लेख गर्दछु।

१) यस प्रदेश अन्तर्गतका जिल्लाहरूमा सांगठनिक गतिविधि सञ्चालन केन्द्रबाट घोषित कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गर्ने कार्य गरेको छ।

२) नेपाल निजामती कर्मचारी संगठन, पर्सा जिल्ला कार्य समितिले सहीद मनोज-झपेन्द्र स्मृति भवन सम्पन्न गरेको छ।

३) नेपाल निजामती कर्मचारी संगठन, बारा जिल्ला कार्य समितिले सहीद मनोज-झपेन्द्र स्मृति भवन सम्पन्न गरेको छ।

४) नेपाल निजामती कर्मचारी संगठन, सप्तरी जिल्ला कार्य समितिले सहीद मनोज-झपेन्द्र स्मृति भवन निर्माण गर्नको लागि जग्गा खरिद गरेको छ।

५) यस प्रदेश अन्तर्गत सप्तरी, सिरहा र धनुषामा राष्ट्रसेवक सहकारी संस्था लि. सञ्चालनमा रहेका छन् भने बाँकी ५ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था लि. सञ्चालन गर्नुपर्ने आवश्यक देखिन्छ।

६) यस प्रदेश कार्य समिति अन्तर्गतका संगठनका जिल्ला कार्य समितिले बृक्षारोपण कार्य, रक्तदान कार्य, बृद्धाश्रम तथा अनाथालयमा खाद्यान्न वितरण कार्य, कारागारका कैदीबन्दी तथा अस्पतालका विरामीहरूलाई फलफूल वितरण कार्य, कर्मचारी बनभोज कार्यक्रम आदि कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ।

७) त्यसैगरी संगठन केन्द्रको उपहार (चिठ्ठा) कार्यक्रम, भित्रेपात्रा (क्यालेण्डर) विक्री वितरण, संगठन स्थापना दिवस, सहीद मनोज-झपेन्द्र-सुरेन्द्र स्मृति दिवस, नयाँवर्ष तथा विभिन्न चाडपर्वहरूको अवसरमा शुभकामना आदान-प्रदान कार्यक्रम लगायत अन्य विविध कार्यक्रम कर्मचारीहरूको सहभागितामा सञ्चालन गरेका छन्।

८) संगठन केन्द्रद्वारा सञ्चालित कर्मचारी र सुशासन विषयक आन्दोलनका कार्यक्रमहरू ज्ञापन-पत्र, माग-पत्र आदि प्रस्तुत गर्दै कार्यालय समयमा कालो ब्यानर सहित कालोपट्टी बाँध्ने कार्य गर्दै आईरहेको थियो।

९) यस प्रदेश मन्त्रालय तथा संघीय मन्त्रालयबाट भएका कर्मचारीको सरुवा तथा गुनासो व्यवस्थापन कार्य समयमै गर्दै आएको छ।

## ७. आगामी कार्यभारहरू :

संगठन केन्द्रीय कार्य समितिसँगको निर्देशन तथा समन्वयमा प्रशासनिक क्षेत्रका महत्वपूर्ण र समसामयिक विषयहरू तथा राष्ट्रसेवक कर्मचारीहरूका सेवा सुविधा तथा समस्याहरू बारेमा निर्णय लिन, सुझावहरू संकलन गर्न तथा संगठनका गतिविधिहरूका बारेमा सुसूचित गर्न संगठनका पूर्वज संगठक, जिल्ला कार्य समितिका पदाधिकारी तथा सदस्यहरू एवं शुभेच्छुक, समर्थकहरूको सहभागितामा विभिन्न समयमा प्रदेशस्तरीय भेला तथा छलफल कार्यक्रम सम्पन्न भएका छन्। साथै प्रदेश अन्तर्गतका जिल्ला कार्य समितिलाई समयमै जिल्ला अधिवेशन सम्पन्न गर्न र संगठनका घोषित कार्यक्रमहरू सञ्चालन गर्ने निर्देशन दिनुका साथै कार्यक्रम समयमै भए नभएको अनुगमन समेत गरिएको छ।

यसै सम्बन्धमा नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समितिको ऐतिहासिक प्रथम अधिवेशनले तपसील बमोजिमका आगामी साँगठनिक कार्यनीति, कार्यभार तथा कार्यक्रम सञ्चालन गर्ने जोड दिइएको छ।

### १) संघीय निजामती सेवा ऐनका सन्दर्भमा :

क. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरूलाई निजामतीको परिभाषामा समेटनु पर्ने।

ख. राजपत्र अनंकित पदलाई मुख्य प्रवेशविन्दु, राजपत्रांकित तृतिय श्रेणीको पद सहायक प्रवेशविन्दु र राजपत्रांकित प्रथम श्रेणीको पद छडके प्रवेशबिन्दु मानी सहायक प्रवेश विन्दुमा कम्तिमा ५० प्रतिशत पदमा बढुवाबाट पदपूर्ति सुनिश्चित गरिनु पर्ने।

ग. सवारी चालक पदमा कार्यरत कर्मचारीले राजपत्र अनंकित ड्राइभर कम मेकानिक्स पदमा बढुवा पाउन प्रयत्न गर्ने।

घ. सबै सेवाका सबै पदमा समान समयमा वृत्ति विकासको अवसरका लागि प्रयत्न गर्ने।

ङ. खाईपाई आएको तलब सुविधा बढोत्तरीका लागि प्रयत्न गर्नुपर्ने, पदसोपानको आधारमा तलब निर्धारण गर्न पहल गर्ने, अवकाश पछिको प्रभावकारी सामाजिक सुरक्षाको व्यवस्थाका लागि पहल गर्नुपर्ने।

च. ट्रेड युनियन सम्वन्धी व्यवस्था यथावत राख्न र प्रदेश तथा स्थानीय तहमा समेत राष्ट्रिय स्तरका ट्रेड युनियनका कार्य समिति रहने व्यवस्था गर्नुपर्ने ।

छ. सरुवालाई चक्रिय र पूर्वानुमानयोग्य बनाउनु पर्ने, समायोजनका माध्यमबाट प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू निश्चित अवधि पछि संघमा सरुवा हुन पाउने व्यवस्था गर्नुपर्ने ।

ज. न्याय सेवा न्याय तथा सरकारी वकिल समूहका लागि संविधानको धारा १५५ र १६१ बमोजिमको सेवा सुविधा सम्वन्धी ऐन जारी गर्न पहल गर्नुपर्ने ।

२) **संगठन निर्माण** :

क. नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समिति, जिल्ला कार्य समिति अन्तर्गत रहेका पालिकाहरूमा शिघ्र कार्य समितिमा गठन गरिनेछ।

ख. सबै सेवाका कर्मचारीहरूको भेला गरी सेवागत समस्याको पहिचान गरिने छ।

ग. नेपाल निजामती कर्मचारी संगठन, केन्द्रीय कार्य समितिसँगको समन्वयमा प्रदेश कार्य समितिका पदाधिकारी तथा सदस्यहरूका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ।

घ. सवै जिल्लामा राष्ट्रसेवक सहकारी संस्था लि. गठन गरी संगठनका सदस्य र परिवारलाई राष्ट्रसेवक सहकारी संस्था लि.को सेयर सदस्य बन्न उत्प्रेरणाका कार्यक्रम सञ्चालन गरिने छ।

ङ. संगठन केन्द्रको कार्य योजनासँग समन्वय हुने गरी कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याईने छ।

च. निजामती कर्मचारीको आधिकारिक ट्रेड युनियन जिल्ला कार्य समितिहरूलाई आम कर्मचारीको पक्षमा क्रियाशील रहन संगठनको तर्फबाट नीतिगत मार्गनिर्देशन गरिने छ।

छ. पेसागत महासंघ नेपालसँगको अन्तर सम्वन्धलाई अझ प्रगाढ र मजबुत बनाइने छ।

ज. निजामती सेवामा नवप्रवेशी कर्मचारी केन्द्रीत रचनात्मक, सिर्जनात्मक कार्यक्रम मार्फत पेसागत ट्रेड युनियनको आवश्यकता, महत्व र अपरिहार्यता बारेमा सूसुच्चित गराउँदै निजामती क्षेत्रमा ट्रेड युनियनको आवश्यकता बोध गराउन र नेपाल निजामती कर्मचारी संगठनको सदस्यता दिलाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

३) **सेवा प्रवाहमा सुधार** :

क. निजामती कर्मचारीहरूबाट प्रवाह गरिने नागरिक सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउन कार्य सम्पादन सम्झौतामा आधारित क्षतिपूर्ति सहितको नागरिक सेवा प्रवाहका लागि पहल गरिने छ।

ख. "नागरिकसँग नेपाल निजामती कर्मचारी संगVन" को अभियान सञ्चालनका लागि प्रभावकारी भूमिका निर्वाह गरिने छ।

ग. संगठनका आन्तरिक गतिविधिहरू कार्यालय समयलाई असर नपर्ने गरी सञ्चालन गर्ने व्यवस्था मिलाईने छ।

घ. कार्यालयमा पाल्नु हुने सबै सेवाग्राहीहरूलाई नेपाल निजामती कर्मचारी संगठनको हरेक सदस्यले अनिवार्य रूपमा "**मुस्कान सहितको सेवा प्रवाह**"को प्रत्याभूति गर्दै "**आफैबा१ नमस्कार**" गर्ने अभियानको थालनी

गर्ने र अन्य सेवा प्रदायकहरूलाई पनि सो को लागि अनुरोध गरिने छ।

नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समितिका विद्यमान समस्या र चुनौतीहरू हुँदाहुँदै पनि थुप्रै सांगठनिक, प्रशासनिक, आर्थिक सम्भावना देखिएका छन्। यस अभियानमा संगठनका नवनिर्वाचित प्रदेश कार्य समितिका पदाधिकारी तथा सदस्यहरूले विशेष योजनाका साथ अगाडि बढ्नेछ भन्ने आशा एवं विश्वास लिइको छु। यस अभियानमा म, प्रदेश ईञ्चार्जको हैसियतले सदा सकारात्मक सल्लाह, निर्देशन र सहयोग समेत हुनेछ।

**आदरणीय प्रतिनिधि मित्रहरू,**

नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समितिको आजको ऐतिहासिक प्रथम प्रदेश अधिवेशन भव्य र सभ्यरूपमा सम्पन्न गर्नको लागि आर्थिक पक्ष धेरै महत्व रहन्छ। तसर्थ, यस प्रदेश कार्य समितिका क्रियाशील रहेका ८ वटा जिल्ला कार्य समितिलाई आर्थिक दायित्व तोकिएको छ। साथै अधिवेशनको लागि यस क्षेत्रका संगठक एवं सहयोगी हातहरूलाई अनुरोध गरेका छौं। यस प्रदेश अधिवेशनको लागि देहाय बमोजिमको आय ब्यय विवरण पेश गरेको छु।

**आय तर्फ :-**

| सि.नं. | संगठन जिल्ला कार्य समिति | दायित्व रकम (रु.) |
|---|---|---|
| १ | सप्तरी | ५१,०००।- |
| २ | सिरहा | ५०,०००।- |
| ३ | धनुषा | ७५,०००।- |
| ४ | महोत्तरी | २५,०००।- |
| ५ | सर्लाही | २५,०००।- |
| ६ | रौतहट | ३०,०००।- |
| ७ | बारा | ५५,०००।- |
| ८ | पर्सा | ६१,०००।- |
| | **जम्मा रु.** | **३,७२,०००।-** |

**खर्च तर्फ :-**

| सि.नं. | विवरण | संख्या | दर | रकम (रु.) |
|---|---|---|---|---|
| १ | खाना, नास्ता, चिया | ३०० | ८००।- | २,४०,०००।- |
| २ | सभाहल व्यवस्थापन | ल.स. | - | २५,०००।- |
| ३ | क्याप | ३०० | ८०।- | २४,०००।- |
| ४ | स्टेशनरी तथा प्रतिवेदन छपाई | ल.स. | - | १२,०००।- |
| ५ | आवास तथा अतिथि सत्कार | १५ | २,०००।- | ३२,०००।- |
| ६ | माला, खादा तथा ब्यानर | ल.स. | - | ९,०००।- |
| ७ | विविध | ल.स. | - | ३०,०००।- |
| | जम्मा रु. | | | ३,७२,०००।- |

**अन्त्यमा,**

नेपाल निजामती कर्मचारी संगठनले अघि सारेका तमाम कर्मचारीका हकहितका सवाललाई पूरा गराउन निरन्तर रूपमा कार्ययोजना सहित अगाडि बढ्नु हामी सवैको कर्तव्य, दायित्व र जिम्मेवारी भएको कुरा यहाँ स्मरण गर्न चाहान्छु। मधेश प्रदेश राजधानीमा हुन गईरहेको संगठनको यस मधेश प्रदेश अधिवेशनले सार्वजनिक प्रशासन र संगठनको क्षेत्रमा एउटा इतिहास निर्माण गर्नेछ भन्ने कुरामा विश्वस्त छु।

यो अधिवेशनको सफलताको लागि मार्गनिर्देश गर्ने, जिल्ला कार्य समितिहरू र व्यवस्थापनमा अहोरात्र खट्नु हुने संगठन धनुषा जिल्ला कार्य समितिका संगठक मित्रहरू, कार्यक्रममा उपस्थिति रहनु भएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, पत्रकारबन्धु, होटल क्राउन प्लाजा लगायत सवै महानुभावहरूलाई हार्दिक धन्यवाद दिंदै यो साँगठनिक प्रतिवेदन अन्त गर्ने अनुमती चाहान्छु। प्रस्तुत प्रतिवेदन माथि सल्लाह सुझाव दिनु भई प्रतिवेदनलाई समृद्ध बनाउनु हुनेछ भन्ने मैले आशा एवं विश्वास लिएकी छु।

- हार्दिक अभिवादन सहित धन्यवाद !!!
- जय संगठन !!!

**नौतम पोखरेल**
ईञ्चार्ज एवं अध्यक्ष
मधेश प्रदेश कार्य समिति
**नेपाल निजामती कर्मचारी संगठन**
धनुषाधाम, जनकपुर

मिति : वि.सं. २०७९ भाद्र २५ गते शनिबार।

होटल क्राउन प्लाजा, धनुषाधाम, जनकपुर।

## नेपाल निजामती कर्मचारी संगठन, मधेश प्रदेश कार्य समितिको

## प्रस्तावित वार्षिक कार्ययोजना, २०७९

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बैठक | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| २ | सदस्यता वितरण तथा नविकरण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ३ | कर्मचारी कल्याण कोष | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ४ | पेसागत संघसँग सम्बन्ध | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ५ | भेला, अन्तर्क्रिया, गुनासो सुनुवाई | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ६ | प्रशिक्षण (८ जिल्ला) | | | | | ✓ | ✓ | ✓ | | | | | | |
| ७ | प्रदेश मुखपत्र प्रकाशन (वार्षिक) | | | | | | | | | | | | | |
| ८ | सहिद स्मृति कार्यक्रम | | | | | | | | | | | | | |
| क) | हाजिरी जवाफ प्रतियोगिता | ✓ | | | | | | | | | ✓ | | | |
| ख) | अतिरिक्त क्रियाकलाप | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ग) | बनभोज कार्यक्रम | | | | | | | ✓ | ✓ | | | | | |
| घ) | लोक सेवा तयारी कक्षा प्रसार | ✓ | ✓ | ✓ | ✓ | | | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| ङ) | तीज कार्यक्रम | | ✓ | | | | | | | | | | | |
| च) | रक्तदान कार्यक्रम | ✓ | | | | | | | | | | | | |
| ९ | दिवस/उत्सव/समारोह | | | | | | | | | | | | | |
| क) | संगठन स्थापना दिवस | | | | | | | | | | ✓ | | | |
| ख) | ट्रेड यूनियन दर्ता दिवस | | | | | | ✓ | | | | | | | |
| ग) | निजामती सेवा दिवस | | ✓ | | | | | | | | | | | |
| घ) | मे दिवस | | | | | | | | | | | | | |
| ङ) | पेसागत महासंघ दिवस | ✓ | ✓ | | | | | | | | | | | |
| १० | केन्द्रीय उपहार कार्यक्रम | ✓ | ✓ | ✓ | | | | | | | | | | |

| सिं.नं | कार्यक्रम | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुन | चैत्र | वैशाख | जेष्ठ | आषाढ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सहकारी सदस्यता विस्तार | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १२ | आधिकारिक ट्रेड युनियन | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १३ | संगठन सुदृढीकरण, नागरिकसँग संगठन, भ्रष्टाचार विरोधी अभियान | | | | | | ✓ | ✓ | ✓ | | | | | |
| १४ | राष्ट्रसेवक सहकारी संस्था लि. (५ वटा जिल्लामा विस्तार तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन) | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १५ | नव प्रवेशीलाई आकर्षण | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १६ | आर्थिक अभिवृद्धि कार्यक्रम | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १७ | बक्यौता असूली अभियान | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १८ | मुस्कान सहितको सेवा प्रवाहको प्रत्याभूति गर्दै "आफैबाट नमस्कार" अभियान शुरु गर्ने | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | |
| १९ | विविध | | | | | | | | | | | | | |



प्रशिक्षक प्रशिक्षण कार्यक्रममा मायाको चिनो हस्तान्तरण




नेपाल निजामती कर्मचारी संगठन उपत्यका प्रदेश कार्य समितिको प्रथम अधिवेशन




नेपाल निजामती कर्मचारी संगठन मधेश प्रदेश कार्य समितिको प्रथम अधिवेशन

श्रम तथा रो.प्र.वि.द.नं. २१४/२०६४/०६५

''सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔं।''

"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान-
राजनीतिक अधिकार सहितको ट्रेड युनियन हाम्रो अभियान"

# नेपाल निजामती कर्मचारी संगठन

## Nepal Government Employees' Organization

केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं-२०४७

(पेसागत महासंघ नेपालसँग आबद्ध निजामती कर्मचारीहरूको राष्ट्रियस्तरको पहिलो ट्रेड युनियन)

# शुभकामना

वि.सं. २०७९ सालको बडादशैं, तिहार, दिपावली, नेपाल सम्बत ११४३ (नयाँवर्ष), छठ, ईद पर्व लगायत आसन्न राष्ट्रिय पर्वहरूको अवसरमा राष्ट्रसेवक कर्मचारी एवम् सम्पूर्ण महानुभावमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय **शुभकामना** व्यक्त गर्दछौं।

**जीवन काफ्ले**
महासचिव

**लेखनाथ कोइराला**
अध्यक्ष

एवम्

**केन्द्रीय कार्य समिति परिवार, बबरमहल, काठमाडौं**